# उजैनी का महिलाहरूको शैक्षिक अवस्था

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजीकशास्त्र संकाय अन्तर्गत समाजशास्त्र  विषयको
स्नातकोत्तर तहको उपाधिको आंशिक आवश्यकता परिपूर्तिको
लागि प्रस्तुत गरिएको शोधपत्र

प्रस्तुतकर्ता
ज्योति रिजाल
समाजशास्त्र/मानवशास्त्र केन्द्रिय विभाग कीर्तिपुर
त्रिभुवन विश्वविद्यालय, काठमाण्डौं

२०६९

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिकशास्त्र संकाय अर्न्तगत**

**समाजशास्त्र/मानवशास्त्र केन्द्रिय विभाग**

**कीर्तिपुर, काठमाण्डौं**

## सिफारिश पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत, समाजशास्त्र/ मानवशास्त्र केन्द्रिय विभागको स्नातकोत्तर उपाधिको आंशिक आवश्यकता पूरा गर्नको लागि श्री ज्योती रिजालले मेरो निर्देशन र सुपरिवेक्षणमा **"उजैनी का महिलाहरूको शैक्षिक अवस्था"** विषयको शोधपत्र तयार पार्नु भएको छ । म उहाँको कार्य प्रति सन्तुष्ट छु र प्रस्तुत यस शोधपत्रको अन्तिम मुल्याङ्कन र स्वीकृतिका निम्ति सिफारिश गर्दछु ।

............................

मधुसूदन सुवेदी

**शोधनिर्देशक**

समाजशास्त्र तथा मानवशास्त्र

केन्द्रिय विभाग कीर्तिपुर

मिति : २०६९-०६-२५

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिकशास्त्र संकाय अर्न्तगत**

**समाजशास्त्र/मानवशास्त्र केन्द्रिय विभाग**

**कीर्तिपुर, काठमाण्डौं**

## स्विकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय अर्न्तगत, समाजशास्त्र विषयको स्नातकोत्तर उपाधिको आंशिक आवश्यकता पूरा गर्नको लागी ज्योती रिजालद्धारा तयार पारिएको "**उजैनी का महिलाहरूको शैक्षिक अवस्था**" विषयको शोधपत्रलाई स्विकृत गरिएको छ ।

| **शोधमूल्यांकन समिति** | **हस्ताक्षर** |
|---|---|
| डा. ओम गुरुङ | ........................... |
| विभागीय प्रमुख | |
| मधुसूदन सुवेदी | ........................... |
| शोध निर्देशक | |
| डम्बर चेमजोङ्ग | ........................... |
| बाह्य निर्देशक | |

मिती : २०६९-०६-२५

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय अर्न्तगत समाजशास्त्र विषयको स्नातकोत्तर उपाधिको आंशिक आवश्यकता पूरा गर्न यो शोधपत्र तयार पारिएको हो । सर्वप्रथम यो शोधपत्र तयार गर्ने क्रममा महिलाहरूको शैक्षिक पक्षमा अध्ययन गर्ने अवसर दिएकोमा त्रिभुवन विश्वविद्यालय, समाजशास्त्र/मानवशास्त्र केन्द्रिय विभागका प्रमुख प्रा. डा. ओम गुरुङ ज्यू प्रति आभार व्यक्त गर्दछु ।

शोधपत्र तयार गर्ने क्रममा आवश्यक मार्गनिर्देशन, सल्लाह, सुझाव, सहयोग र अमुल्य समय दिनुहुने आदरणीय गुरु मधुसूदन सुवेदी ज्यू प्रति हृदय देखि नै कृतज्ञता व्यक्त गर्न चाहन्छु । त्यसै गरी यस शोधपत्र तयार गर्न प्रारम्भिक चरणमा सल्लाह, सुझाव प्रदान गर्नु हुने प्राध्यापक श्री मिली जोशि ज्यू र त्रिभुवन विश्वविद्यालय कीर्तिपूरमा अध्यापनरत सम्पूर्ण गुरुहरू प्रति पनि कृतज्ञता व्यक्त गर्न चाहन्छु । यस्तै मेरो जीवनको हरेक पाईलामा उत्साह र उर्जा प्रदान गरी मलाई यस अवस्थामा ल्याउने मेरो सम्पूर्ण परिवार र यो शोधपत्र तयार गर्न निरन्तर सल्लाह, सुझाव दिने विष्णु क्षेत्री, सुमन के.सि. तथा अन्य मेरा साथीहरू प्रति पनि कृतज्ञ छु ।

यस शोधपत्र तयार गर्ने क्रममा अध्ययन क्षेत्रको रुपमा छनौट गरिएको नवलपरासी जिल्ला, रामग्राम न.पा.वार्ड नं.७ उजैनी का दिदीबहिनीहरू लाई पनि धन्यबाद दिन चाहन्छु जसको सहयोग विना  यो शोधपत्र तयार गर्न संभव थिएन । यसै गरी यस शोधपत्र तयार गर्न मलाई कम्प्युटरमा सहयोग प्रदान गर्ने भाई गुरु पौडेल र मलाई आवश्यक पर्ने सन्र्दभ पाठ्यपुस्तक उपलब्ध गराएर सहयोग गर्नु हुने केन्द्रिय पुस्तकालय कीर्तिपूरका कर्मचारीहरू प्रति हृदय देखि धन्यबाद दिन चाहन्छु ।

**ज्योती रिजाल**

समाजशास्त्र/मानवशास्त्र केन्द्रिय विभाग

कीर्तिपुर, काठमाण्डौं

# विषयसूची

| | |
|---|---|
| सिफारिश-पत्र | **पृष्ठ** |
| स्विकृति-पत्र | |
| कृतज्ञता ज्ञापन | |
| तालिका सूची | |
| **अध्याय-एक** | |
| **परिचय** | |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ४ |
| १.३ अध्ययनको उद्देश्य | ५ |
| १.४ अध्ययनको महत्व | ५ |
| **अध्याय-दुई** | |
| **सन्दर्भ साहित्यको पुनरावलोकन** | ६ |
| **अध्याय-तीन** | |
| **अध्ययन पद्धति** | |
| ३.१ अध्ययन क्षेत्रको छनौट | १८ |
| ३.२ अध्ययनको ढाँचा | १८ |
| ३.३ समग्रता र नमुना छनोट | १८ |
| ३.४ तथ्यांकको प्रकृति र स्रोत | १९ |
| ३.५ तथ्यांक संकलनका विधि | १९ |
| ३.५.१ अन्तरवार्ता अनुसूची | २० |
| ३.५.२ अवलोकन | २० |
| ३.५.३ जानकार व्यक्तिसँगको अन्तरवार्ता | २० |
| ३.६ तथ्यांकको प्रस्तुती एवं विश्लेषण | २० |
| ३.७ अध्ययनको सीमा | २१ |

## अध्याय-चार

## अध्ययन क्षेत्रको भौगोलिक तथा सामाजिक अवस्था


४.१ अध्ययन क्षेत्रको परिचय २२

४.२ अध्ययन क्षेत्रको भैगोलिक अवस्था २२

४.३ लिङ्गको आधारमा जनसंख्याको विवरण २३

४.४ जातीगत अवस्थाको आधारमा जनसंख्या विवरण २४

४.५ उमेरको आधारमा जनसंख्याको विवरण २५

४.६ वैवाहिक अवस्थाको आधारमा जनसंख्याको विवरण २६

४.७ परिवारको प्रकारको आधारमा उत्तरदाताको विवरण २७

४.८ परिवार प्रमुखको आधारमा उत्तरदाताको विवरण २८

४.९ पेशागत अवस्थाको आधारमा जनसंख्या विवरण २८


## अध्याय-पाँच

## अध्ययन क्षेत्रमा महिलाको शैक्षिक अवस्था


५.१ उत्तरदाताको शैक्षिक अवस्था ३०

५.२ उत्तरदाताको परिवारको शैक्षिक अवस्था ३७

५.३ शैक्षिक संस्थाहरू ३९

५.४ पारीवारिक निर्णयमा उत्तरदाताको भुमिका ४१

५.५ उत्तरदाताको जमिनको माथीको स्वामित्व ४२

५.६ उत्तरदाताको व्यक्तिगत आम्दानी ४३


## अध्याय-छ

## महिला शिक्षालाई प्रभावित गर्ने प्रमुख जिम्मेवार तत्वहरू


१ चेतनाको अभाव ४५

२ कार्यबोझ ४७

३ पारीवारिक पृष्ठभूमी ४८

४ विवाह ५१

५ आर्थिक अवस्था ५३

६ समाजमा महिला शिक्षा प्रतिको धारणा ५४

७ उत्तरदाताको महिला शिक्षा प्रतिको धारणा ५५

८ भौगोलिक अवस्था ५७

९ शैक्षिक सुविधाको अभाव ५८

१० विद्यालय समय ५९

**अध्याय-सात**

**सारांस र निष्कर्ष**

१ सारांस ६०

२ निष्कर्ष ६४

**सन्दर्भ सामाग्री**

# तालिका सूची


| तालिका नं. | शिर्षक | पृष्ठ संख्या |
|---|---|---|
| ४.१ | लिङ्गको आधारमा उत्तरदाताको पारीवारिक विवरण | २३ |
| ४.२ | जातीगत आधारमा उत्तरदाताको विवरण | २४ |
| ४.३ | उमेरको आधारमा उत्तरदाताको विवरण | २५ |
| ४.४ | वैवाहिक अवस्था आधारमा उत्तरदाताको विवरण | २६ |
| ४.५ | परिवारको प्रकार आधारमा उत्तरदाताको विवरण | २७ |
| ४.६ | परिवार प्रमुखको आधारमा उत्तरदाताको जनसांख्यिक विवरण | २८ |
| ४.७ | पेशागत अवस्थाको आधारमा उत्तरदाताको विवरण | २९ |
| ५.१ | छनौटमा परेका उत्तरदाताहरूको शैक्षिक स्थिती | ३१ |
| ५.२ | शैक्षिक सहभागिताको किसिमका आधारमा उत्तरदाताहरूको विवरण | ३१ |
| ५.३ | जातीगत आधारमा उत्तरदाताहरू हाल अध्ययनरत भए नभएको विवरण | ३२ |
| ५.४ | जातीगत आधारमा छनौटमा परेका उत्तरदाताहरूको शैक्षिक स्थिती | ३४ |
| ५.५ | उमेरगत आधारमा छनौटमा परेका उत्तरदाताहरूको शैक्षिक स्थित | ३५ |
| ५.६ | वैवाहिक अवस्था आधारमा छनौटमा परेका उत्तरदाताहरूको शैक्षिक स्थिती | ३६ |
| ५.७ | छनौटमा परेका उत्तरदाताहरूको परिवारका सदस्यहरूको तहगत शैक्षिक अवस्था | ३७ |
| ५.८ | जातीगत आधारमा उत्तरदाताहरूको परिवारका महिला सदस्यहरूको शैक्षिक अवस्था | ३८ |
| ५.९ | जातीगत आधारमा उत्तरदाताहरूको परिवारका पुरुष सदस्यहरूको शैक्षिक अवस्था | ३९ |

| | | |
|---|---|---|
| ५.१० | अध्ययन क्षेत्रका विद्यालयगत शिक्षक तथा विद्यार्थी विवरण | ४० |
| ५.११ | पारीवारिक निर्णयमा महिलाको भुमिका | ४१ |
| ५.१२ | उत्तरदाता महिलाहरूको जग्गा जमिनको स्वामित्व भए नभएको विवरण | ४२ |
| ५.१३ | उत्तरदाता महिलाहरूको आफ्नो आम्दानी भए नभएका विवरण | ४४ |
| ६.१ | बाबुआमाको शैक्षिक अवस्था र अविवाहित उत्तरदाताहरूको शैक्षिक अवस्था | ४९ |
| ६.२ | श्रीमान्को शैक्षिक अवस्था र विवाहित उत्तरदाताहरूको शैक्षिक अवस्था | ५० |
| ६.३ | उत्तरदाताहरूका अनुसार विवाह गर्नुपर्ने उपयुक्त उमेर सम्वन्धि धारणा | ५२ |
| ६.४ | समाजमा महिला शिक्षा प्रतिको धारणा | ५४ |
| ६.६ | उत्तरदाताहरूको महिला शिक्षा प्रतिको धारणा | ५६ |

# अध्याय–एक

## परिचय

### १.१ अध्ययनको पृष्ठभूमि

शिक्षा सभ्य र विकसित मानव समाजको लागि एक अनिवार्य तत्व हो । शिक्षाले व्यक्ति, घर, समाज, गाँउ र राष्ट्रलाई प्रत्यक्ष रुपमा डोऱ्याएको हुन्छ । भनिन्छ शिक्षा व्यक्तित्व विकासको ढोका खोल्ने साँचो हो । शिक्षा द्वारा कुनै पनि व्यक्तिले सीप, क्षमता प्राप्त गर्न, विकास गर्न र आयआर्जन गर्न सक्छ, समाजलाई आवश्यक क्रियाकलापमा संलग्न भई सामाजिक प्रतिष्ठा कमाउन सक्छ । त्यस्तै शिक्षाले आत्मविश्वास बढाउन र आत्मसम्मान गर्न सघाउ पुऱ्याउन सक्दछ । शिक्षा कुनै पनि मानिसको आर्थिक, सामाजिक, मानसिक शक्तिको स्रोत हो (चित्रकार- २०६३) । नेपालको वि.स. २०६८ को राष्ट्रिय जनगणना अनुसार नेपालको कुल जनसंख्या २,६६,२०,८०९ मध्ये पुरुषको जनसंख्या १,२९,२७,४३१ र महिलाको जनसंख्या  १,३६,९३,३७८ रहेको छ । जनसंख्याको आधारमा हेर्दा आधा भन्दा बढी संख्या ओगटेका महिलाहरूको शैक्षिक अवस्था पुरुषको तुलनामा निकै नै न्युन देखिन्छ । हुनत तुलनात्मक रुपमा देशकै औसत साक्षरता दर ६०.९ प्रतिशत रहेको छ । जुन ज्यादै न्युन हो । त्यसै अनरुप पुरुषको साक्षरता ७२.२ प्रतिशत र महिलाको साक्षरता ५१.४ प्रतिशत मात्र रहको छ । शिक्षाको यति ठुलो महत्व भएर पनि यस तथ्यांक  अनुसार महिला र पुरुषमा पुरुषको तुलनामा महिलाको साक्षरतामा कमी देखिन्छ (CBS, AD 2011) ।

वर्तमान विश्वमा सामाजिक, सांस्कृतिक र राजनैतिक रुपमा परिवर्तन भएता पनि वास्तविक व्यवहारिक रुपमा सामाजिक विभेद अन्त्य भएको छैन् । देशको सम्पूर्ण जनसंख्याको आधा भन्दा बढी महिला पुरुषवादी सोच चिन्तन र पितृसत्तात्मक संस्कारबाट पिडित छन् । मानविय अस्तित्व र सामाज विकासका लागी समान भुमिका भएका महिला सामाजिक विभेदका कारण पछि पारिएका छन् (Luitel, AD 2008) । समाजमा महिलाहरूको भूमिका पुरुषको तुलनामा बढी नै रहेको हुन्छ । पुरुष विशेषतः उत्पादन तथा सामाजिक भूमिकामा संलग्न  रहेको हुन्छ भने महिलाको यी दुबै भूमिकाको अलावा जैविक रुपमा प्राप्त पुनरउत्पादन भूमिका समेत रहेको हुन्छ । परम्परागत रुपमै दिमागको काम पुरुषको मानिन्छ भने शारीरिक काम महिलाको मानिन्छ । महिलाको जीवन तथा समाजका विभिन्न क्षेत्रमा पुरुष वा पितृसत्ताको नियन्त्रण रहेको हुन्छ । जस्तो : (१) महिलाको उत्पादन तथा श्रम शक्ति (२) महिलाको प्रजनन् (३) महिलाको यौनिकता (४) महिलाको गतिशिलता

(५) सम्पत्ति तथा अन्य आर्थिक स्रोत साधनहरू (६) सामाजिक साँस्कृतिक तथा राजनितिक संस्थाहरू आदी । त्यसैगरी महिलाको जीवनका विभिन्न अवस्थाहरूमा पनि अनेक प्रकारका दमनहरू र भेदभावका विभिन्न स्वरुपहरू श्रृंखलाबद्ध रुपमा देख्न सकिन्छ (Bhasin AD 1993) ।

शिक्षामा लैङ्गिक समानता आजको आवश्यकता हो, जसको परिपूर्ति महिलालाई शैक्षिक क्षेत्रमा आवद्ध गराउन सके मात्र हुन सक्छ । महिला प्रतिको भेदभाव जन्य व्यवहारले शिक्षाको माध्यमबाट महिला चेतनाको अभिबृद्धिको विषय उपेक्षित बनेको छ । शिक्षामा सबैको पहुँच र सहभागिता नहुदा सामाजिक साँस्कृतिक भेदभाव, आर्थिक असक्षमता, लैङ्गिक विभेद जस्ता विसँगतीहरूको जन्म हुनुको साथै अवसरहरूमा पहुँच नहुने अवस्थाको सृजना हुने गर्दछ । समाजको आधा हिस्सा ओगटेका महिलालाइ विकासको मुल प्रवाहको निर्णय तहमा सहभागी नगराउन्जेल लैङ्गिक समानताले कदापी पुर्णता प्राप्त गर्न सक्दैन (बराल, २०६०) । लैङ्गिक समानता प्राप्त नभए सम्म सामाजिक सुधार पनि संभव छैन । त्यसैले लैङ्गिक समानताको माध्यमबाट सामाजिक सुधार गर्न शिक्षामा महिला र पुरुष दुबैको समान पहुँच हुनु आवश्यक छ ।

नेपाल सरकार शिक्षा मन्त्रालयले “सबैका लागि शिक्षा”, “जीवन पर्यन्त शिक्षा” जस्ता नारालाई वास्तविकतामा परिवर्तन गर्न र गुणात्मक वृद्धि गर्दै लैजाने उद्देश्यले आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम (दोस्रो चरण सन् १९९९-२००४) लागु गरेको थियो । यसले आधारभूत प्राथमिक शिक्षा परियोजना प्रथमका उपलब्धीहरूको समिक्षा गरेर आगामी कार्यक्रमहरूलाई ४० जिल्लाबाट बढाई ७५ वटै जिल्लामा पुऱ्याउने लक्ष्य अनुसार क्रमशः पहिलो बर्ष ४८ जिल्ला, दोस्रो बर्ष १२ जिल्ला र तेस्रो बर्ष बाँकी १५ जिल्लामा यो कार्यक्रम संचालन गरिएको थियो । समुदायमा शिक्षा प्रति जनचेतना जगाउने उद्देश्यले साक्षरता कार्यक्रम र निरक्षर जनसमुहलाई साक्षर गराउने उद्देश्यले साक्षरता कार्यक्रम संचालन रहेका छन् (शिक्षा मन्त्रालय, सन् २०००) ।

महिला साक्षरता बृद्धिका निम्ति सरकारी र गैरसरकारी दुवै क्षेत्रबाट विविध कार्यक्रमहरू संचालन गर्दै आईरहेका छन् । तर पनि यी कार्यक्रमहरूले प्रभावकारी सफलता हासिल गर्न सकिरहेका छैनन् । शहर देखि गाँउ गाँउ सम्म शिक्षाको अवसर प्रदान गर्ने लक्ष्य अनुरुप विविध खालका औपचारिक तथा अनौपचारिक शिक्षाको प्रचार प्रसार गर्दै आईरहेका छ तर पनि लक्ष्य अनुसारको उपलब्धी देखिदैन् । यसको मूल कारण भनेको अझै पनि अभिभावकहरू छोरीको शिक्षा प्रति जागरुक नहुनु हो । छोरी अर्काको घर जाने जात हो, उसको शिक्षा हामीलाई काम लाग्दैन

भन्ने सोच शिक्षित परिवारमा समेत रहेको छ
(उपाध्याय, २०६६) । हाम्रो सामाजिक परम्परा मुल्य मान्यता, संस्कार र अन्धविश्वासको कारणले गर्दा महिला शिक्षा धेरै पछि परेको छ । Rekha Wazir ले शिक्षाको परिभाषा दिएकी छिन् जसमा शिक्षाले महिलाको दक्षता अभिबृद्धि गरी श्रम बजारमा प्रतिस्पर्धा गर्न सक्ने तथा विकास प्रक्रियाको फाइदा प्राप्त गर्ने सम्बन्धमा केन्द्रिय भूमिका खेल्छ । त्यसैगरी शिक्षाले महिला मुक्तिका लागी उत्प्रेरकको काम गर्दछ (Wazir, AD 2000) ।

बर्तमान विश्वको परिवर्तित सन्दर्भमा विभिन्न पक्षमा आएको परिवर्तन सँगै शैक्षिक क्षेत्रमा आएको परिवर्तन र यसको महत्व बुझ्दै आएको पाईन्छ । नेपाली समाजमा भने सैद्धान्तिक रुपमा जस्तै व्यवहारिक रुपमा शैक्षिक प्रणालीमा अझै परिवर्तन आउन सकेको
छैन । भौगोलिक र जातिय रुपमा विविधता युक्त नेपाली समाजमा केहि शहरी क्षेत्र र जातजातीमा बाहेक ग्रामिण समाजमा अझै परम्परावादी सोचबाट ग्रसित नै छ । ग्रामीण भेगमा पारीवारिक आर्थिक स्थितीले पुरुष भन्दा महिलालाई विद्यालय पठाउनको लागी अभिभावकको चाहना कम हुन्छ । आर्थिक स्थिती कमजोर भएका परिवारमा थोरै भएपनि छोरालाई नै पढाउनु पर्छ, छोरी विद्यालय गएको भएता पनि धेरै भने छोरालाई पढाउने चाहना भएको पाईयो । जहाँ छोरी खेतिपाती र घरभित्रको काम गर्नुपर्ने भएकोले धेरै शिक्षा जरुरी छैन भन्ने धारणा रहेको पाइन्छ (Acharya & Bennet, AD 1981) ।

सामाजिक–सांस्कृतिक रुपमा महिलाहरू एउटा पारीवारिक दासको रुपमा रहेका छन् । एउटा नारी शिक्षित हुँदा समग्र समाज र परिवारको लागि प्रेरणदायी बनि राम्रो उत्पादन मुलक क्षेत्रमा लगानी गरी गरीबी निवारण गर्ने उल्लेख्य भुमिका खेलेको हुन्छ । एउटा शिक्षित महिला निरक्षर महिला भन्दा आफ्नो भविष्य, आफ्नो अधिकारको लागि सचेत हुने, आफ्नो केटाकेटीको भविष्यका लागि सचेत हुने भएकाले महिला साक्षरता हुनु अनिवार्य हुन्छ । समाजमा देखिएका व्यापक लैङ्गिक विभेदको अन्त्य गरी समानता मुलक समाज निर्माणका लागि महिला शिक्षाले महत्वपूर्ण भूमिका खेल्दछ, (Thapa, AD 2006) । त्यसकारणले सबै दुर्दशाबाट पार गराउन महिलाहरूलाई चेतनामा बृद्धि गराउनु पर्दछ । चेतना बृद्धि गराउने प्रमुख साधन शिक्षा नै हो । शिक्षा कै माध्यम बाट उनिहरूको जीवन स्तर माथी उठाउन सकिने हुनाले महिलाहरूलाई शिक्षित बनाइनु आजको आवश्यकता हो । यसैले महिलाहरूको शैक्षिक अवस्था के कस्तो छ ?

उनिहरूले शिक्षा प्राप्त गर्न पाउने अधिकारमा के कस्तो सामाजिक अवरोधहरू समाजमा विद्यमान छन् ? भन्ने विषयमा यो शोधकार्य केन्द्रित रहेको छ ।

### १.२ समस्याको कथन

हाम्रो सन्दर्भमा लैङ्गिक शक्तिसम्बन्ध पुरुष ठूलो हो, महिला सानी हो भन्ने मान्यतामा आधारित छ । त्यसै अनुसारका विचारधारा, मूल्यमान्यता, नितिनियम र व्यवहारले गर्दा धेरै महिलाहरूले विभिन्न शक्तिको स्रोतबाट वञ्चित हुनु परेको छ । महिलाको ऋणमा पहुँच कम छ । नीतिनिर्माण गर्ने ठाँउमा महिलाको पहुँच कम छ । साथै महिलालाई सामाजिक मानमर्यादा नै कम दिइन्छ (चित्रकार, २०६३) । सुरुदेखि नै छोरीको औपचारिक शिक्षालाई महत्व नदिने, घरको काम छोरीलाई मात्र जिम्मेवारी दिने चलन रहेको छ । शिक्षा दिए पनि महिलाको शिक्षामा कम खर्च गरिन्छ, सीप तथा तालिममा कम अवसर दिइन्छ । त्यस्तै सानै उमेरमा विवाह गरिदिने, महिनावारी हुँदा छुट्टै बस्नुपर्ने, बालिकाहरूका लागी विद्यालयको वातावरण सुरक्षित नहुने आदि पनि महिला शिक्षामा पछि पारिने कारणहरू हुन् । विशेष गरेर ग्रामीण क्षेत्रका विपन्नवर्गका छोरीहरू एकातिर पढ्ने अवसर नै कम पाउने गर्छन् भने अवसर पाएकाहरूले पनि बीचमै छाड्नुपर्ने बाध्यता धेरैलाई छ (चित्रकार, २०६३) ।

हुनत प्राथमिक र माध्यमिक तहमा छात्रा संलग्नता वृद्धि हुने क्रम केहि प्राप्तिको रुपमा लिन सकिएता पनि धेरै देशहरूमा अझै सम्म छात्राहरू विभिन्न परम्परागत विभेदको सामना गरिरहेका छन् । जस्तै सानो उमेरमा विवाह, गर्भावस्था, विद्यालय पहुँचको अभाव, अप्रयाप्त र लैङ्गिक विभेदयुक्त शिक्षण र शैक्षिक सामाग्रीका कारण अझै पनि विद्यालयहरूमा छात्रा संलग्नता कम छ । महिलाहरू गुणस्तरिय शिक्षा, विशेष गरी उच्च शिक्षा र विज्ञान र प्रविधि संग सम्बन्धित शिक्षा लिनको लागि निरन्तर बंचित भएका छन् (Luitel, AD 2008) । समाजमा महिलाहरूको नेतृत्व विकासको लागि बौद्धिक क्षमता, ज्ञान, अनुभव र सीपको आवश्यकता पर्दछ । शिक्षामा महिलाको उपस्थिति पुरुषको तुलनामा कम हुनु अथवा उनिहरूले कक्षा दोहोऱ्याउनु र कक्षा बिचमै छोड्नुमा उनिहरूको सामाजिक आर्थिक अवस्था, विद्यालयमा महिला शिक्षिकाको उपलब्धता, पारिवारको शैक्षिक पृष्ठभुमि, सरकारको महिला सहभागिता बढाउन सहयोग गर्ने खालका कार्यक्रमहरूको कमि, सामाजिक चेतनाको कमि आदी हुन् (CERID, AD 1994) ।

महिलाको अवस्थाको बारेमा समय समयमा विभिन्न अध्ययन अनुसन्धान गरिएता पनि खास गरी महिलाको शैक्षिक अवस्थाका बारेमा यस क्षेत्रमा कुनै पनि अध्ययन अनुसन्धान भएका छैनन् । त्यसकारणले गर्दा नवलपरासी जिल्ला रामग्राम न.पा. वडा नं. ७ उजैनीका महिलाहरूको शैक्षिक स्थितीको अध्ययन एवं विश्लेषण गरिएको छ । अध्ययन गर्ने क्रममा वडा नं.७ उजैनीका महिलाहरूको शैक्षिक स्थितीको सम्बन्धमा निम्न प्रश्नहरूमा केन्द्रित रही अनुसन्धान गरिएको छ ।

१ अध्ययन क्षेत्रका बसोवास गर्ने महिलाहरूको शैक्षिक अवस्था कस्तो छ ?

२ फरक जातीगत समुदायमा महिलाहरूको शैक्षिक अवस्थामा भिन्नता छ कि छैन ?

३ समाजमा महिलाहरूले पुरुष सरह समान शिक्षा पाएका छन् कि छैनन् ?

४ शिक्षा आर्जन गर्ने सवालमा समाजले छोरा र छोरीमा भेदभाव गरेको छ कि छैन ?

५ समाजमा विद्यमान महिलाहरूको शैक्षिक अवस्थामा प्रभाव पार्ने जिम्मेवार तत्वहरू के के हुन् ?

## १.३ अध्ययनको उद्देश्य

हरेक अनुसन्धानको उद्देश्य रहेको हुन्छ । यस अध्ययनको मुख्य उद्देश्य महिलाहरूको शैक्षिक स्थितीको बारेमा जानकारी प्रस्तुत गर्नु रहेको छ । यसर्थ यो उद्देश्य पूरा गर्नको लागि निम्न उद्देश्य राखिएको छ ।

१ अध्ययन क्षेत्रका महिलाहरूको शैक्षिक स्थिती बारे जानकारी लिनु ।

२ समाजमा विद्यमान महिलाहरूको शैक्षिक अवस्थामा प्रभाव पार्ने जिम्मेवार तत्वहरूको पहिचान गर्नु ।

## १.४ अध्ययनको महत्व

शिक्षा समाज विकासको आधार स्तम्भ हो । समाजमा यसको समानुपातिक विकास संभव छ । तर यसको समान वितरण हुन सकेको छैन । नेपालमा २००७ सालमा प्रजातन्त्रको स्थापना पछि अरु क्षेत्रको विकासको साथै महिला शिक्षाको विकासमा सकारात्मक असर पारेको पाइन्छ । यसरी महिला शिक्षा ले पनि विशेष महत्व पाएको कारणले हरेक क्षेत्रमा महिलालाई विशेष अवसर प्रदान

गरिएको पाइन्छ तर पनि पुरुषको तुलनामा महिला शिक्षामा विकास हुन सकेको छैन । शहरी क्षेत्रमा मात्र नहेरेर ग्रामिण क्षेत्रमा महिला शिक्षाको बारेमा चेतना जगाउनु पर्ने र महिला शिक्षाको अध्ययन अनुसन्धान गर्नु महत्वपूर्ण हुन आउछ ।

यस क्षेत्रमा गरिने महिला शिक्षा सम्बन्धी यो नै पहिलो अध्ययन हुने भएकाले यस बाट निस्कने निष्कर्षले अन्य अनुसन्धानकर्ता, विद्यार्थी, सरकारी योजनाकार, नितिनिर्माता, राजनितिज्ञ, सामाजिक कार्यकर्ता तथा लैङ्गिक विषयमा चासो राख्ने जो कोहीलाई पनि उपयोगी हुनेछ ।

# अध्याय – दुई

## सन्दर्भ साहित्यको पुनरावलोकन

शिक्षाको समाजमा कस्तो भुमिका हुने भन्ने सम्बन्धमा विभिन्न समाजशास्त्रीहरूले आ-आफ्नै किसिमको विचारधारा प्रस्तुत गरेका छन् । जसमा-

समाजशास्त्री Emile Durkheim ले शिक्षाको सम्बन्धमा प्रकार्यवादी दृष्टिकोणबाट हेरेका छन् । उनका अनुसार शिक्षाले समाजको मुल्य र मान्यतामा परिवर्तन ल्याउनको लागी मुख्य कार्य गर्दछ । विद्यालयमा सिकाइने नियमको आधारमा बच्चाले साधारण नियमहरूको पालना गर्दै उसले आफुलाई अनुशासनमा राख्ने बानीको विकास गर्नुको साथै विद्यालयका अन्य सदस्यहरू संग समेत घुलमिल हुदै जान्छ र जसले समाजमा समेत समाजका अन्य सदस्यहरू संग समाज कै नियम अनरुप घुलमिल हुन सिक्दछ । त्यसैगरी शिक्षाले व्यक्तिको क्षमता र सीपको विकास गराई उसको भविष्यमा पेशाको लागि महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । आजको जटिल औधोगिक समाजमा विशिष्टिकृत श्रमशक्ति उत्पादनका लागी शिक्षा अनिवार्य मानिन्छ । शिक्षाले विशिष्टिकृत श्रमशक्ति उत्पादन गरी अहिलेको आधुनिक समाजमा सामाजिक एकता कायम गर्नको लागी बलियो आधार तयार गर्दछ (Haralambos, AD 2011) ।

त्यसैगरी अर्का प्रकार्यवादी विचार राख्ने समाजशास्त्री Talcott Parsons ले पनि शिक्षाको समाजमा हुने भुमिकाको सम्बन्धमा आफ्नो विचार प्रस्तुत गरेका छन् । उनका अनुसार विद्यालयमा दिईने शिक्षाले परिवार र समाजलाई जोड्न बिचमा पुलको कार्य गर्दछ, जसले एउटा बच्चालाई उसको युवा अवस्थाको भुमिकाको लागी तयार गर्दछ । आधुनिक शिक्षा प्रणालीले प्रत्येक व्यक्तिलाई उसको भविष्यमा समाज प्रति कस्तो भुमिका रहने भन्ने कुरालाई जोड दिन्छ । परम्परागत समाजमा जन्मको आधारमा पेशा निर्धारण हुने परम्परा रहेता पनि हालको आधुनिक समाजमा जन्मको आधारमा पेशा छनौट गर्ने नभई औपचारिक शिक्षाको माध्यम द्धारा व्यक्तिलाई दक्ष बनाई उसको क्षमता अनरुप भविष्यमा कस्तो पेशा अपनाउने भन्ने विषयमा व्यक्तिगत रुपमा छनोटको अधिकार निर्धारण गर्दछ । औपचारिक शिक्षाले विद्यार्थीलाई जाँच तथा मुल्यांकन गरी विद्यार्थीको सीप, क्षमता र दक्षताको परिक्षण गरी आवश्यक र उपयुक्त रोजगार दिलाउने संयन्त्रको रुपमा कार्य गर्दछ (Haralambos, AD 2011) ।

महिलाहरूको विभिन्न पक्षहरूमा कुरा गर्न धेरै सिद्धान्त र वादहरूको जन्म भयो । वास्तवमा पुरुष दमन र शोषणको विरोध गर्दै महिलाले पनि पुरुष सरह अवसर उपभोग गर्न पाउनु पर्दछ भनि देखा परेको आन्दोलन वा दर्शन नै महिलावाद हो (Ritzer, AD 2000) । यिनै धेरै  महिलावाद अथवा नारीवादहरू मध्ये सन् १९६०को दशकमा देखा परेको महिला आन्दोलनलाई अगाडी बढाउन सहयोग गर्ने उदारवादी नारीवाद हो । लैङ्गिक असमानता सिद्धान्तको मुख्य उदाहरण उदार नारीवाद हो । यसको मुख्य जोड युक्ति सङ्गत नैतिक संस्थाका लागी महिलाहरूले मानविय क्षमतामा आधारित भएर पुरुष सँग समानताको दावी गर्नु पर्दछ भन्ने रहेको छ । यसका अनुसार लैङ्गिक विभेद, पितृसत्ता र श्रम विभाजन को लैङ्गिय ढाँचाको परिणाम हो र लैङ्गिक समानताको लागि श्रम विभाजनलाई हस्तान्तरण गर्दै कानुन, काम, परिवार, शिक्षा र संचार जस्ता मुख्य संस्थाहरूलाई पुर्नसंरचना गर्नुपर्दछ (Ritzer,  AD 2000) ।

लैङ्गिक असमानताका तत्वहरू लैङ्गिकको सामाजिक रचना, लैङ्गिक श्रम विभाजन, सार्वजनिक र निजि क्षेत्रका मुल्य र व्यवहार र पितृसत्तात्मक विचारधारा रहेका छन् । महिलाहरूलाई निजी क्षेत्रको उत्तरदायित्व वहन गर्ने जिम्मेवारी प्रदान गरिन्छ भने पुरुषहरूलाई सार्वजनिक क्षेत्रको काममा महत्व दिईन्छ । उदार महिलावादीहरू सार्वजनिक क्षेत्रको काममा वास्तविक सम्मान हुने र पैसा, शक्ति, स्तर, स्वतन्त्रता, प्रगतिका अवसरहरू र आत्मसन्तुष्टि पनि हुने उल्लेख गर्दछन् । यसरी सम्मानपूर्ण सार्वजनिक पेशाहरूबाट महिलाहरूलाई अलग गरिएको लैङ्गिक असमानताको स्थिती सृजना भएको उदार नारीवादको तर्क छ । उदार नारीवादले महिला र पुरुष दुवैलाई आफ्नो जीवनशैलि छनौट गर्ने अवसर हुनुपर्ने र यसलाई दुवैले स्विकार र सम्मान गर्नुपर्ने धारणा राखेको छ (Ritzer, AD 2000) ।

उदारवादी महिलावादका अनुसार हरेक मानविय प्राणी बराबरी रुपमा बुद्धिमान हुन्छन् । यिनीहरूलाई समान अवसर दिएको खण्डमा महिलाले पनि पुरुष सरह समान उपलब्धि हासिल गर्दछन् । असमानता मुलुक र समाज कसैलाई पनि लाभदायी नहुने भएकाले सामाजिक संरचना, आर्थिक र राजनैतिक संरचना क्रमिक रुपमा परिवर्तन
हुनुपर्दछ । महिला र पुरुष बीचको असमानता मुलक श्रमविभाजनले महिलाहरू पिडित
छन् । धेरै जसो महिला असमानता र विभेदको प्रमुख कारण नै लैङ्गिक विभेद हो जसले सामाजिक संरचना र सामाजिक संस्थामा संकट ल्याएको छ । महिला पुरुष दुवैलाई समान अवसर दिएमा दुवै बराबर हुन्छन् भन्ने मान्यता राख्ने नारीवादीले सामाजिक समानताका लागि क्रान्तिको आवश्यकता

भन्दा पनि वर्तमान समाजलाई प्रजातान्त्रिक तरिकाबाट सुधार गर्नु पर्दछ भन्ने धारणा राख्दछन् । वर्तमान समयमा देखिएको लैङ्गिक असमानताले महिलाका लागी प्रत्यक्ष प्रभाव पारेको छ । यसरी महिला उदारवादको प्रमुख उद्देश्य लैङ्गिक विभेदको अन्त्य गरी लैङ्गिक समानता ल्याउनु हो (Luitel , AD 2008 ) ।

खास गरी हालको अवस्थामा महिला शिक्षाको विकास महिलाहरूले गरेको आन्दोलनको उपजको रुप पनि मा लिन सकिन्छ । यसै अनरुप शिक्षा सम्बन्धि सर्वप्रथम आवाज उठाउने बेलायती महिला Marry Woolstonecraft लाई लिन सकिन्छ । उनको वौद्धिक जागरण युगमा प्रकासित भएको पुस्तक "A Vindication of the Rights of Women 1972" ले महिलाहरूको अधिकारको बारेमा वकालत गरेको थियो । उक्त पुस्तकमा महिलाहरूको पुरुषहरूलाई खुसी पार्ने साधन मात्र हुन् भन्ने सामाजिक मान्यतालाई प्रहार गरी लेखिएको थियो । त्यसै गरी औधोगिक क्रान्तिले गर्दा ल्याएको बृहद परिवर्तनहरूले महिलाहरू आन्दोलन तिब्रताका साथ युरोप र अमेरीकामा विकसित र विस्तारीत हुने अवसर प्रदान गऱ्यो । जसले गर्दा महिलाहरूलाई अधिनस्थ भएर आर्थिक रुपमा आश्रीत भएर बस्नाको कारण शिक्षा, राजनिति र सामाजिक अवसरहरूमा पहुँच नपुगेर हो भन्ने कुरालाई छर्लङ्ग पारिदियो । महिला उत्थानका लागि विभिन्न खालका संगठनहरू स्थापना हुन पुगि कार्य संचालन गर्न थाले (Luitel , 2063 ) ।

यस्तो चेतनाको अभिबृद्धिले उन्नाइसौं शताब्दीमा महिलाहरू उत्पिडित आन्दोलनका साथै दासत्व उन्मुलनको आन्दोलन भयो र सन् १८४८ मा पहिलो पटक लन्डनमा महिलाहरूका लागी मात्र भनेर "Queen College" र सन् १८४९ मा "Bedford College" को स्थापना गरियो । त्यसै समयमा महिलाहरूका अधिकार लागि Davis र Langham समुहका महिलाहरूले अन्य बाटाहरू समेत खोज्न थाले । सन् १८६२ मा Davis ले एउटा समिती गठन गरिन् जसमा उनले विश्वविद्यालयको स्थानीय परीक्षामा महिलालाई पनि सहभागिता गराउनु पर्नेमा जोड दिइन तर आंशिक मात्र सफलता भयो । यसको एक बर्ष पछि उनले "The Higher Education of Women" भन्ने पुस्तक प्रकासन गरिन् । Davis र Leighsmith ले सन् १८७३ मा Griton College, Cambridge को स्थापना गरे, जसको उद्देश्य महिलाहरूका लागि उच्च शिक्षा दिनु थियो र ५ जना मात्र महिला विद्यार्थी रहेका थिए । त्यसै गरी महिलालाई अझै शिक्षित गराउने उद्देश्य अनरुप Lady Margaret Hall ले समेत सन् १८७९ मा Oxford College को स्थापना गरिन् (Wikipedia, the free encyclopedia) .

शिक्षा क्षेत्रको साथ साथै महिलाहरूले अन्य अधिकारका लागि समेत संस्थागत रुपमा आन्दोलन गरे, फलस्वरुप अमेरीका, बेलायत लगायत अन्य पश्चिमेली र युरोपियन राष्ट्रहरूका महिलाहरूले १९ औं शताब्दीको शुरु मै मताधिकारको अधिकार, सम्पत्तिमा अधिकार, रोजगारी को अधिकार र आफ्नो आयमा नियन्त्रण गर्न पाउने अधिकार प्राप्त गरे । त्यसैगरी महिलाको पक्षमा Betty Friedan ले सन् १९६३ मा “The Femine Mystique” नामक पुस्तक प्रकाशन गरिन । उक्त पुस्तकमा महिलाहरूलाई केवल घर भित्र राखिरहने मान्यताले महिलाहरूले केहि गर्न नसकेको हो, त्यसकारण महिला केवल घर भित्र मात्र नभई घर बाहिर आउनै पर्दछ भन्ने मान्यताबाट उक्त पुस्तकको रहेको थियो । उक्त पुस्तकको मान्यतालाई धेरै महिलाहरूले साथ दिए फलस्वरुप Friedan को अध्यक्षतामा Washingon DC मा National Organization for Women (NOW) सन् १९६६ मा स्थापना गरियो । यसको प्रमुख काम महिलामा सचेतना ल्याउनु का साथ साथै पुरुष र महिला दुबैले समान अवसर पाउनु पर्दछ भन्ने रहेको थियो । यसको दुई बर्ष पछि WEAL (Women’s Equity Action League) नामक संस्था स्थापना गरियो (Luitel–2063) । यस पछि पनि अन्य धेरै महिलाहरूले थुप्रै संस्था मार्फत महिलाको अधिकारको लागी आवाज उठाएको पाइन्छ । यस प्रकार महिलाहरूले गरेको आन्दोलनले बिस्तारै बिस्तारै मूर्त रुप लिदै अहिलेको अवस्थामा आईपुगेको हो र अझै पनि आफ्ना अधिकारको लागि मागहरू राखिरहेका छन् (Luitel , 2063 ) ।

यसै गरी सन् १९७५मा मेक्सिको सिटिमा अर्न्तराष्ट्रिय महिला सम्मेलन भयो । यसै गरी सन् १९७५ लाई अन्तराष्ट्रिय नारी वर्षको रुपमा मनाउने निर्णय संयुक्त राष्ट्र संघले गऱ्यो । सन् १९७५ देखि १९८५ को दशकलाई महिला दशक भनेर संयुक्त राष्ट्र संघले घोषणा गऱ्यो । त्यसै गरी सन् १९८० मा डेनर्माकको राजधानी कोपनहेगनमा दोश्रो विश्व महिला सम्मेलन सम्पन्न भएको थियो । यो सम्मेलनको मुख्य गरी महिलाको लागि शिक्षा र स्वास्थ्य थियो । सन् १९८५ मा केन्याको राजधानी नैरोवीमा तेश्रो विश्व महिला सम्मेलन आयोजना सम्पन्न भएको थियो । यस सम्मेलनले सन् २००० सम्ममा निरक्षरता उन्मुलन गर्ने महिलाको औषत आयु ६५ वर्ष सम्म वृद्धि गर्ने र महिलाहरूलाई आत्मनिर्भर हुने खालका रोजगारका अवसर सृजना गर्ने निर्णय गरेको थियो । सन् १९९५को सेप्टेम्बर ४ देखि १५ सम्म चीनको राजधानी वेइजिङ्गमा २०औं शताब्दीको सबै भन्दा ठूलो विश्व महिला सम्मेलन भयो । यस सम्मेलनमा महिलाका हक हित सम्बन्धि विभिन्न निर्णयहरू गरेको थियो (Wikipedia, the free encyclopedia) ।

यसै सिलसिलामा शैक्षिक क्षेत्रमा भएको लैङ्गिक विभेद र शिक्षामा महिलाको पूर्ण सहभागिता हुन नसकेको कुरालाई दृष्टिगत गरि सन् १९९० मा थाइल्याण्डको जोमटिनमा विश्व सम्मेलन संचालन भएको थियो, जसले “सबैका लागि  शिक्षा” भन्ने नारा तय गरेको थियो भने सन् २००० मा सेनेगलको राजधानी डकारमा भएको विश्व सम्मेलनले पनि यसै नारालाई प्राथमिकताका साथ अगाडी ल्याउदै सन् २०१५ सम्ममा शिक्षामा लैङ्गिक समानता हासिल गर्ने उद्देश्य राखेको पाइन्छ । नेपालले पनि जोमटिन घोषणापत्र अनुसार सन् २००० मा सबैका लागि शिक्षा अभियानमा प्रतिबद्यता जाहेर गरिसकेको छ (युनेस्को, सन् २००२) ।

महिला शिक्षाको अवस्था विश्वव्यापी रुपमा कमजोर देखिनुमा घरायसी विभेद मात्र नभएर घर बाहिर विद्यालयमा हुने विभिन्न खाले असमानताका कारण पनि महिला शिक्षा तुलनात्मक रुपमा कम देखिएको छ, नेपाल मानव विकास प्रतिवेदन २००६ मा उल्लेख भए अनुसार सव-सहारा, बंगलादेश र युगान्डामा गरिएको अध्ययनबाट विद्यालयमा छात्रा विद्यार्थीहरूका लागि छुट्टै गोप्य शौचालय र सरसफाई गर्ने ठाँउको अभावमा छात्रा विद्यार्थीहरूको बढ्दो उमेर सँगै विद्यालय छोड्ने दर वृद्धि भएको र त्यस समस्याको समाधानको लागि छुट्टै शौचालय र सरसफाईको व्यवस्था भैसकेपछि भने छात्रा विद्यार्थीको कक्षा छोड्ने दर घट्दै गएको देखिन्छ (UNDP, AD 2006) । महिलाहरूले विश्व निरक्षर जनसंख्याको अधिकांश भाग ओगटि रहेका छन् । विश्व परिवेशमा हेर्दा महिलाहरूको निरक्षर संख्या ६४ % छ । जसमा सन् १९९० देखि परिवर्तन हुन सकेको छैन । अर्न्तराष्ट्रिय रुपमा हेर्दा १०० जना साक्षर प्रौढ पुरुषहरूको तुलनामा जम्मा ८८ % प्रौढ महिलाहरू साक्षर
छन् । सापेक्षित रुपमा कम लैङ्गिक समानता भएका क्षेत्रहरूमा दक्षिण र पश्चिम एसिया, अरव मुलुकहरू र अफ्रिकि उपमहाद्विप पर्दछन् । त्यस्तै कम आय भएका देशमा यो संख्या अझ न्युन छ । उदाहरणका रुपमा वंगलादेशमा १०० पुरुषमा ६२ महिला र पाकिस्तानमा  १०० पुरुषमा ५७ महिला मात्र साक्षर छन् (युनेस्को, सन् २००६) ।

विश्वव्यापी विद्यालय पहुँचको अवस्थालाई हेर्दा विश्वमा विद्यालय बाहिर रहेका बालबालिकाहरू मध्ये ३८ प्रतिशत एसिया प्रशान्त क्षेत्रमा रहेका छन् । विश्वका ७ करोड २० लाख विद्यालय बाहिर रहेका बालबालिकाहरू मध्ये ५९ प्रतिशत बालिकाहरू छन् । ७५ करोड ७० लाख निरक्षर प्रौढहरू मध्ये दुई तिहाई एसिया  र प्रशान्त क्षेत्रमा बस्दछन् । एसिया र प्रशान्त क्षेत्रका निरक्षर प्रौढहरू मध्ये दुई तिहाई महिला छन् । यि महिला निरक्षरताको दर प्रशान्त क्षेत्रमा ५५

प्रतिशत, दक्षिण र पश्चिम एसियामा ६३ प्रतिशत, मध्य एसियामा ६८ प्रतिशत छन् भने पूर्वि एसियामा यो दर ७१ प्रतिशत रहेको छ (युनेस्को , सन् २००९) ।

बेनिन प्राथमिक भर्नामा विश्वका सबैभन्दा तेज हिडिरहेका देशहरू मध्ये एक रहेको छ जसको खुद भर्ना अनुपात सन् १९९९ मा ५० % बाट बृद्धि भएर सन् २००७ मा ८० % पुगेको छ । लैङ्गिक असमानता पनि घटेको छ, सन् १९९९ मा १०० जना बालकहरूमा ६७ जना बालिकाहरू भएकोमा सन् २००७ मा ८३ बालिकाहरू रहेका छन् । अफगानिस्तानमा विद्यालयमा प्रति १०० बालकहरूमा ६३ बालिकाहरू मात्र छन् । त्यसै गरी विश्व प्रौढ जनसंख्याको करिव ७५ करोड ९० लाख प्रौढहरू आज साक्षरता सीपबाट वंचित छन् । त्यस मध्ये दुई तिहाई महिलाहरू रहेका छन यसका विपरित, अल्पसंख्याका केहि विकासशील देशहरूमा बालिकाहरूको भर्ना बालकहरूको भन्दा बढी भएको छ । केहि अवस्थामा यो यस कारणले कि बालकहरूको श्रमको माग बालिकाहरूको भन्दा बढी
रहन्छ । उदाहरणका लागि, लेसोथोका उच्च भू-भागका गरिव ग्रामीण परिवारहरू अक्सर गाईवस्तु चराउनका लागि बालकहरूमा भर पर्दछन्, एउटा चलन जसले गर्दा कक्षा ३ पछि बढीले विद्यालय छाड्ने गर्दछन् (युनेस्को, सन् २०१०) ।

विश्वका सबैभन्दा बढी लैङ्गिक असमानता भएका केहि देशहरू मध्ये पश्चिम अफ्रिकाका कैयौं देशहरूले विश्वव्यापी प्राथमिक शिक्षा प्राप्त गर्ने बृहद नीतिहरू भित्र लैङ्गिक समानता सुदृढ गर्न लक्षित नीतिहरू अंगीकार गरेका छन् । यी उपलब्धिहरूका पछाडी रहेका नीतिहरूमा, समाजमा बालिकाहरू र महिलाको स्थान बारेको दृष्टिकोणमा परिवर्तन, विद्यालय सहभागिताका लागि आर्थिक पुरस्कारको व्यवस्था, विद्यालयमा पानी र जनस्वास्थ्यको व्यवस्था, महिला शिक्षकहरूको नियुक्ति तथा उनिहरूको ग्रामीण इलाकाहरूमा पदस्थापनमा बृद्धि र शिक्षकहरूलाइ व्यवस्था रहेका छन् । दूर दराजका ग्रामीण क्षेत्रहरूमा, जहाँ अक्सर विद्यालय दूरी बालिकाहरूको आमाबुवाहरूका लागि सुरक्षाको प्रमुख चिन्ताको विषय रहन्छ, सरकारले अक्सर समुह विद्यालयको निर्माण गरेर कक्षाकोठाहरूलाई समुदायको नजिक ल्याउने प्रयास गरीरहेका छन् (युनेस्को, सन् २०१०) ।

त्यसैगरी अफ्रिकाका केहि भागहरूमा खास गरी सवसराहान क्षेत्रमा र सेन्ट्रल एसियामा महिलाको शिक्षामा पहुँच कम देखिन्छ । विश्वमा करिव १० करोड केटाकेटी मध्ये ६ करोड बालिकाहरू प्राथमिक शिक्षाको अवसरबाट बंन्चित छन् । विश्वका ९६ करोड बालिकाहरू निरक्षर

वयस्क मध्ये दुई तिहाई महिलाहरू रहेका छन् । यस्ता निरक्षर महिलाको समुहलाई साक्षर नबनाए सम्म विश्वमा प्रगति संभव छैन् (ओझा -२०६७) ।

त्यसैगरी भारतमा पनि महिलाहरूको स्थिती सबै क्षेत्रमा पछाडी नै छन् । विभिन्न मुलुकहरूमा देखिएको आन्दोलनको प्रभावले भारतका महिलाहरूको स्थितीमा केहि सुधारहरू आएको देख्न सकिन्छ । महिलालाई शैक्षिक क्षेत्रमा सहभागी गराई दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्यले भारत सरकार तथा स्वसंगठनहरूले प्राथमिक, माध्यमिक तथा उच्च शिक्षाको कक्षाहरू समेत संचालन गरिरहेका छन् । त्यसै अनरुप भारतमा सन् १९८१मा पुरुषको साक्षरता ५६.३६ % र महिलाको साक्षरता २९.७५ % रहेकोमा सन् २००१ सम्ममा पुरुषको साक्षरता ७८.८५ % छ भने महिलाको साक्षरता ५४.१६ % रहेको छ । यसर्थ भारतमा पनि पुरुष को तुलनामा महिलाको साक्षरता स्थिती न्युन नै रहेको छ । भारतमा पनि महिलाको साक्षरता न्युन हुनुमा मुख्य गरेर सामाजिक आर्थिक, ग्रामीण गरीवी तथा शहरीकरण कारक तत्वको रुपमा रहेको अध्ययनले देखाएको छ (N and Dhas, AD 2010) ।

यसरी अर्न्तराष्ट्रिय जगतमा महिला शिक्षाको विकास तिब्र रुपमा हुदै गयो । नेपालमा महिला शिक्षा कहिले देखि शुरु भयो भन्ने बारेमा यकिन साथ भन्न नसके पनि प्राचिनकाल देखि नै औपचारिक शिक्षाको शुरुवात भएकों पाइन्छ । लिच्छवीकाल देखि मल्लकाल सम्म आइपुग्दा राजदरवारमा महिला शिक्षाको विकास भएको पाइन्छ । राजदरवारमा महिला विदुषि भएको उदाहरण पाउन सकिन्छ । नेपालमा महिला शिक्षाको औपचारिक शुरुवात राणा प्रधानमन्त्री वीर शम्शेरको पालामा भारतबाट आएकी गंगावाईले ठमेलमा "आधारभूत प्राथमिक शिक्षा" शुरु गरे पछि भएको थियो । वि.स. १९८० मा प्रधानमन्त्री चन्द्रशमशेरले काठमाण्डौंको ढोका टोलमा कन्या पाठशालाको स्थापना गरी महिलाहरूलाई विद्यालय शिक्षा दिन सरलता मिलेता पनि सर्वसाधारण महिलाको पहुँच भने हुन सकेन । यसै गरी वि.स. १९९०मा चन्द्रकान्ता मल्लले विद्यालयको स्थापना गरिन् । वि.स. २००२ सालमा कामक्षा देवीले सहशिक्षा खोली शिक्षिकाको रुपमा काम गर्न थालिन् । वि.स. १९७५ मा स्थापना भएको त्रिचन्द्र कलेजमा महिलाको लागि बन्देज नलगाएता पनि वि.स. २००४ सालमा मात्र ४ जना महिला भर्ना भएको देखिन्छ । यही वर्षमा पदम शमशेरले पनि काठमाण्डौंमा कन्या विद्यालय खोलेका थिए । (भट्टराई -२०५२)

नेपालको परिप्रेक्षमा हेर्ने हो भने २००७ सालको प्रजातन्त्र पूर्व महिलाको शैक्षिक गतिविधिमा खासै उल्लेख प्रगति नभएको भए पनि २००७ साल पश्चात शैक्षिक क्षेत्रमा थुप्रै प्रगतिका प्रयासहरू

भइरहेका छन् । नेपालमा प्रजातन्त्रको बहाली पश्चात थुप्रै औपचारिक तथा अनौपचारिक शिक्षण संस्थाहरू खुलेका छन् । सन् १९५२ मा धन देवीको सक्रियतामा आर्यशास्त्री समाजको स्थापना भएको थियो । उच्च शिक्षाको निमित्त वि.स. २०१० मा पद्मकन्या क्याम्पसको स्थापना भएको थियो । यद्यपी अन्य क्याम्पस तथा स्कुलहरूमा त्यसपूर्व नै महिलाको सहभागिता नभएको भने होइन । विभिन्न मितिमा राष्ट्रिय तथा  अर्न्तराष्ट्रिय सभा सम्मेलनहरू पारित प्रस्तावनाहरूलाई पूरा गर्ने र देशको शैक्षिक अवस्था गुणात्मक सुधार गर्दै लैजाने उद्देश्यले राष्ट्रिय शिक्षा योजना २०११, सर्वाङ्गिण राष्ट्रिय शिक्षा पद्धती योजना २०२८, आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम २०४५, राष्ट्रिय शिक्षा आयोग २०४९, उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५ जस्ता कदमहरू शिक्षा क्षेत्रमा चालिएका छन् । त्यसैगरी राष्ट्रिय योजना आयोग अर्न्तगत २०५० मा महिला शाखाको स्थापना भइसकेको छ (अर्याल -२०५९) ।

हुनत शिक्षाको सुविधालाई व्यापक गर्ने तथा सबैले न्युनतम शिक्षा हासिल गर्न पाउनु पर्छ भन्ने नीति व्यापक रुपमा प्रचारमा आएको करीव तीन दशक मात्र भएको छ । यही तीन दशकमै विश्वभर साधारण शिक्षालाई प्रजातान्त्रीकरण गर्ने तर्फ ठूलो प्रयास
भयो । केहि ठूलाठालुका छोराछोरीको ठेक्काको रुपमा रहेको शिक्षा सुविधा आज विश्वका सबैजसो देशमा सबैको लागि सुविधाको रुपमा रहन गएको छ । विकसित देशहरूमा अघि देखि नै राम्रो पूर्वाधार तयार भै सकेको हुनाले विद्यालय तहको शिक्षामा ठूलो विस्तार भयो । तर, उपलब्ध गराइएका यी सुविधाहरू महिला विद्यार्थीबाट समान रुपले उपयोग भएको देखिन्न । छात्राहरूले किन उपलब्ध अवसरको उपभोग गर्न सकेनन् भन्ने प्रश्नको जवाफ सजिलो छैन् । सामाजिक परम्परा तथा चलन, आर्थिक स्थिती, औपचारिक शिक्षा प्रति सामाजिक दृष्टिकोण, धार्मिक विश्वास, राष्ट्रिय शिक्षाप्रति राजनैतिक नीति- यी सबै कुराले छोरीहरूलाई औपचारिक शिक्षामा सम्मिलित गर्ने बावुआमाको धारणालाई प्रत्यक्ष असर पारेको देखिन्छ (श्रेष्ठ- २०३५) ।

नेपालमा महिलाको शैक्षिक स्थितीको अवस्था हेर्दा जति नेपालीहरूको शिक्षामा पहुँच छ त्यति नै बढी दरमा शिक्षामा महिलाको अत्यन्तै कम पहुँच रहेको देखिन्छ । नेपाली समाजमा महिला शिक्षामा कमी हुनुको कारण गरीवी, परम्परागत अन्धविश्वास र रुढिवादी संस्कार पनि जिम्मेवार तत्वको रुपमा रहेको छ । नेपाली महिलाहरू घरायसी काम र कृषि सम्बन्धि काममा नै बढी समय बिताउने भएकोले शिक्षा र ज्ञान बटुल्ने कार्यमा पछि परेका देखिन्छन् । त्यसैगरी छोरीलाई अर्काको घर जाने जात भनेर शिक्षा क्षेत्रबाट पछाडी पारिन्छ । शिक्षाको अभावमा नेपाली महिलाहरू आत्म

निर्भर हुन सकेका छैनन् । नेपाली महिलाहरू अज्ञानताको कारण हीनतावोधको शिकार भएका छन् । यो अवस्थाबाट मुक्ति पाउन र देश विकासको काममा महिला सहभागिता बढाउन महिला शिक्षामा जोड दिनु टड्कारो आवश्यकता छ (Bhushal, Not dated) । विशेष गरी रोजगार मूलक र व्यवसायिक शिक्षा दिनु आवश्यक छ । महिलालाई पुनरउत्पादक कार्यमा मात्र सीमित नराखि उत्पादक कार्यमा पनि संलग्न गराउनु आजको आवश्यकता हो ।

नेपालमा पनि महिलाको शैक्षिक अवस्थालाई हेर्दा विगतको तुलनामा केहि हद सम्म सुधारको स्थिती पाउन सकिन्छ । सन् २००१ को जनगणनाको तथ्यांकमा पुरुषको साक्षरता ६५.१ प्रतिशत र महिलाको साक्षरता ४२.५ प्रतिशत रहेकोमा सन् २०११ सम्ममा आईपुग्दा पुरुषको साक्षरता ७२.२ प्रतिशत र महिलाको साक्षरता ५१.४ प्रतिशत पुगेको छ । नेपालमा सन् २०११ को जनगणना सम्म आइपुग्दा महिलाको पहुँच शिक्षामा क्रमिक रुपमा बढेको देखिन्छ । तर पनि लैङ्गिक विभेदको अवस्था कायमै छ । यस प्रकार शिक्षा क्षेत्रमा ठूलो धनराशी लगानी भैरहेको भनिए पनि आवश्यक सफलता हासिल हुन सकेको छैन ।

समग्र समाज परिवारको समानुपातिक र दीगो विकासका लागि पहिला शिक्षा अनिवार्य मानिन्छ । तर नेपालको सन्दर्भमा भने शैक्षिक क्षेत्रका महिलाको साक्षरतादर पुरुषको तुलनामा न्युन रहेको पाईन्छ । जहाँ ५४ प्रतिशत भन्दा कम मात्रामा प्रा.वि. स्तरमा रहेका छात्रा मध्ये ४० प्रतिशतले पढ्न छाडी सकेका छन् भने मा.वि. तहमा ३० र उच्च शिक्षामा १५ प्रतिशत भन्दा कम मात्रामा अध्ययनरत रहेको पाईन्छ (युनस्को सन् २००६) ।

सेरिडले सन् १९९० मा सुविधाविहिन वर्गको शैक्षिक अवस्थाको अध्ययन गर्दा उक्त अध्ययनमा नेपालमा शिक्षाको स्थिति धेरै नै पछाडी रहेको देखाएको छ । उक्त प्रतिवेदनमा नेपालमा साक्षरता दर कम हुनाको कारण सामाजिक सांस्कृतिक मान्यता, गरीवी, महिलाको शिक्षा प्रति नकारात्मक सोच, स्कुलमा समेत भाषागत समस्या र शिक्षकको विद्यार्थी प्रतिको व्यवहारले शिक्षामा नकारात्मक प्रभाव देखाएको छ । त्यसैगरी उक्त अध्ययनले माथिल्लो स्तरका परिवारमा छोरीको शिक्षाको सम्बन्धमा गरिव परिवारको छोराको भन्दा अगाडी रहेको देखाएको छ (CERID, AD 1990) ।

महिलाको शैक्षिक अवस्थामा क्रमशः सुधार आइरहेको यर्थाथता हुदा हुदै पनि शिक्षामा लैङ्गिक दृष्टिकोणबाट समानता प्राप्त हुन सकेको छैन । यसै तथ्यलाई मनन गरी नेपालको

दीर्घकालीन राष्ट्रिय योजनाको अवधारणामा लैङ्गिक समानतालाई सुनिश्चित गर्न तथा महिला, दलित, अपाङ्ग र पिछडिएका वर्गको अवस्थालाई ध्यानमा राखी गुणस्तरीय शिक्षामा उनिहरूको पहुँच बढाउन विशेष कार्यक्रम संचालन गर्ने लक्ष्य लिएको छ । दशौं योजनामा महिलाको शिक्षा सम्बन्धि निम्न लिखित उद्देश्य राखिएको छ -

१ साक्षरता, साक्षरोत्तर, आयमूलक र जीवनोपयोगी औपचारिक शिक्षा कार्यक्रम संचालन गरी विशेषतः पिछडिएका समुदाय तथा महिलाको जीवन स्तर उकास्न मद्दत पुऱ्याउने,

२ सबैका लागि शिक्षाको सन्दर्भमा महिला तथा अपाङ्गका लागि शिक्षाको अवसरहरूमा पहुँच बढाउन विशेष व्यवस्था गर्ने (दशौं योजना, २०५९-२०६४)

यसैगरी त्रिवर्षिय अन्तरीम योजनामा शिक्षा सम्बन्धि निम्न लिखित उद्देश्य राखिएको छ ।

१ शिक्षामा सबै नागरीकको पहुँच सुनिश्चित गरी साक्षर बनाउनु र गुणस्तरयुक्त तथा रोजगारी मूलक शिक्षा प्रदान गर्नु

२ सबैका लागि समान गुणस्तरको निःशुल्क र सर्वसुलभ आधारभूत शिक्षाको प्रत्याभूति गर्नु

३ उच्च शिक्षालाई अनुसन्धन मूलक तथा प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्ने तर्फ विकसित गर्नु

४ सबै तहको शिक्षालाई समतामूलक एवं समाबेसी बनाउनु (त्रिवर्षिय अन्तरीम योजना २०६५-२०६७)

त्यसैगरी महिला शिक्षा सम्बन्धि नेपालको अन्तरीम संविधान २०६३ को भाग ४, धारा ३५ को उपधारा ८ मा "महिला वर्गको शिक्षा, स्वास्थ्य र रोजगारीको विशेष व्यवस्था गरी राष्ट्रिय विकासमा अधिकाधिक सहभागी बनाउने निती राज्यले अवलम्बन गर्नेछ" भन्ने व्यवस्था गरेको छ ।

विकासको प्रक्रियामा पूर्ण सहभागी हुनको लागि आवश्यक पर्ने ज्ञान, सीप, आत्मविश्वास शिक्षाबाट नै सम्भव छ । शिक्षा सबैका लागि महत्वपूर्ण छ । तर महिलाको लागी शिक्षाले विशेष रुपमा महत्व राख्दछ । यो सत्य हो, केबल अरु अवसरहरूका लागि प्रवेश बिन्दू भएको कारणले मात्र होइन कि महिलाको शैक्षिक उपलब्धीको प्रभाव परिवारमा पुस्तौं पुस्ता सम्म पर्दछ त्यसैले यसको विशेष महत्व छ । महिलाको शिक्षा लगानी गर्नु भनेको नै गरीबी घटाउने प्रभावकारी उपाय हो । शिक्षाले महिलाहरूलाई आफ्नो अधिकार बुझ्न र त्यसलाई कसरी प्राप्त गर्न सकिन्छ भनेर

जान्न सहयोग गर्दछ । तर पनि विकाससिल देशमा महिला साक्षरता पुरुष साक्षरताको तुलनामा कम छ (UNFPA, AD 2004)

यस शोध अध्ययन क्षेत्र नवलपरासी जिल्लामा महिला साक्षरता बृद्धि गर्नको लागि विभिन अनौपचारिक शिक्षा कार्यक्रम संचालन भएका छन् । साथै राष्ट्रिय साक्षरता कार्यक्रम जिल्लाका दुर्गम भेगमा संचालन भएका र साक्षरता तथा निरन्तर शिक्षा कार्यक्रम अर्न्तगत द्धितिय उत्तिर्ण महिलाहरूका लागि बचत तथा ऋण तालिम संचालन भएको र अन्य सिपमुलक तालिम, पशुपालन र खेतिपाती जस्ता आयमुलक सीप विकास तालिम संचालन गरिएको छ । त्यसका साथै न्युन आर्थिक अवस्था भएका बालिकाहरूलाई कक्षा छोड्नबाट रोक्न छात्रवृत्ति प्रदानको व्यवस्था गरिएको छ (जि.शि.का. २०६७) ।

# अध्याय – तीन

## अनुसन्धान पद्धति

### ३.१ अध्ययन क्षेत्रको छनौट

महिला शिक्षा आजको परिस्थितीको निकै नै जल्दोबल्दो समस्याको रुपमा रहेको छ । कुनै पनि विकास कार्य महिलाको सहभागितामा पूर्ण हुन नसक्ने भएकाले महिला शिक्षाको बारेमा अध्ययन अनुसन्धान गर्नु महत्वपूर्ण हुन आउछ । यस शोधको अध्ययन क्षेत्र लुम्विनी अंचल भित्र पर्ने नवलपरासी जिल्ला रामग्राम नगरपालिका वडा नं. ७ उजैनीलाई लिइएको छ । यस क्षेत्र नगरपालिका भएर पनि यहाँका अधिकांश वडाहरू ग्रामीण परिवेशका रहेका छन् । यहाँ ब्राहमण, क्षेत्री, कांहार, थारु, केवट आदी विभिन्न जातजातीहरूको बसोवास रहेको छ । यस शोधपत्रमा रामग्राम नगरपालिका वडा नं. ७ उजैनीलाई छनौट गर्नुको पछाडी निम्न कारणहरू रहेका छन् –

१ महिला शिक्षाको बारेमा अध्ययन गर्न रुची भएकोले

२ यस अध्ययन क्षेत्र शोधकर्ताको परिचित र जानकारीको क्षेत्र भएकोले

### ३.२ अध्ययनको ढाँचा

यस शोधपत्रको लागी वर्णनात्मक र अन्वेषणात्मक दुबै अध्ययन विधिको प्रयोग गरिएको छ । वर्णनात्मक अध्ययन विधिबाट महिलाहरूको शैक्षिक स्थितीको वारेमा वर्णन गरिएको छ । अन्वेषणात्मक विधि द्धारा महिला शिक्षामा पछि पर्नुका कारण र महिला शिक्षाले पारेको प्रभावको वारेमा अन्वेषण गर्ने प्रयत्न गरिएको छ ।

### ३.३ समग्रता र नमुना छनौट

नवलपरासी जिल्ला रामग्राम नगरपालिका अर्न्तगत १३ वटा वडाहरू रहेका छन । तर यो अध्ययन वार्ड नं. ७ (उजैनी) मा केन्द्रित रहेको छ । यस वडामा जम्मा ४१७ घर संख्या रहेको छ । यस क्षेत्रमा पुरुषको संख्या १२९९ र महिलाको संख्या १२६१ रहेको छ । छनौट गरिएको यस अध्ययन क्षेत्र ठूलो भएको र समग्र अध्ययन गर्न संभव नभएकोले सिमित घर परिवारलाई छान्नको लागि नमुना छनौट गर्दा स्तरीकृत नमुना छनौट विधि अर्न्तगतको समानुपातिक नमुना छनौट विधि द्धारा कुल ४१७ घर परिवार मध्ये विभिन्न जातिय समुदायको प्रतिनिधित्व हुने गरी १५

प्रतिशतका दरले नमुना छनौट विधिको प्रयोग गरिएको छ । त्यस पछि प्रत्येक जातजातीको छुट्टाछुट्टै सम्पूर्ण घरधुरीको सुचि तयार गरी साधारण दैविक नमुना छनौट अर्न्तगत गोला प्रथा द्धारा ६३ घरधुरीका महिलालाई उत्तरदाताको रुपमा समेटिएको छ । यस अध्ययनका लागि उत्तरदातामा १५ देखि ५० बर्ष उमेर सम्मका विवाहित, अविवाहित, छुट्टै बसेका तथा विधवा महिलाहरूलाई नमुना छनौट गरिएको छ । प्रत्येक घरधुरीबाट एक एक जना महिला उत्तरदाता छनौट गरिएको छ जसमा एउटै घरमा सोही उमेर समुहका एक भन्दा बढी महिला उत्तरदाता भएमा जसले उपर्युक्त समय दिन सक्छ र जसले सहभागीता हुन चाहन्छ त्यसलाई उपर्युक्त समय मिलाएर प्रश्नावली भरीएको छ ।

## ३.४ तथ्यांकको प्रकृति र स्रोत

यस अध्ययनमा अध्ययनको उद्देश्य अनरुप आवश्यकता अनुसार संख्यात्मक र गुणत्मक दुवै प्रकृतिका तथ्यांकहरू प्राथमिक र द्धितिय दुवै स्रोतबाट संकलन गरिएको छ, जसअनुसार प्राथमिक तथ्यांकहरू कार्यक्षेत्र अध्ययन को क्रममा अपनाइने विविध प्रविधिहरूको उपयोग गरिएको छ । प्राथमिक स्रोत अर्न्तगत कार्य क्षेत्र अध्ययनको क्रममा अपनाइने विविध प्रविधिहरू मध्ये अर्न्तवार्ता, अवलोकन तथा विशेष व्यक्तिसँगको अर्न्तवार्ता विधि द्धारा अध्ययन क्षेत्रको लागि चाहिने आवश्यक तथ्यांक संकलन गरिएको छ । त्यसैगरी द्धितिय स्रोत अर्न्तगत विभिन्न विद्धानका लेख, नगरपालिकाका प्रोफाइलहरू, सम्बन्धित मन्त्रालय विभागबाट प्रकाशित तथ्यांकहरू बाट आवश्यकता अनुसार संकलन गरिएको छ ।

## ३.५ तथ्यांक संकलनका विधि

कार्यक्षेत्र अध्ययन को आधारमा प्राथमिक तथ्यांकहरू संकलन गरिएको यस अनुसन्धानमा अध्ययनको उद्देश्य परिपुर्तिको निमित्त अर्न्तवार्ता, अवलोकन तथा विशेष व्यक्तिसँगको अर्न्तवार्ता जस्ता प्रविधिको उपयोग गरिएको छ ।

### ३.५.१ अन्तरवार्ता अनुसूची

अनुसन्धानको यस प्रविधि अनुसार तथ्यांक संकलन गर्दा छनौट भएका ६३ परिवारमा गई अर्धसंरचित प्रश्नावली तयार पारी आवश्यक तथ्यांक संकलन गरिएको छ। यस विधिबाट मुख्यतया उत्तरदाताको सामान्य परिचय, पारीवारिक विवरण, शैक्षिक स्थिती, शैक्षिक गतिविधीमा प्रभाव पार्ने तत्वहरू, आर्थिक श्रोत, पेशा, परिवारमा महिलाको स्थान आदी कुराहरू बुझ्नको लागी प्रश्नहरूको अनुसूचीको तथ्यांकहरू संकलन गरिएको छ।

### ३.५.२ अवलोकन

यस पद्धति अनुसार तथ्यांक संकलन गर्दा उत्तरदाताका परिवारमा स्पष्ट देखिने सुचनाहरू, पारीवारिक कृयाकलाप, लवाईखवाई, घरको वनावट, जस्ता कुराको आधारमा उत्तरदाताका परिवारमा काम गर्ने शैली, परिवारीक वातावरण आदी जस्ता कुराहरूको अवलोकन गरिएको छ।

### ३.५.३ जानकार व्यक्तिसँगको अर्न्तवार्ता

कुनै पनि कुराको विस्तृत अध्ययन गर्दा एक किसिमको तथ्यांकले मात्र संकलन विधि उपयुक्त र पुरा हुदैन तसर्थ विभिन्न किसिमका छुट्टा छुट्टै तरिकाले तथ्यांक संकलन गर्दा तथ्यांक भरपर्दो र विश्वसनिय हुने भएकोले तथ्यांक संकलन गर्दा महिलाको शैक्षिक गतिविधीमा प्रभावित गर्ने तत्वको सम्बन्धमा विशेष जानकारी राख्न सक्ने त्यस क्षेत्रमा रहेका विद्यालयका शिक्षक, शिक्षिका, बुद्धिजिवी व्यक्तिहरू तथा राजनीतिज्ञहरू जस्ता मुख्य सुचनादाताहरूसँग अन्तरवार्ता गरिएको छ।

## ३.६ तथ्यांकको प्रस्तुती एवं विश्लेषण

यस शोधपत्रलाई व्यवस्थित बनाउन आवश्यक परेको ठाँउमा सांख्यिकी विधिलाई प्रयोग गरिएको छ। मुख्यतया विभिन्न तालिकाहरूको तथ्यांकको स्रोत, शोधकर्ताले स्थलगत सर्वेक्षणमा सोधिएका अर्न्तवार्तामा आधारित रहेको छ। तथ्यांक संकलन कार्य सकिए पछि संख्यात्मक तथ्यांकहरूलाई बढी सावधानी र श्रम लगाएर सुचिकरण गरी बर्गिकरण गर्ने कार्य गरिएको छ। गुणात्मक प्रकारको सुचनाहरूलाई आवश्यकता अनुसार व्याख्या र विश्लेषण गरी तथ्यपरक र बोधगम्य बनाउन त्यसलाई विस्तार र विश्लेषण गरिएको छ।

### ३.७ अध्ययनका सीमाहरू

प्रत्येक अध्ययन अनुसन्धानको आ-आफ्नै किसिमका सीमा तथा बन्धनहरू हुन्छन् । यही सीमाहरूको आधारमा अध्ययनलाई सीमा गर्नुपर्ने आवश्यकता हुन्छ । अनुसन्धान कार्य सदैव निश्चित अवधि निश्चित ठाँउ र निश्चित उद्देश्य प्राप्त गर्न गरिने कार्य भएको हुदा अनुसन्धान कार्यको मुल्य मान्यता र अवधारणाहरू पनि अवश्य नै हुने गर्दछ । समय र साधन श्रोतको भित्र रही अनुसन्धान गर्नु पर्ने हुदा भौगोलिक आधारमा यो अध्ययन नवलपरासी जिल्ला रामग्राम नगरपालिका वडा नं. ७ उजैनी गाँउमा सिमित रहेको छ । विषयबस्तुका आधारमा यो अध्ययन महिलाको शैक्षिक अवस्था र त्यस माथी प्रभाव पार्ने विभिन्न कारक तत्वहरूको पहिचान गर्ने तर्फ यो अनुसन्धान केन्द्रित रहेको छ ।

# अध्याय–चार

## अध्ययन क्षेत्रको भौगोलिक तथा सामाजिक अवस्था

### ४.१ अध्ययन क्षेत्रको सामान्य परिचय

नेपाल अधिराज्यको पश्चिमाञ्चल विकास क्षेत्रमा पर्ने लुम्बिनी अंचल का ६ जिल्लाहरू मध्ये नवलपरासी जिल्ला अन्तर्गत रहेको रामग्राम नगरपालिका यस अनुसन्धानको अध्ययन क्षेत्र हो । भगवान गौतम बुद्धको पवित्र अस्थिधात रहेको प्राचीन रामग्राम स्तुपका नाममा यस नगरपालिकाको नाम रामग्राम नगरपालिका रहन गएको हो । यस नगरपालिकाको स्थापना वि.स २०५३ चैत्र १४ गते भएको हो । तत्कालिन परासी आर्दश, मंझरीया, उनवच र जमुवाड गरी जम्मा ४ गा.वि.स.हरू मिलि यस नगरपालिका बनेको हो । प्राकृतिक दृष्टिकोणले यस नगरपालिकामा भगवान गौतम वुद्धको पवित्र अस्थिधातु रहेको रामग्राम स्तुप नै मुख्य हो ।

यस नगरपालिकाको पुर्वमा मनरी गा.वि.स., पश्चिममा सुक्रौली गा.वि.स., उत्तरमा स्वाँठी गा.वि.स. र दक्षिणमा पाल्ही गा.वि.स. रहेको छ । यस नगरपालिका १३ वटा वडाहरू मा विभाजित रहेको छ ।

### ४.२ अध्ययन क्षेत्रको भौगोलिक अवस्था

यस नगरपालिकाको अधिकाशं वडाहरू ग्रामिण परिवेशका रहेका छन् । वि.स. २०५८ को राष्ट्रिय जनगणना अनुसार यस नगरपालिकामा ३,८९३ घरधुरी, जम्मा २२,६३० जनसंख्यामा महिलाको ११,०६० र पुरुषको ११,५७० जनसंख्या रहेको थियो भने वि.स २०६७ मा न.पा.को धरधुरी सर्वेक्षण अनुसार कुल जनसंख्या २४,४४४ रहेको छ । जसमा पुरुष १२,६४५ र महिला ११,७९९ रहेको छ । यसरी २०५८ को जनसंख्यालाई आधार वर्ष मान्दा यहाँ प्रतिवर्ष जनसंख्या वृद्धिदर २.0% रहेको छ । यहाँ कुल धरधुरी संख्या ४,१६६ रहेको छ भने जनधनत्व ७८३’४६ वर्ग कि.मि.रहेको छ ।

यहाँका मानिसहरूको जनजिवन सामान्य खालको रहेको छ । जातीगत आधारमा यस क्षेत्रमा बाहुन, क्षेत्री, चमार, यादव, केवट, मल्लाह, वनिया, कोइरी, कुर्मी, तेली, हलुवाई, नेवार, गुरुङ्ग, मगर आदी विभिन्न जातजातीको बसोबास रहेको छ । त्यसैगरी यस क्षेत्रमा नेपाली मातृभाषा भन्दा बढी भोजपुरी भाषा बोल्नेहरूको संख्या अत्याधीक रहेको छ । यहाँ विभिन्न धर्महरू मान्ने व्यक्तिहरू

रहेका छन् तर अन्य धर्मको तुलनामा हिन्दु धर्म मान्ने धर्मावल्म्वी हरूको संख्या अत्याधिक रहेको छ ।

यस नगरपालिकाको अधिकांश वडाहरू ग्रामीण परिवेश मा रही कृषि कार्यमा आधारित रहेका छन् । कृषि पेशा मुख्य पेशाको रुपमा रहे पनि कतिपय जनसंख्या व्यापार, सुचीकार लोहार, बैदेशिक रोजगार, नोकरी जस्ता पेशामा समेत संलग्न रहेका छन् । यहाँ धेरै जसो धान, गहुँ, मसुरो, आलु, तोरी आदी जस्ता बालीहरूको लगाउनुको साथै तरकारी खेती पनि गरिन्छ । नगरपालिकाको बीच भागमा वजार रहेकोले यस वजारमा विभिन्न उत्पादित अन्न तरकारीहरूको विक्रि वितरण समेत हुने गरेको छ । खेतीपाती बाहेक गाई, भैसी, वाखा, हाँस, कुखुरा समेत यहाँ पाल्ने गरिन्छ ।

### ४.३ लिङ्गको आधारमा जनसंख्याको विवरण :–

पारीवारिक सर्वेक्षणको क्रममा छनौट भएका परिवारका महिला र पुरुष दुवैको जनसंख्यालाई लिइएको छ । लैङ्गिक आधारमा यिनिहरूको जनसंख्याको विवरण निम्नानुसार रहेको छ ।

तालिका नं. ४.१ लिङ्गको आधारमा उत्तरदाताको पारिवारिक विवरण

| **क.स** | **लिङ्ग** | **जनसंख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १ | पुरुष | २२७ | ६१.०२ |
| २ | महिला | १४५ | ३८.९७ |
| | जम्मा | ३७२ | १००। |

श्रोत :– स्थलगत अध्ययन २०६८

तालिका नं. ४.१ अनुसार नमुना छनौटमा परेका ६३ परिवार मा कुल जनसंख्या ३७२ रहेकोमा महिलाको तुलनामा पुरुष जनसंख्याले सम्पुर्ण जनसंख्या को ६१.०२ प्रतिशत र महिला को जनसंख्याले ३८.९७ प्रतिशत स्थान ओगटेको छ । यस क्षेत्रको जम्मा जनसंख्यामा महिलाको भन्दा पुरुषको संख्या बढी देखिएको छ र नमुना छनौटमा परेका घरहरूमा समेत महिलाको तुलनामा पुरुषको जनसंख्या बढी देखिएको छ । त्यसैले यसबाट प्रष्ट के हुन आउछ भने महिलाको तुलनामा भन्दा पुरुषको संख्या बढी नै रहेको छ

### ४.४ जातीगत अवस्थाको आधारमा जनसंख्या विवरण

नेपाल एक चार जात छत्तिस वर्णको साझा फुलवारी हो । हाम्रो देशमा विभिन्न जातजाती, धर्म, भाषा, चालचलन, रहनसहन मनाउने मानिसहरू समुदायभित्र रहदै आएका छन् । यस अध्ययन क्षेत्रमा पनि विभिन्न जातजातीहरू को बसोबास रहेको छ । नमुना छनौट गर्ने क्रममा अनुसन्धानको निमित्त छनौट भएका यस क्षेत्रका सबै जातजातीहरूलाई प्रतिनिधित्व गराइएको छ । अनुसन्धानको निमित्त छनौट भएका उत्तरदाता विवरण निम्नानुसार रहेको छ ।

तालिका नं. ४.२ जातीगत आधारमा उत्तरदाताको विवरण

| क्र.सं. | जात/जाती | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कोइरी | १० | १५.८७ |
| २ | यादव | १० | १५.८७ |
| ३ | थारु | ८ | १२.६९ |
| ४ | कहार | ७ | ११.११ |
| ५ | हरिजन | ६ | ९.५२ |
| ६ | ब्राहम्ण,क्षेत्री | ५ | ७.९३ |
| ७ | वेल्दार | ५ | ७.९३ |
| ८ | राठौर | ५ | ७.९३ |
| ९ | केवट | ४ | ६.३४ |
| १० | तेली | ३ | ४.७६ |
|  | जम्मा | ६३ | १०० |

श्रोत :– स्थलगत अध्ययन २०६८

तालिका नं. ४.२ अनुसार यहाँ उत्तरदाता मध्ये सबै भन्दा बढी यादव र कोइरीको जनसंख्या पाईन्छ । त्यसै गरी तेस्रो ठुलो जनसंख्या रहेको जातमा थारु जाति को रहेको छ । उत्तरदाता तर्फ हेर्दा कहार, हरिजन, बाहम्ण, क्षेत्री राठौर र वेल्दार जातहरू क्रमश चौथौ, पाँचौ, छठौ, सातौ स्थानमा रहेका छन् । यस अनुसन्धानमा उत्तरदाताको र तिनिहरूको परिवार को सामाजिक मुल्य मान्यता तथा संस्कार र पानी चल्ने जात र पानी नचल्ने जात गरी ३ जातको आधारमा वर्ग विभाजन समेत गरिएको छ जस अनुसार ब्राहम्ण,क्षेत्री लाई उच्च जात अर्न्तगत त्यसैगरी कोइरी, यादव, थारु र कहार लाई पानी चल्ने जात अर्न्तगत एउटा वर्ग मा राखिएको छ

भने तल्लो जात अर्थात पानी नचल्ने जात अर्न्तगत वेल्दार, हरिजन, राठौर, गुप्ता र केवट जात हरूलाई एउटा वर्गमा राखिएको छ ।

यस क्षेत्रमा जातिगत विविधता देखिएता पनि सामाजिक मुल्य र मान्यताको दृष्टिकोणले हिन्दु धर्म परम्परागत नै सबै आवद्ध भएको भएता पनि परम्परागत रुपमा उच्च स्थान ओगटेको व्राहम्ण पुरोहितहरूले उनिलाई तल्लो स्थानमा राखि हेर्ने र छोएको नखाने देखिएको छ भने व्राहम्ण, क्षेत्रीका पढे लेखेका नयाँ पुस्ताका छोरा छोरीले भने त्यसलाइ त्यती वास्ता नराखेको पाइएको छ ।

### ४.५ उमेरको आधारमा जनसंख्याको विवरण

यस सोधपत्रमा ६३ जना उत्तरदाताहरूको छनौट गरिएको छ, जसमा नमुना छनौटमा चयन भएका परिवारमा विभिन्न उमेर समुहको जनसंख्या रहेको छ भने उत्तरदाताको पनि उमेरमा एक रुपता रहेको छैन । त्यसैले यहाँ उत्तरदाता उमेरको आधारमा विभिन्न समुहमा विभाजन गरि विश्लेषण गरिएको छ ।

तालिका नं. ४.३ उमेरको आधारमा उत्तरदाताको विवरण

| क्र.स. | उमेर | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १५–१९ | ८ | १२.६९ |
| २ | २०–२४ | ७ | ११.११ |
| ३ | २५–२९ | १८ | २८.५७ |
| ४ | ३०–३४ | ९ | १४.२८ |
| ५ | ३५–३९ | ९ | १४.२८ |
| ६ | ४०–४४ | ९ | १४.२८ |
| ७ | ४५–५० | ३ | ४.७६ |
| | जम्मा | ६३ | १०० |

श्रोत :– स्थलगत अध्ययन २०६८

तालिका नं.४.३ मा १५ देखी ५० वर्ष सम्मका महिलाहरू उत्तरदाताका रुपमा रहेका छन् । १५ वर्ष भन्दा मुनीका महिलाहरू परिपक्क भएका हुदैनन् साथै अभिभावकको बढी नियन्त्रणमा रहने भएकाले र ५० वर्ष भन्दा बढी भएका महिलाहरूले उत्तर दिन झन्झट मान्ने भएको हुँदा १५ देखी ५० वर्ष सम्मका महिलाहरू उत्तरदाताका रुपमा छनौट गरिएको छ । यी महिलाहरू आफ्नो शैक्षिक अवस्था, परिवारको आफु प्रतिको व्यवहार, समाजले महिला प्रति हेर्ने दृष्टिकोण आदीको बारेमा सवै

कुरा राम्ररी बुझेको र सोधेको प्रश्नको उत्तर दिन सक्ने अवस्थाका रहेका छन् । त्यस मध्ये सवै भन्दा बढी २५ देखि २९ वर्षका महिला धेरै छन् भने ४५ देखि ५० वर्ष सम्मका महिला उत्तरदाताहरू जम्मा ३ जना मात्र रहेका छन् ।

## ४.६ वैवाहिक अवस्थाको आधारमा जनसंख्याको विवरण

समाजलाई सुचारु रुपले संचालन गर्नको लागि समाजमा हरेक संस्थाहरूले महत्वपुर्ण भुमिका खेलेका हुन्छन् जस्तै :– विवाह, परिवार, धार्मिक, संस्था, यी सम्पुर्ण संस्थाहरूले आफ्नो क्षेत्रमा रहेर सुचारु रुपले कार्य गरिरहेका हुन्छन् यी संस्था मध्ये कुनै एकले आफ्नो काम गरेन भने समाज चल्न सक्दैन । त्यसकारण विवाह संस्थाले पनि समाजलाई सुचारु रुपले चलाउन मद्दत गर्नुका साथै समाजलाई नियम पद्धती अनुरुप चलाएको हुन्छ । विवाह, परिवार आदी संस्थामा महत्वपुर्ण भुमिका रहेको हुन्छ । उत्तरदाताहरू विवाहित, अविवाहित, विधवा तथा छुटै बसेको अवस्थामा समेत रहेका छन् । यहाँ वैवाहिक अवस्थाको आधारमा यिनिहरूको जनसाख्यिक अवस्थाको विश्लेषण गरिएको छ ।

तालिका नं. ४.४ वैवाहिक अवस्थाको आधारमा उत्तरदाताको विवरण

| क्र.सं. | वैवाहिक अवस्था | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | विवाहित | ४७ | ७४.६० |
| २ | अविवाहित | ११ | १७.४६ |
| ३ | विधुवा विदुर | ३ | ४.७६ |
| ४ | छुट्टै बसेको | २ | ३.१७ |
| जम्मा | | ६३ | १०० |

श्रोत :– स्थलगत अध्ययन २०६८

तलिका नं. ४.४ अनुसार यस क्षेत्रका ६३ जना उत्तरदाता मध्ये विवाहित ४७ जना वा कुल उत्तरदाताको ७४.६०% रहेका छन् । त्यसैगरी अविवहित १७.४६% विधवा ४.७६% र छुट्टै वसेको ३.१७% उत्तरदाता रहेका छन् । उत्तरदाताको रुपमा पुरुषहरू रहेका छैनन् यस समाजमा बाहुन क्षेत्री बाहेक अन्य जातिहरूमा छोरा छोरीको २ पटक सम्म विवाह गर्ने प्रचलन रहेको छ जसमा दोस्रो पटक विवाह गर्दा छोरीको विदाई गरेर पठाउने र छोराको बुहारी भित्राउने प्रचलन रहेको छ । तर अहिले समाजमा यसरी २ पटक सम्म गरिने विवाहमा परिवर्तन आउदैछ । कतिपय जातीहरू ले

अहिले २ पटक सम्म गरिने विवाह को ठाउँ मा पहिलो पटक मै विवाह गरेर छोरी पठाउने प्रचलन पनि विस्तार आइरहेको छ ।

### ४.७ परिवारको प्रकारको आधारमा उत्तरदाताको विवरण

परिवार प्रमुख आधारभूत सामाजिक संस्था हो । परिवारबाट नै जैविक प्राणीको रुपमा रहेका मानिस सामाजिक प्राणीको रुपमा रुपान्तरित हुने कार्यको थालनी हुन्छ । परिवारलाई आर्थिक संस्थाको रुपमा लिदा पारीवारिक संरचनाले समाजमा प्रचलित उत्पादन व्यवस्थाको स्वरुप दर्शाउँछ । यहाँका मानिसहरू अधिकांश ग्रामीण इलाकामा बस्दछन् । त्यसैले एकल परिवारको तुलनामा संयुक्त परिवार धेरै हुन्छन् ।यस अध्ययन क्षेत्रमा परिवारलाई मुख्य गरेर एकात्मक र संयुक्त परिवार गरी जम्मा दुई भागमा विभाजन गरिएको छ । परिवारको प्रकारको आधारमा उत्तरदाताका परिवारहरूको विवरण निम्न अनुसार रहेको छ

तालिका नं. ४.५ परिवारको प्रकार आधारमा उत्तरदाताको विवरण

| क.स | परिवारको प्रकार | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | एकल परिवार | २९ | ४६.०३ |
| २ | संयुक्त परिवार | ३४ | ५३.९६ |
| | जम्मा | ६३ | १०० |

श्रोत :– स्थलगत अध्ययन २०६८

तालिका नं. ४.५ अनुसार ६३ परिवारमा २९ घर परिवार अर्थात ४६.०३% एकल परिवारमा ३४ घरपरिवार अर्थात ५३.९६% संयुक्त परिवारमा रहेको पाइयो । यस क्षेत्रमा विशेष गरी तीन पुस्ता सम्म एउटै परिवारमा रहेने गरेको पाइयो । परम्परागत रुपमा रहदै आएको सयुक्त परिवारको अवधारणा यहाँ का मानिसहरू मा बढी देखीएको छ ।

### ४.८ परिवार प्रमुखको आधारमा उत्तरदाताको विवरण

समाजलाई सामाजिक रुपले संचालन गर्नको लागि महिला पुरुष दुवैको भुमिका रहेको हुन्छ । तर पनि पितृसत्तात्मक पारीवारिक ढाँचाको हाम्रो समाजमा अधिकांश परिवारमा पुरुषको भुमिकालाई बढी महत्व दिएको पाइन्छ । एक–दुई परिवारमा महिला परिवार प्रमुख भए पनि ती

परिवार मातृसत्तात्मक नभई लोग्ने को मृत्यु भएको वा घरमा पुरुष नै नरहेको कारणले यसो भएको हो । परिवार प्रमुखको आधारमा गरिने विभाजनलाई यहाँ निम्न तालिका मा प्रस्तुत गरिएको छ ।

तालिका नं. ४.६ परिवार प्रमुखको आधारमा उत्तरदाताको जनसांख्यिक विवरण

| क.स | परिवार प्रमुख | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पुरुष | ५६ | ८८.८८ |
| २ | महिला | ७ | ११.११ |
|  | जम्मा | ६३ | १०० |

श्रोत :– स्थलगत अध्ययन २०६८

तालिका नं. ४.६ मा ६३ परिवार मध्ये ५६ परिवार मा पुरुष प्रमुख छन् भने ७ परिवार मा मात्र महिला परिवार प्रमुख को रुपमा रहेका छन् । यो संख्या सम्पुर्ण परिवार संख्याको पुरुषमा ८८.८८ र महिलामा ११.११ प्रतिशत हुन आउँछ । यहाँ प्रमुख भएका परिवार मा १ जना लोग्ने सँग छुट्टै बसेको, २ जना विधवा भएको र बाकि ४ जनाको लोग्ने हाल घरमा नभएको कारणले महिला परिवार प्रमुखको रुपमा रहेकी छिन् । जातीगत आधारमा थारु जातका ३ जना, हरिजन जातका २ जना, कहार र यादव जातका १-१ जना महिला गरी जम्मा ७ जना मात्र महिला परिवार प्रमुखको आधारमा रहेका छन् ।

### ४.९ पेशागत अवस्थाको आधारमा जनसंख्या विवरण

नेपाल एउटा कृषि प्रधान देश हो । नेपालको आर्थिक विकास भन्नु नै कृषि क्षेत्रमा हुने विकास हो त्यसैले नेपालको आर्थिक विकासको मेरुदण्डको रुपमा कृषिलाई लिइन्छ । यस क्षेत्रमा संलग्न जनसंख्या विभिन्न पेशामा संलग्न रहेको पाइन्छ तर पनि यहाँका जनता कृषि वाहेक अन्य पेशामा संलग्न रहेता पनि विशुद्ध रुपमा सिमित नरही कृषि पेशामा समेत संलग्न देखिन्छन् । त्यसैले कृषि यहाँको मुख्य पेशा हो । तर अहिले विशेष गरी बैदेशिक रोजगारीमा समेत यस क्षेत्रका जनताहरू बढी आकर्षित भएको पाइएको छ । पेशा अनुसार छनौट भएका उत्तरदाताको विवरण निम्नानुसार दिइएको छ ।

तालिका नं. ४.७ पेशागत अवस्थाका आधारमा उत्तरदाताको विवरण

| क.सं. | पेशा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि | ३३ | ५२.३८ |
| २ | गृहिणी | १८ | २८.५७ |
| ३ | विद्यार्थी | ८ | १२.६९ |
| ४ | नोकरी | २ | ३.१७ |
| ५ | व्यापार | २ | ३.१७ |
|  | जम्मा | ६३ | १०० |

श्रोत :– स्थलगत अध्ययन २०६८

तालिका नं. ४.७ अनुसार उत्तरदाताको पेशालाई हेर्ने हो भने ३३ जना अर्थात ५२.३८% कृषि पेशामा संलग्न रहेका छन् । कृषिमा संलग्न यी महिलाहरूको पेशा पुर्ण रुपमा कृषिमा मात्र सिमित नरही कृषि घरायसी अर्थात गृहिणीको रुपमा समेत यी महिलाहरू रहेका छन् । त्यसैगरी विद्यार्थी पेशामा संलग्न महिलाहरूको संख्या ८ जना अर्थात १२.६९% त्यसैगरी १ जना विवाहित महिला शिक्षिका तथा विद्यार्थी दुवै भएको पाइएको छ भने १ जना महिला ग्रमीण स्वास्थ्य स्वयंसेवक कार्यकर्ताका रुपमा कार्यरत रहेको पाइयो । त्यसैगरी व्यापारमा गर्ने २ जना महिला मध्ये १ जना महिला आफ्नो श्रीमानले गरेका व्यापारमा सँगसँगै व्यापार गरेको पाइएको छ भने १ जना महिला सिलाईकटाई को टेलर नै खोलेर व्यापार गरेको पाइएको छ । त्यसैगरी विशुद्ध रुपमा गृहिणी मात्र रहेको महिलाको संख्या १८ रहेको छ । माथी को तालीकामा गृहिणी बाहेक अन्य पेशा गर्ने उत्तरदाताहरू विशुद्ध रुपमा आपनो पेशा मात्र सिमित नरही कृषि पेशा गर्ने गृहिणीको रुपमा साथ साथै अन्य पेशा अवलम्वन गरेको पाइयो ।

# अध्याय – पाँच

## अध्ययन क्षेत्रमा महिलाको शैक्षिक अवस्था

मानिसको जीवनका आवश्यक तत्वहरू मध्ये शिक्षा पनि एक हो । यसले मानिसको जीवनमा अत्यन्तै महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । शिक्षा विना मानिसको जीवन अपुरो हुन्छ । कुनै पनि समाजलाई चेतनशिल र क्रियाशिल बनाउनको लागि शिक्षाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । समाजमा भएका सम्पूर्ण एकाइमा सुधारात्मक परिर्वतन देखिएमा विकासको थालनी भएको मान्न सकिन्छ । शिक्षाले सामाजिक कार्यमा प्रत्यक्ष असर पार्दछ । सीप, तालिम, तथा समाजको

वस्तुस्थितिको आंकलन गर्न पनि शिक्षाको भूमिका अति नै महत्वपूर्ण हुन्छ । शिक्षा विना समुन्नत समाजको कल्पना गर्न समेत सकिन्न । कुनैपनि एउटा परिवारको अविभावक शिक्षित भएमा पुरै परिवार शिक्षित हुन्छ यसरी पुरै परिवार शिक्षित भएमा समाज देखि राष्ट्र सम्म नै शिक्षाको लहर अघि बढ्छ । समुन्नत समाजको निर्माणको लागि परिवारमा पुरुषको शैक्षिक स्थितिले परिवारमा जति प्रभाव पार्दछ त्यसरी नै महिलाको शिक्षाले पनि महत्वपूर्ण भूमिका खेलेको हुन्छ । परिवारका मुख्य व्यक्ति आमा, वुवा दुवै शिक्षित भएमा परिवार नै शिक्षित हुन्छ । तसर्थ देशको चौतर्फी विकास गर्नु भन्नु नै समाजको शैक्षिक स्तरमा बृद्धि गर्नु हो । यसमा पनि देशको आधा भन्दा बढी जनसंख्या महिला रहेको अवस्थामा महिला शिक्षाको विकास गर्न नितान्त जरुरी रहेको हुन्छ

यस अध्याय अन्तर्गत अध्ययन क्षेत्रमा महिलाको शैक्षिक अवस्था के कस्तो रहेको छ भन्ने सवालमा विस्तृत चर्चा गरिएको छ । यस क्रममा छनौट हुन आएका उत्तरदाताको शैक्षिक अवस्था तथा उत्तरदाताको परिवारमा महिला तथा पुरुषको शैक्षिक अवस्था जस्ता कुराहरूको बारेमा विश्लेषण गरिएको छ ।

## ५.१ उत्तरदाताको शैक्षिक अवस्था

यस रामग्राम नगरपालीका वडा नं ७ अन्तर्गत नमुना छनौटमा परेका ६३ घरधुरी मध्येका सम्पुर्ण उत्तरदाताहरू महिला नै रहेका छन् । शिक्षाले महिलाको स्तर र भुमिकालाई प्रष्ट पार्ने भएकाले यहाँ नमुना छनौटमा परेका महिलाहरूको शैक्षिक अवस्थालाई छुटै रुपमा चर्चा गरिएको छ । छनोट भएका महिला उत्तरदाताहरूको शैक्षिक अवस्थाको निम्नानुसार तालिकामा रहेको छ ।

तालिका नं. ५.१ छनौटमा परेका उत्तरदाताहरूको शैक्षिक स्थिती

| क्र.स | शैक्षिक अवस्था | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | निरक्षर | २४ | ३८.०९ |
| २ | साधारण लेखपढ | १४ | २२.२२ |
| ३ | प्राथमिक | १० | १५.८७ |
| ४ | निम्न माध्यमिक | ८ | १२.६९ |
| ५ | माध्यमिक | ४ | ६.३४ |

| | | | |
|---|---|---|---|
| ६ | एस.एल.सी | १ | १.५८ |
| ७ | उच्च माध्यमिक | १ | १.५८ |
| ८ | स्नातक | १ | १.५८ |
| | जम्मा | ६३ | १०० |

श्रोत :– स्थलगत अध्ययन २०६८

तालीका नं. ५.१ अनुसार छनौट भएका उत्तरदाताहरू मध्ये ३८.०९ प्रतिशत महिलाहरू निरक्षर रहेका छन् भने ३९ जना अर्थात ६१.९० प्रतिशत साक्षर को अवस्था रहेका छन् । यसवाट के देखिन्छ भने निरक्षरको तुलनामा साक्षर महिलाहरू बढी रहेका छन । तर जति जति शैक्षिक स्तर वा अवस्था बढदै गएको छ त्यती नै उतरदाताको संख्यामा कमि आईरहेको देखिएको छ । शिक्षामा सहभागी उत्तरदाताहरू औपचारिक वा अनौपचारिक शिक्षामा भएको सहभागिताको आधारमा उनीहरूको विवरण निम्नानुसार प्रस्तुत गरिएको छ । शिक्षामा सहभागी उत्तरदाताहरू औपचारिक वा अनौपचारिक शिक्षामा भएको सहभागिताको आधारमा उनिहरूको विवरण निम्नानुसार प्रस्तुत गरिएको छ ।

तालिका नं ५.२ शैक्षिक सहभागिताको किसिमका आधारमा उत्तरदाताहरूको विवरण

| क.स | शैक्षिक सहभागिताका किसिम | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | औपचारिक | २५ | ६४.१० |
| २ | अनौपचारिक | १४ | ३५.८९ |
| | जम्मा | ३९ | १०० |

श्रोत :– स्थलगत अध्ययन २०६८

तालिका नं ५.२ अनुसार शिक्षामा संलग्न रहेका उत्तरदाताहरू मध्ये ६४.१० महिलाले औपचारीक शिक्षा लिएका छन् भने बाकी १४ जना अर्थात ३५.८९ प्रतिशत महिलाहरू ले अनौपचारिक शिक्षामा संलग्न रहेको देखिन्छ । अनौपचारिक शिक्षा अर्न्तगत ८ जना अर्थात ५७.१४ प्रतिशत महिला प्रौढ शिक्षा कार्यक्रममा संलग्न छन् भने बाकी ६ जना अर्थात ४२.८५ प्रतिशत महिलाहरूको आफ्नो परिवारका सदस्य वाट शिक्षा लिएका छन् । उत्तरदाताहरूमध्ये औपचारिक शिक्षा लिएका सबै जना साधारण लेखपढ गर्न सक्ने अवस्था जस्तै अनौपचारिक शिक्षा आर्जन गर्ने उत्तरदाताहरू पनि सवै जना साधारण लेखपढ गर्न सक्ने अवस्थाका रहेका छन् । उत्तरदाताहरूको

शैक्षिक हौसियत उत्तरदाताहरू मध्ये नै कतिपय उत्तरदाताहरू पढ्न गईरहेका अवस्थामा छन् भने कतिपय उत्तरदाताहरूले आफ्नो अध्ययन लाई निरन्तरता नदिई छोडी सकेको अवस्थामा समेत रहेका छन् । त्यसैले अध्ययनरत तथा अध्ययन छोडेको आधारमा उत्तरदाताहरूको शैक्षिक अवस्था निम्नानुसार रहेको छ ।

तालिका नं ५.३ जातीगत आधारमा उत्तरदाताहरू हाल अध्ययनरत भए नभएको विवरण

| क्र. सं. | जातजाती | अध्ययनरत भएको | अध्ययनरत नभएको | जम्मा |
|---|---|---|---|---|
| १ | कोइरी | – | १० | १० |
| २ | यादव | – | १० | १० |
| ३ | थारु | – | ८ | ८ |
| ४ | कहार | २ | ५ | ७ |
| ५ | हरिजन | २ | ४ | ६ |
| ६ | ब्राहम्ण,क्षेत्री | २ | ३ | ५ |
| ७ | वेल्दार | १ | ४ | ५ |
| ८ | राठौर | – | ५ | ५ |
| ९ | केवट | १ | ३ | ४ |
| १० | तेली | १ | २ | ३ |
| | जम्मा | ९ | ५४ | ६३ |

श्रोत :– स्थलगत अध्ययन २०६८

तालिका नं ५.३ अध्ययनमा संलग्न उत्तरदाताको संख्या जम्मा ९ जना मात्र रहेको छ भने आफ्नो अध्ययनलाइ विचमा निरन्तरता दिन नसकेर छोडनु पर्ने अवस्था भएका अर्थात हाल अध्ययनरत नरहेका महिलाहरूको संख्या ५४ जना रहेका छन् । अध्ययनमा संलग्न ९ जना उत्तरदाता मध्ये एक जना मात्र ब्राहमण परिवारको विवाहित महिला जुन स्नातक तहको परिक्षा दिएर बसेको र माथी स्नातकोतर समेत अझै पढ्ने इच्छा गरेकी थिइन । उक्त महिला आफ्नो श्रीमानको सहयोग वाट अध्ययनरत रहेको वताएकी छिन् । त्यसैगरी अविवाहित ११ जना महिला मध्ये मात्र ७ जना महिलाहरू अध्ययनमा संलग्न रहेको पाइएको छ । त्यस मध्ये क्षेत्री परिवारको एक जना कक्षा मा लगातार फेल भएर निम्न माध्यमिक तह पछि पढ्न जना छाडेको पाइयो

त्यसैगरी अन्य ३ जना उत्तरदाताहरूमा प्राथामिक तह पास गरेर पढ्न छोडेका रहेका छन् त्यसमध्ये राठौर (दलित) जातकी १ जना महिलाले आफु लगातार कक्षा मा फेल भएर पढ्न जान छोडेको वताएकी छिन् । त्यसैगरी केवट परिवारका १ जना महिलालाई आर्थिक अवस्था कमजोर भएको कारण बावु आमाले पढ्न नपठाएकोले इच्छा हुदा पनि पढ्न जान नसकेको र कोइरी परिवारको १ जना पहिलालाई पनि छोरीले परिवारले नै पढ्न नपठाएको वताएकी छिन् । त्यसैगरी अध्ययनमा संलग्न रहेका महिलाहरूलाई उनिहरूको आमा वावुले पैसा दिएर पढ्न पठाउन मा सहयोग गरेको उत्तरदाताहरूले बताएका छन् ।

यो समाजमा जातीगत रुपमा हेर्दा पनि महिलाहरूको समान शैक्षिक हैसियत रहेको छैन् । उक्त तथ्यलाई तलको निम्न तालिका अनुसार हेर्न सकिन्छ । यहाँका आदीवासी थारु जात देखी लिएर उपल्लो जात मानीने वाहुन,क्षेत्री र दलित जातीको रुपमा हरिजन, नेटुवा, तेली आदी जातको वसोवास रहेको छ भने कोइरी र यादव जातीहरूको वाहुल्यता धेरै देखिन्छ । यस सन्दर्भमा यो गाँउमा अध्ययनको क्रममा छनौटमा परेका महिलाहरूमा व्राहमण क्षेत्री जातीका महिलाहरू को संख्या धेरै कम देखा परेको छ ।

तालिका नं. ५.४ जातीगत आधारमा छनौटमा परेका उत्तरदाताहरूको शैक्षिक स्थिती

| क.सं | जातजाती | निरक्षर | साधरण लेखपढ | प्रा.वि | नि.मा.वि | मा.वि. | एस.एल.सी | उ.मा.वि. | स्नातक | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | बाहुन/क्षेत्री | - | - | - | २ | १ | - | १ | १ | ५ |
| २ | कोइरी | ५ | २ | ३ | - | - | - | - | - | १० |
| ३ | यादव | ६ | १ | १ | १ | - | १ | - | - | १० |
| ४ | थारु | १ | ४ | १ | १ | १ | - | - | - | ८ |
| ५ | काँहार | २ | १ | १ | १ | २ | - | - | - | ७ |
| ६ | हरिजन | २ | २ | १ | १ | - | - | - | - | ६ |
| ७ | बेल्दार | २ | १ | १ | १ | - | - | - | - | ५ |
| ८ | राठौर | ४ | १ | | - | - | - | - | - | ५ |
| ९ | केवट | १ | २ | १ | - | - | - | - | - | ४ |
| १० | तेली | १ | १ | - | १ | - | - | - | - | ३ |
| | जम्मा | २४ | १५ | ९ | ८ | ४ | १ | १ | १ | ६३ |

श्रोत :– स्थलगत अध्ययन २०६८

तालिका नं. ५.४ मा वाहुन क्षेत्री जातका महिलाहरूको शैक्षिक अवस्था राम्रो देखिएको छ भने अन्य जातका महिलाहरू को शैक्षिक अवस्था खासै राम्रो मान्न सकिने अवस्था छैन् खासगरी राठौर जात का महिलाहरूको शैक्षिक अवस्था अत्यन्तै दयनिय देखिएको छ । समग्रमा भन्नु पर्दा स्नातक सम्म गरेको ६३ जना महिलामा जम्मा १ जना मात्र त्यो पनि ब्राहमण जाती को महिला मात्र हुनु ले यस क्षेत्र का जनजाती तथा दलित महिला को शैक्षिक स्थिती निकै पिछडीएको पाइन्छ ।

कुनै पनि मानिसको उमेर ले उसको शिक्षामा समेत प्रभाव पारिरहेको हुन्छ । जस्तै सानो उमेर अर्थात कुनै व्यक्ति ९ वर्षको छ भने उसको उमेर को हिसावले शैक्षिक अवस्थाको अध्ययन गर्नका लागी सम्वन्धित क्षेत्रका महिलाहरूको शैक्षिक अवस्था बुझ्नु आवश्यक हुन्छ । समयको उचित मुल्यांकन गर्न अथवा पहिले र अहिलेको शैक्षिक अवस्थाको तुलनात्मक अध्ययनका लागी

समेत यसले मद्धत पुयाउने  हुन्छ । यिनै कुरा को महशुस गरी यस अध्ययन क्षेत्रका मानिसहरूको उमेरगत आधारमा शैक्षिक अवस्थाको विवरणलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ५.५ उमेरगत आधारमा छनौटमा परेका उत्तरदाताहरूको शैक्षिक स्थित

| क्र.स. | उमेर वर्ग बर्षमा | निरक्षर | साधरण लेखपढ | प्रा.वि. | नि.मा.वि | मा.वि. | एस.एल.सी. | उ.मा.वि. | स्नातक | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १५– १९ | – | – | ५ | १ | २ | – | – | – | ८ |
| २ | २०–२४ | १ | – | – | ३ | – | १ | १ | १ | ७ |
| ३ | २५–२९ | ५ | ६ | ३ | ३ | १ | – | – | – | १८ |
| ४ | ३०–३४ | ६ | २ | १ | – | – | – | – | – | ९ |
| ५ | ३५–३९ | ६ | २ | – | – | १ | – | – | – | ९ |
| ६ | ४०–४४ | ४ | ४ | १ | – | – | – | – | – | ९ |
| ७ | ४५–५० | २ | – | – | १ | – | – | – | – | ३ |
|  | जम्मा | २४ | १४ | १० | ८ | ४ | १ | १ | १ | ६३ |

श्रोत :– स्थलगत अध्ययन २०६८

तलिका नं. ५.५ अनुसार २५-३० वर्ष का उत्तरदाताहरू रहेका कुल १८ जना उत्तरदाता रहेका छन् यस वर्गमा ५ जना निरक्षर नै रहेको र साधारण लेखपढ गर्न सक्ने ६ जना रहेको छन् भने माध्यमिक तह सम्म भने जम्मा १ जना रहेको पाइयो त्यसैगरी प्रा.वि तथा नि.मा.वि तह उत्तिर्ण जम्मा ३-३ जना रहेका छन् । त्यसैगरी १५-१९ वर्ष उमेर समुहका महिलाहरूमा भने १ जना पनि निरक्षर र साधारण लेखपढ गर्न सक्ने रहेका छैनन भने उनिहरूको उमेरगत हिसावमा हेर्दा ५ जना प्रा.वि १ जना नि.मा.वि र २ जना माध्यमिक तह उत्तिर्ण गरी कुल ८ जना रहेका छन् । त्यसैगरी २० जना देखि २४ वर्ष उमेर समुहका १ जना २० वर्ष कि महिला निरक्षरको स्थिती मा रहेको पाईयो जुन अहिलेको समयमा २० वर्ष कि महिला निरक्षरको स्थितीमा रहनु भन्ने अत्यन्त दुःखदायी मानीन्छ भने त्यसै उमेर समुहका महिलामा ३ जना नि.मा.वि तह उत्तिर्ण गरेका महिला रहेका छन् भने १,१ जना महिला एस.एल.सी उच्च मा.वि तथा स्नातक तह उत्तिर्ण रहेका छन् भने जति जति उमेर समुह बढदै गएका छन् । त्यती नै शिक्षाको स्तरमा कमी हुदै गएको देखिएको छ । त्यसैगरी यस समाजमा सानै उमेरमा पढ्न पठाउने प्रवृति पनि देखिदैन जसको उदाहरणको

रुपमा १५ देखी १९ वर्ष का महिला ५ जना प्रा.वि तहमा रहेका छन् भने १९ वर्ष सम्म पनि एस.एल.सी पास गर्ने १ जना महिला रहेका छैनन ।

त्यसैगरी महिलाको शैक्षिक अवस्थालाई वैवाहिक स्थिती को आधारमा अध्ययन गर्नको लागी विवाहित अविवाहित विधवा, सम्वन्धविच्छेद भएका तथा छुटै बसेका महिलाहरूको शैक्षिक अवस्थालाई हेरिएको छ । जस मध्ये यस समाजमा विवाहित मध्येका छुटै बसेका महिला २ जना रहेका छन् भने सम्वन्धविच्छेद गरेका १ जना पनि नमुना छनौटमा परेका छैनन । वैवाहिक अवस्थाको आधारमा छनौट भएका उत्तरदाताहरूको शैक्षिक अवस्था निम्नानुसार रहेका छन् ।

तालिका नं. ५.६ वैवाहिक अवस्था आधारमा छनौटमा परेका उत्तरदाताहरूको शैक्षिक स्थिती

| क्र.सं. | वैवाहिक अवस्था | निरक्षर | सा.ले | प्रा.वि. | नि.मा.वि | मा.वि | एस.एल.सी | उ.मा.वि | स्नातक | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | विवाहित | २३ | ११ | ५ | ४ | २ | १ | - | १ | ४७ |
| २ | अविवाहित | | - | ५ | ३ | २ | - | १ | - | ११ |
| ३ | विधुवा | - | ३ | - | - | - | - | - | - | ३ |
| ४ | छुटै वसेका | १ | - | - | १ | - | - | - | - | २ |
| | जम्मा | २४ | १४ | १० | ८ | ४ | १ | १ | १ | ६३ |

श्रोत :– स्थलगत अध्ययन २०६८

तालिका नं. ५.६ अनुसार वैवाहिक अवस्थाको आधारमा यहाँको शैक्षिक अवस्था हेर्ने हो भने विवाहित र विधुवा तथा छुटैबसेको सहित २४ जना निरक्षरको रेखा मुनि रहेका छन् । त्यसैगरी विधवा महिला ३ जना साधरण लेखपढ गरेका छन् भने अन्य सबै विवाहित र अविवाहित महिलाहरू साक्षरताको तहमा रहेको अध्ययनले देखाएको छ । विवाहित अर्न्तगत १ जना र अविवाहित अर्न्तगत ७ जना मात्र हाल अध्ययनरत रहेको तथा वाँकी सवैले पढाई छोडी सकेको अवस्था रहेको छ ।

## ५.२ उत्तरदाताको परिवारको शैक्षिक अवस्था

यस अध्ययन क्षेत्रमा वसोवास गर्ने महिला तथा पुरुषहरूको शैक्षिक अवस्था कस्तो रहेको छ ? र पुरुषको तुलनामा महिलाहरूको कति साक्षर वा निरक्षर छन् भन्ने कुरा अध्ययन गर्नको लागि छनौटमा परेका उत्तरदाताको परिवारहरूको शैक्षिक अवस्था हेरिएको छ । जसमा परिवारको शैक्षिक अवस्था सामान्य किसिमको रहेको छ । पुरुषको तुलनामा महिलाको साक्षरता तथा शैक्षिक अवस्था कमजोर रहेको छ । हुनत यस क्षेत्रको पुरुषको साक्षरता पनि सन्तोषजनक मान्न सकिने अवस्थाको रहेको छैन् । नमुना छनौट भएका परिवारको साक्षरता स्थिती मात्र होइन तहगत रुपमा समेत महिलाको शैक्षिक अवस्था पुरुषको तुलनामा न्युन रहेको देखिन्छ जसलाइ तलको तालिकामा देखाइएको छ । यस क्षेत्रमा अभिभावकले आपना सन्तानलाइ ६ वर्ष भएपछि मात्र समावेश गरिएको छ ।

तालिका नं. ५.७ छनौटमा परेका उत्तरदाताहरूको परिवारका सदस्यहरूको तहगत शैक्षिक अवस्था

| क्र.स | शैक्षिक अवस्था | महिला | प्रतिशत | पुरुष | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | निरक्षर | ४५ | ३४.८८ | २८ | १३.७२ | ७३ | २१.९२ |
| २ | साधारण लेखपढ | ६ | ४.६५ | १४ | ६.८६ | २० | ६.०० |
| ३ | प्राथामीक | ५० | ३८.७५ | ६९ | ३३.८२ | ११९ | ५३.७२ |
| ४ | नि.मा.व | २२ | १७.०५ | ३८ | १८.६२ | ६० | १८.०१ |
| ५ | मा.वि | ४ | ३.१० | ३४ | १६.६६ | ३८ | ११.४१ |
| ६ | एस.एल.सी | – | – | १३ | ६.३७ | १३ | ३.९० |
| ७ | उच्च मा.वि | २ | १.५५ | ३ | १.४७ | ५ | १.५० |
| ८ | स्नातक | – | | ५ | २.४५ | ५ | १.५० |
| | | १२९ | १०० | २०४ | १०० | ३३३ | १०० |

श्रोत :– स्थलगत अध्ययन २०६८

तालीका नं. ५.७ अनुसार नरक्षरको संख्यामा पुरुषको तुलनामा महिलाको अत्याधिक रहेको छ । त्यसैगरी शैक्षिक स्तर बढ्दै जाँदा महिलाको शैक्षिक स्तर घटदै गईरहेको छ भने पुरुषको शैक्षिक स्तर बढ्दै गएको देखिएको छ यसको कारण यस क्षेत्रमा नै नि.मा.वि सम्म मात्र स्कुल भएको कारणले हो यसक्षेत्रमा हाल खुलेका निजी स्कुल मात्र ९ कक्षा सम्म पढाइ संचालन हुने र निजी स्कुलमा पढाउने अवस्था सवै अभिभावक सँग नहुने भएकोले गर्दा हो । त्यसमा पनि सरकारी

माध्यमिक तहमा आफ्ना छोराछोरीलाइ पढ्न पठाउन अभिभावक ले नै रोक लगाउने हुनाले पनि मा.वि तह भन्दा माथी पढ्ने वा पढ्न जानेको संख्या नै अत्याधिक कम रहेको छ । यसवाट के वुझिन्छ भने यस क्षेत्रका मानिसहरूले नि. मा.वि. स्तर सम्म अध्ययन गर्ने र त्यस पछाडी अध्ययन गर्न नै नजाने पाईयो भने त्यही क्षेत्रमा छोरा लाई टाढा भए पनि पढ्न पठाउने गरेको पाईयो ।यस तथ्य अनुसार यस क्षेत्रमा अझै पनि शिक्षाको चेतना नफैलिएको कुरा बुझ्न सकिन्छ ।

त्यसैगरी जातीय समस्याले मानविय जीवनका अन्य क्षेत्रहरूमा झै शिक्षा क्षेत्रमा पनि नराम्रो असर पार्दछ ।त्यसमा पनि दलितहरू र महिलाहरूमा यसको मात्रा बढी नै रहेको छ । जातीगत रुपमा हेर्दा छनौट भएका परिवारको समग्र शैक्षिक स्थिती निम्नानुसार रहेको छ ।

तालिका नं. ५.८ जातीगत आधारमा उत्तरदाताहरूको परिवारका महिला सदस्यहरूको शैक्षिक अवस्था

| क.सं. | शिक्षाको तह | जातजाती | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बाहुन/क्षेत्री | अहिर | कोइरी | थारु | कहार | चमार | बेल्दार | राठौर | केवट | तेली | जम्मा |
| १ | निरक्षर | – | ११ | ९ | ५ | ५ | ३ | २ | ६ | २ | २ | ४५ |
| २ | सा.ले | – | १ | | १ | १ | १ | २ | – | – | – | ६ |
| ३ | प्रा.वि. | – | १२ | ११ | २ | ४ | ४ | ३ | ९ | ४ | १ | ५० |
| ४ | नि.मा.वि. | १ | २ | २ | ५ | ५ | २ | १ | १ | २ | १ | २२ |
| ५ | मा.वि. | १ | १ | – | – | – | १ | १ | – | – | – | ४ |
| ६ | एस.एल.सी | – | – | – | – | – | – | – | – | – | – | – |
| ७ | उ.मा.वि. | २ | – | – | – | – | – | – | – | – | – | २ |
| ८ | स्नातक | – | – | – | – | – | – | – | – | – | – | – |
| | जम्मा | ४ | २७ | २२ | १३ | १५ | ११ | ९ | १६ | ८ | ४ | १२९ |

श्रोत :– स्थलगत अध्ययन २०६८

तालिका नं. ५.९ जातीगत आधारमा उत्तरदाताहरूको परिवारका पुरुष सदस्यहरूको शैक्षिक अवस्था

| क्र.सं. | शिक्षाको तह | जातजाती | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बाहुन/क्षेत्री | अहिर | कोइरी | थारु | कहार | चमार | बेल्दार | राठौर | केवट | तेली | जम्मा |
| १ | निरक्षर | – | ७ | ७ | २ | ३ | २ | २ | २ | ३ | – | २८ |
| २ | सा.ले | – | १ | १ | ५ | १ | | १ | ३ | १ | १ | १४ |
| ३ | प्रा.वि. | २ | ११ | १० | ७ | ७ | ७ | १० | ७ | ३ | ५ | ६९ |
| ४ | नि.मा.वि. | १ | २ | ८ | ७ | ५ | ५ | – | २ | ५ | ३ | ३८ |
| ५ | मा.वि. | १ | ९ | ७ | २ | ४ | १ | ३ | ३ | ३ | १ | ३४ |
| ६ | एस.एल.सी | २ | ३ | १ | – | – | ३ | १ | | १ | २ | १३ |
| ७ | उ.मा.वि. | ३ | – | – | – | – | – | – | – | – | – | ३ |
| ८ | स्नातक | ४ | – | – | १ | – | – | – | – | – | – | ५ |
| | जम्मा | १३ | ३३ | ३४ | २३ | २१ | १८ | १७ | १७ | १६ | १२ | २०४ |

श्रोत :– स्थलगत अध्ययन २०६८

तालिका नं. ५.८ र ५.९ मा जातीगत रुपमा छनौट भएका परिवारको शैक्षिक अवस्था नियाल्ने हो भने बाहुन/क्षेत्री जातका महिलाहरूको शैक्षिक स्थिती अन्य जातका महिलाहरूको भन्दा सुदृढ देखिएको छ । हरेक जातमा पनि पुरुषको तुलनामा महिलाहरूको शैक्षिक अवस्था कमजोर नै रहेको छ । यसबाट प्रष्ट रुपमा के भन्न सकिन्छ भने हरेक जातमा महिला शिक्षाको खासै महत्व नभएको र महिलाहरू पुरुष माथि नै निर्भर भए हुन्छ भन्ने धारणा रहेकोले समेत महिलाको शिक्षा पुरुषको तुलनामा कमजोर रहन पुगेको छ ।

## ५.३ शैक्षिक संस्थाहरू

यस क्षेत्रको विकासमा सहयोग पु¥याउदै आईरहेका शैक्षिक संस्थाहरू श्री उत्तम बालहित निम्न माध्यमिक विद्यालय, सिद्धार्थ ईङ्गिलिश बोर्डिङ्ग स्कुल, रामग्राम ईङ्गिलिश बोर्डिङ्ग स्कुल, मायादेवी रहेका छन् । जस मध्ये श्री उत्तम बालहित निम्न माध्यमिक विद्यालय सरकारी तवरबाट र अन्य स्कुलहरू निजी तवरबाट शिक्षा क्षेत्रमा योगदान पु¥याउदै आएको देखिन्छ । वास्तवमा शिक्षाको विकासमा विद्यालयको भूमिका अत्यन्तै महत्वपूर्ण हुने भएकोले यस क्षेत्रको मानिसले विभिन्न

विद्यालयका संस्थापकहरू सँग समन्वय गरेर अगाडी बढ्नु आजको आवश्यता भएको छ । विशेष गरी लैङ्गिक समानताको अविवाहित लागि महिला शिक्षालाई ध्यानमा राखी शैक्षिक संस्थाहरू संचालन गर्न आवश्यक भएको छ । हाल यस क्षेत्रमा अस्थायी शैक्षिक सेवाका संस्थाहरू संस्थाहरू संचालन रहेका छैनन् । शैक्षिक सत्र २०६८/२०६९ मा यस वडाका विद्यालयहरूमा भएका विद्यार्थी भर्ना र उक्त विद्यालयहरूमा रहेका शिक्षकहरूको संख्या निम्न तालिका अनुसार देखाईएको छ ।

तालिका नं. ५.८ अध्ययन क्षेत्रका विद्यालयगत शिक्षक तथा विद्यार्थी विवरण

| क्र.सं. | विद्यालयको नाम | सञ्चालित कक्षा | शिक्षक संख्या | | | विद्यार्थी संख्या | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | श्री उत्तम बालहित नि.मा.वि. | ७ | ४ | ५ | ९ | २५३ | १२४ | ३७७ |
| २ | मायादेवी ईङ्गिलिश बोर्डिङ्ग | ९ | ५ | १३ | १८ | ११६ | १३५ | २५१ |
| ३ | रामग्राम ईङ्गिलिश बोर्डिङ्ग | ६ | ४ | ६ | १० | ६८ | १५९ | २२७ |
| ४ | सिद्धार्थ ईङ्गिलिश बोर्डिङ्ग | १ | २ | ३ | ५ | ११ | ४३ | ५४ |
| | जम्मा | | १५ | २७ | ४२ | ४४८ | ४६१ | ९०९ |

श्रोत :– स्थलगत अध्ययन २०६८

तालिका नं. ५.८ मा लैङ्गिक समानताको कुरा गर्दा विद्यालयहरूमा पनि महिला र पुरुष बीच पक्षपातको भावना रहेको पाइयो । विद्यालय गई रहेका छात्र छात्राहरूको बीचमा तुलना गर्दा निजी विद्यालयहरूमा छात्रको संख्या बढी र छात्राको संख्या कम रहेको देखिन्छ भने सरकारी स्तरबाट संचालित विद्यालयहरूमा छात्रको तुलनामा छात्राको संख्या बढी रहेको पाइयो । साथै उच्च शिक्षामा महिलाहरूको संलग्नता अत्यन्तै न्युन रहेको छ भने छोरालाई पढ्न बढी प्रोत्साहन गरिन्छ । साथै भनाईमा छोरा र छोरी दुवै बराबर हुन भनिन्छ तर पनि छोरालाई नै महत्व दिएको पाइन्छ । यसबाट के स्पष्ट हुन्छ भने यस क्षेत्रको परिवारमा छोरा र छोरी बीच भेदभाव कायम नै रहेको छ । यसरी यस क्षेत्रका महिलाहरू शिक्षा प्राप्तीको सुनौलो अवसरबाट वञ्चित देखिन्छन् भने केहिले सामान्य शिक्षा मात्र हासिल गरेको पाइन्छ । शोध अध्ययनको क्रममा कतिपय महिलाहरूले उच्च शिक्षाको महत्व नै नबुझेको पाइयो ।

## ५.४ पारीवारिक निर्णयमा उत्तरदाताको भुमिका

हाम्रो समाज पुरुष प्रधान समाज भएको कारणले प्रत्येक घरमा प्रमुख व्यक्ति पुरुष नै हुने र कमाउने प्रमुख दायित्व पनि पुरुषको नै हुन्छ । कमाई पुरुषको हुने भएकाले घरको हरेक कुराको निर्णय गर्ने अधिकार पनि स्वतः पुरुषलाई नै हुने गर्छ । त्यसमा महिलाको भुमिका सहयोगीको रुपमा मात्र हुने गर्दछ ।

धार्मिक रुपमा नेपालमा महिलाको उच्च स्थान रहेता पनि व्यवहारिक रुपमा उनिहरू तल्लो स्थानमा रहेको पाइन्छ । महिलाहरूको शैक्षिक अवस्थाले उनिहरूको निर्णय प्रकृयालाई प्रभावित पारेको हुन्छ । अविवाहित महिलाको निर्णय प्रकृयामा कम अथवा आंशिक सहभागीता हुन्छ भने विवाहित महिलाको बढी सहभागिता रहेको हुन्छ । त्यसैले भन्न सकिन्छ महिलाको शैक्षिक, सामाजिक, आर्थिक अवस्थाले निर्णय दिने अधिकारलाई प्रभाव पारेको हुन्छ । घरमुली पुरुष नभएको अवस्थामा महिलाले निर्णय लिन्छन भने धेरै जसो एकल परिवारमा श्रीमान श्रीमतीले संयुक्त रुपमा पारीवारिक आर्थिक निर्णय गरेका हुन्छन् भने संयुक्त परिवारमा निर्णय प्रकृया खासगरी सासु ससुराको रहेको पाइएको छ ।

तालिका नं. ५.९ परीवारिक निर्णयमा महिलाको भुमिका

| क.स | निर्णयकर्ता | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पुरुष | ३५ | ५५.५५ |
| २ | महिला | ७ | ११.११ |
| ३ | श्रीमान,श्रीमती दुवैको | १० | १५.८७ |
| ४ | आमा/वुवाको | ६ | ९.५२ |
| ५ | सासु/ससुरा | ५ | ७.९३ |
| | जम्मा | ६३ | १०० |

श्रोत :– स्थलगत अध्ययन २०६८

तालीका नं. ५.९ मा अध्ययन क्षेत्रमा घरको घरायसी तथा परीवारिक आर्थिक निर्णयमा धेरै जसो पुरुषको नै निर्णय रहेको देखिएको छ । परीवारिक निर्णय गर्ने जम्मा ११.११ प्रतिशत महिलाहरू रहेका छन् । यि महिलाहरूको घरमा पुरुष नभएको कारणले गर्दा यिनिहरूले आफ्नो स्वविवेकमा निर्णय गर्नु परेको हो । यसरी के भन्न  सकिन्छ भने शिक्षत तथा उच्च शिक्षित महिलाहरूको अहिले समय अनुसार परिवारमा निर्णय गर्ने क्षमताको विकास भएको र उनीहरूको

निर्णयलाई पनि महत्व दिएको पाइयो भने शिक्षा नहुने वा थोरै पढेकालाई यिनिहरूलाई केही पनि आउदैन केही पनि जान्दैनन् भनी अन्य घरमुली सदस्यले होच्याएको देखियो । त्यैले निर्णय गर्ने क्षमतामा महिलाहरूको संलग्नतालाई वृद्धि गर्न शिक्षामा नै जोड दिनु पर्ने देखिएको छ । त्यसैगरी उच्च मध्यम परिवारमा महिलाको सरसल्लाह लिई निर्णय भएको पाइयो भने निम्न स्तरका अशिक्षत परिवारमा भने महिलालाई कुनै महत्व नदिई घरमुलीले आफ्नो निर्णय लागु गरेको देखियो ।

### ५.५ उत्तरदाताको जमिनको माथीको स्वामित्व

हाम्रो समाज पुरुष प्रधान समाज भएको कारणले यहाँको महिलाहरूको जमिन एवं अचल सम्पत्तीमा त्यती हक अधिकार रहेको पाइदैन र रहेकामा जग्गा जमिन आएता पनि छोराको अधिनमा रहेर मात्र आमाको नाममा जग्गा जमिन रहेको पाइन्छ । यहाँको समाजमा पुरुषको तुलनामा महिलाले बढी नै काम गर्दछन् तर त्यती धेरै काम गरेर जे जति कमाए पनि आफ्नै कमाईमा समेत महिलाहरूको नियन्त्रण रहेको देखिदैन । जग्गा जमिन माथीको स्वामित्वले पनि महिला शिक्षालाई प्रभाव पार्ने भएकोले यस शिर्षकमा उत्तरदाताको सम्पत्ती माथी स्वामित्व भए नभएको कुराको विश्लेषण गरिएको छ ।

तालिकानं.५.१० उत्तरदाता महिलाहरूको जग्गा जमिनको स्वामित्व भए नभएको विवरण

| क.स. | जग्गाजमिनको स्वामित्व | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | भएको | ५ | ७.९३ |
| २ | नभएको | ५८ | ९२.०६ |
| | जम्मा | ६३ | १०० |

श्रोत :– स्थलगत अध्ययन २०६८

तालिका नं. ५.१० मा जग्गाजमिनमा स्वामित्व भएका महिलाहरू अत्याधिक कम रहेका छन् । पुरुष सरह कृषि पेशामा संलग्न भएका ३३ जना आर्थीक ५२.३८ प्रतिशत महिलाहरू सँग समेत आपनो स्वामित्वमा जग्गा जमिन रहेको देखिएन । आफ्नो आम्दानी को श्रोत हुदा हुदै पनि महिलाहरू आफ्नो नउमा जग्गा जमिन राख्न असमर्थ छन् । यसको मुख्य कारण शिक्षामा कमि हुनु हो । यो तालिकाले अत्तरदाता मात्र नभएर त्यस क्षेत्रको सम्पुर्ण महिलाहरूको जग्गा जमिन प्रति स्वामित्वलाई समेत अनुमान गर्दा महिलाले कमै मात्र जग्गा जमिन प्रती स्वामित्व कायम गर्न सक्ने

देखिन्छ आपनो सम्पत्तीमा आफु खुसी गर्न पाउने छैन् । केवल देखावटीमा मात्र महिलाको निजी स्वामित्व रहेको छ तर वास्तविक स्वामित्व भने पुरुषको नै देखिन्छ । निजि स्वामित्व भएका उत्तरदाताहरू मध्ये पनि २ जनाले श्रीमान नभएकाले स्वामित्व प्राप्त गरेका छन् । भने ३ जनाको स्वआर्जन भएको ले निजी सम्पती प्राप्त गरेका छन् । जहा शिक्षाको कुनै गुन्जायस छैन् ।

### ५.६ उत्तरदाताको व्यक्तिगत आम्दानी

महिलाले आफ्ना स्वामित्वमा भएको जग्गा जमिनले महिलाको शिक्षालाई असर गरे जस्तै महिलाको आफ्नो आम्दानी ले पनि शिक्षामा प्रभाव पारेको हुन्छ । महिलाको आफ्ना आम्दानीको श्रोत भएमा त्यस महिलाले कसै प्रती पनि भर गर्नु पर्ने अवस्था रहेको हुदैन । उनिहरूले आफ्नो आम्दानी स्वचालीत संचालन गर्न सक्दछन् । यस क्षेत्रमा आम्दानीका स्रोत भएका महिलाले पनि आफ्नो आम्दानी माथी पुर्ण रुपमा स्वमित्व प्रप्त गर्न सकेको देखिदैन । कतिपय महिलाहरू आफ्नो परिवारको आर्थिक अवस्था कै कारण इत्छा हुदा हुदै पनि शिक्षा पाउनवाट वंच्चित रहेका देखिन्छन् । त्यस कारणले पनि महिलाको स्वयं आफ्ना आम्दानी भएमा अरुको मुख ताक्न नपर्ने धारण समेत उत्तरदाताहरूको रहेको छ । त्यसकारण यहाँका महिलाको आफ्नो आम्दानी भए नभएको कुराको विश्लेषणलाइ निम्न तालिकामा देखाइएको छ ।

तालिका नं. ५.११ उत्तरदाता महिलाहरूको आफ्नो आम्दानी भए नभएका विवरण

| क.स. | आम्दानी | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | भएको | ८ | १२.६९ |
| २ | नभएको | ५५ | ८७.३० |
| | जम्मा | ६३ | १०० |

श्रोत :– स्थलगत अध्ययन २०६८

तालिका नं. ५.११ अनुसार आफ्नो आम्दानीको श्रोत नभएको ८७.३० प्रतिशत महिलाहरू रहेका छन् । यि महिलाहरूले आफ्नो आम्दानीको श्रोत नभएको कुरा सहजै स्वीकार गरेका छन् तर यिनै महिला मध्ये ३३ महिलाको पेशा कृषि रहेको देखिएको छ । कतिपय महिलाहरू आफ्ना घर को कृषि कार्य गर्दछन भने गरिव तथा पिछडिएको तल्लो जात का महिलाहरू अर्काको खेतमा समेत कार्य गर्दछन । त्यसै गरी पुर्ण रुपमा गृहिणी भएका महिलाहरूको पनि घरमा बाखा कुखुरा, हासहरू पाल्ने गरेका छन् । तर स्वयं ति महिलाहरूले आफुले काम गरेर पाएको आम्दानी आफुले खर्च गर्दैनन उनीहरूले त्यस आम्दानीलाई घरायसी कार्यमा नै लगानी गर्दछन् तर पनि आफ्नो आम्दानी केही पनि नभएको त्यही महिलाहरू सहजै स्वीकार गर्दछन् । त्यसको कारण महिलाहरूले गरिने घरायसी कार्यको कुनै मुल्य नै नहुने भएकोले हो । त्यसैगरी व्यापार व्यवसाय गर्ने २ जना महिला पनि आफ्नो श्रीमान सँग सँगै विहान देखी वेलुका सम्म खटिएर कार्य गर्दछन् र घरको घरायसी ( पकाउने, लुगा धुने ) कार्य पनि गर्दछन तर उनीहरू पनि आफ्नो आफ्नो आम्दानी नभएको नै ठान्दछन । उनीहरूले आफुले गरेको योगदानको कुनै पनि मुल्य खोजेको देखिदैन त्यसै गरी आम्दानीको श्रोत भएका ८ जना महिलाले पनि आफ्नो आम्दानी आफ्नो लागि मात्र खर्च गरेको देखिदैन ।

यस्तो हुनुमा महिलाको कामको कुनै पनि मुल्य नै नहुनु हो । यहाँको समाजको मुल्य मान्यता संस्कारले गर्दा कुनै पनि जातीका महिलाहरू आफ्नो श्रीमान वा आफ्नो परिवार सँग विरोध गरेर आफ्नो आम्दानी माथी नियन्त्रण गर्न सक्ने अवस्थाका छैनन । उनीहरूको आम्दानीमा समेत पुरुषको नियन्त्रण देखिन्छ । यसको मुख्य कारण पनि शिक्षा वा चेतनाको अभावको कारण हो ।

## अध्याय –छ

## महिला शिक्षालाई प्रभावित गर्ने प्रमुख जिम्मेवार तत्वहरू

नेपाली समाजमा शिक्षामा पुरुष र महिला बीच समानुपातिक अवस्था विद्यमान रहन नसक्नुका मुख्य कारण शिक्षामा गरिने लैङ्गिक विभेद नै हो । समाजमा यस्ता किसिमका विभेदहरू सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक आदी जस्ता तत्वहरूको आडमा गर्ने गरिएको छ, जसले महिला शिक्षालाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभावित गरिरहेका छन् । शिक्षामा हुने महिलाको शुरु सहभागिता देखि लिएर सहभागी भईसकेका महिलाहरूको निरन्तरता सम्म यी तत्वहरूले प्रभाव पारिरहेका हुन्छन् । तिनै तत्वहरू हुन्, जसले विगतमा महिलाको शिक्षा हुने शुरु सहभागीता माथी नियन्त्रण गर्दथे भने वर्तमानमा महिलाको शिक्षामा हुने निरन्तरता माथी तगारो लगाउने काम गरिरहेका छन् । समग्रमा ति विभिन्न तत्वहरूले एक त महिलाको शिक्षामा हुने निरन्तरता माथी नै प्रभावित गरिरहेका हुन्छन् भने अर्को तर्फ शिक्षामा सहभागी भईसकेका महिलाहरूलाई थालेको तह पुरा नगरुन्जेल थामी राख्ने र महिला पुरुष दुवैको उच्च शिक्षा सम्म नै समान पहुँच कायम राख्ने जस्ता महत्वपूर्ण बिषय माथी प्रभावित र नियन्त्रण गरिरहेका हुन्छन् । त्यसैले यस अनुसन्धानमा गरिएका विभिन्न खोजमूलक प्रयासहरूको परिणाम स्वरुप महिला शिक्षालाई प्रभावित गर्ने केहि जिम्मेवार तत्वहरूको पहिचान हुन आएको छ । यसरी प्राप्त हुन आएका महिला शिक्षालाई प्रभावित गर्ने केहि जिम्मेवार तत्वहरूलाई उत्तरदाताहरूले दिएको प्राथमिकता तथा महत्वको आधारमा स्तर निर्धारण गरि सुचिकृत गरिएको छ, जुन तत्वहरू निम्नानुसार रहेका छन् -

### १ चेतनाको अभाव

ग्रामीण बस्तीहरूको बाहुल्यता रहेको नेपाली समाजमा शिक्षा आवश्यक छ भन्ने कुराको चेतना अझै सम्म पनि देशका कुनाकाप्चामा पुग्न सकेको छैन् । शिक्षाले के गर्दछ , यो प्राप्त गर्नु किन आवश्यक छ र जीवनमा यसको महत्व के छ ? आदी जस्ता कुराहरूको जानकारी नहुँदा ग्रामीण क्षेत्रका मानिसहरू अझै शिक्षाको महत्वलाई बुझ्न नसकी अशिक्षाको चपेटामा परेका देखिन्छन् । अनुसन्धानको निमित्त छनौट भएको यो क्षेत्र पनि तिनै ग्रामीण समाज मध्ये एक भएकोले उक्त तथ्यको अपवाद हुन सकेको सक्दैन । विगतका दिनहरूमा महिलालाई पढ्नु र पढाउनु आवश्यक छ भन्ने कुराको चेतना अभिभावक र स्वयं महिलामा पनि हुन नसकेकोले सो समयमा पढ्न जाने चलन नभएको हुदाँ आफु पनि पढ्न जान नसकेको अध्ययनमा संलग्न रहेका

उत्तरदाताहरूको धारणा रहेको पाइन्छ । चेतनाको अभावका कारण अध्ययनको कुनै औचित्य नै नदेख्नुले महिलाहरू पढ्नको निमित्त विद्यालय जान नै नमान्ने समस्या समेत रहेको धारणा उत्तरदाताहरूले राखेका छन् । परिवारमा रहेको चेतनाहिनताको कारण छोरीलाई विवाह गरी अर्काको घरमा पठाउनु पर्ने कारणले महिला शिक्षामा गरेको लगानी उपयोगिता शुन्य रहेको धारणा यहाँका अभिभावकहरू र स्वयं उत्तरदाताको पनि रहेको देखिन्छ । चेतनाको अभावका कारण यहाँको समाजमा महिलाहरू पढाउने चलन विगतमा नहुनाले स्वयं महिलाहरू पनि पढ्न नजाने गरेको देखिन्छ भने वर्तमानमा समाजमा श्रीमान् भन्दा श्रीमतीले कम पढेको हुनु पर्दछ नत्र श्रीमतीको वशमा पर्नु पर्दछ भन्ने मान्यता कायम रहेको उत्तरदाताहरू बताउँछन् । सामान्यतया माध्यमिक शिक्षा लिने बेलामा नै विवाह गरिदिने परिपाटीले र विवाह पछाडि पढाउनु नपर्ने मान्यताले गर्दा माध्यमिक शिक्षा पछि भने वर्तमानमा पनि महिलाहरूको कम संलग्नता रहन गएको देखिन्छ । त्यसैगरी एक जना २० वर्ष उमेर भएकी उत्तरदाता पनि निरक्षरको अवस्थामा रहेकी छिन् उनि स्वयं आफै पढ्न नगएको र अहिले पनि पढ्न रुची नभएको धारणा राखेकी छिन् यसको प्रमुख कारण उनीमा चेतनाको कमिको कारण नै हो भन्न सकिन्छ ।

पेशा पनि चेतनाको एक माध्यमको रुपमा रहेको कुरा माथीको विभिन्न विश्लेषणले देखाएको छ । कृषि पेशामा लागेका अभिभावकहरू भन्दा अनपढ नै भए पनि अन्य पेशामा लागेका अभिभावकको चेतना स्तर केहि माथी रहेको र ग्रामीण क्षेत्रमा भन्दा शहरी क्षेत्रमा बस्ने अभिभावकहरूको चेतना स्तर बढी हुन्छ तर यहाँका अधिकाशं मानिसहरू गाँउमै बस्ने र कृषि पेशा नै अंगालेका हुनाले चेतनाको कमी भई महिला शिक्षालाई बढी नै प्रभावित गरेको कुरा प्राप्त तथ्यहरूले प्रमाणित गरेका छन् ।

माथीको तथ्य विश्लेषणबाट चेतना महिला शिक्षाको निमित्त एक महत्वपूर्ण जिम्मेवार कारक तत्व हो । यसको कारणले विद्यालय उमेरमा विद्यालयमा सहभागि हुन नसके पनि बुझ्ने भए पछि शैक्षिक सहभागिताले देखाएको छ । वास्तवमा चेतनाले महिलाको शिक्षामा हुने शुरु सहभागिता र निरन्तरताको निमित्त महत्वपूर्ण योगदान दिन सक्दछ ।

**२ कार्यबोझ**

कृषि प्रधान देश नेपालका जनताहरूले काममा धेरै नै खट्नुपर्ने बाध्यता रहेको छ । त्यसमा पनि हाम्रो समाजमा पुरुषको तुलनामा महिलाले नै बढी काम गर्नु पर्ने बाध्यत्मक अवस्था छ ।

अनुसन्धानको निमित्त छनौट भएका ६३ परिवारको कार्यबोझ सम्वन्धि अवस्थालाई हेर्ने हो भने पुरुषहरू प्रायः घर बाहिरका काममा संलग्न रहेका हुन्छन भने महिलाहरू घर भित्र र घर बाहिर दुवै तर्फका काममा सहभागि रहेका देखिन्छन् । यसै गरी अनुसन्धानको क्रममा उत्तरदाताहरूलाई घरको घरायसी काम कस्ले बढी गर्छ र किन ? त्यस्तै बच्चाहरूले कुन कुन काममा सघाउछन् ? भन्ने प्रश्नहरू राखिएको थियो, जसमा बुहारी भएको घरमा बुहारीले, बुहारी नभएको घरमा छोरी छ भने छोरीले र यदी छोरी बुहारी छैन भने उत्तरदाता महिला आफैले नै घरको सम्पूर्ण काम गर्ने भन्ने जस्ता सम्पूर्ण महिलाहरूको एकै किसिमको उत्तर दिएका छन् । त्यसमा पनि उत्तरदाताहरू मध्ये २८.५७% महिलाहरू पूर्ण रुपमा गृहिणी रहेका छन् । यिनिहरूको कार्यबोझ अन्य उत्तरदाताहरूको तुलनामा अली कम रहेको छ । त्यसैगरी उत्तरदाता मध्ये ८ जना महिलाहरू विद्यार्थी रहेका छन् । यिनीहरूको भनाईमा पनि स्कुलको समय सकिए पछि घरको घरायसी काम आफुहरूले नै गर्नु पर्ने बाध्यता रहेको छ । त्यसैगरी ब्रांहम्ण परिवारको २ जना महिलाहरू नोकरी गर्छन्, घरको काम बालबच्चा हेर्ने गर्दछन् भने त्यस मध्ये १ जना महिला विद्यार्थी पनि भएकोले उनले कुनै पनि समय आफुलाई फुर्सद नै नहुने बताएकी छिन् । त्यसै गरी कृषि पेशामा संलग्न ३३ जना महिलाहरू कृषि र घरायसी दुवै काममा संलग्न हुने भएकोले कामको बोझ बढी भएको बताएका छन् ।

यसैगरी जातीगत रुपमा हेर्दा प्रायः दलितहरूमा गरीब बढी भएको कारण ब्राहंम्ण जातीका महिलाका तुलनामा दलित जातीका महिलाको कार्यबोझ बढी देखिन्छ । त्यसैगरी राम्रो आर्थिक अवस्था र कृषि वाहेक अन्य आयश्रोत भएका महिलाहरू थोरै समय काम गर्दछन् ।

यस प्रकार कामको बढी बोझको कारणले कतिपय महिलाहरूलाई अध्ययनमा संलग्न हुने मौका नै दिइदैन भने मौका पाएकाहरूलाई पनि विद्यालयबाट छुटाइन्छ । कामधन्दाको कारण विद्यालय नपठाउनु पर्ने पुरुष भन्दा महिलालाई नै रोज्ने परिपाटी रहेको छ । त्यसैगरी विद्यालयबाट नछुटाइएका महिलाहरू पनि परम्परागत घरभित्रका सुसेधन्दा र घरबाहिरका कामको बोझले गर्दा बारम्बार परीक्षामा असफल भई अन्ततोगत्वा अध्ययन नै छोड्न बाध्य भएका छन् । महिलाहरू स्वयं पनि त्यस्तै परिवेशमा आफुहरूलाई ढालेर पुरुषलाई माथिल्लो स्तरमा राखेका छन् ।

### ३ पारीवारिक पृष्ठभूमी

हरेक मानिस कुनै न कुनै परिवारको एक प्रतिनिधी वा सदस्यका रहेकोले उसका बानी, व्यवहार क्रियाकलाप, चालचलन आदी जस्ता कुराहरूमा उ आफु रहे बसेको परिवारको प्रत्यक्ष

प्रभाव रहेको हुन्छ । त्यसैले  पारीवारिक पृष्ठभूमी महिला शिक्षालाई प्रभावित गर्ने कारक तत्वको रुपमा रहेको छ । परिवारका विभिन्न मुल्य मान्यता, प्रथा, प्रचलन, व्यवहार अनि परीवारको आकार र उनीहरूको शैक्षिक अवस्थाको जगमा महिला शिक्षा उभिएको हुन्छ ।

महिला शिक्षालाई प्रभावित गर्ने अझ महत्वपूर्ण तत्व परिवारको शैक्षिक अवस्था वा वातावरण हो । परिवारमा आफु भन्दा ठूला सदस्यहरू शिक्षित छन् भने स्वभाविक  रुपमा त्यस परिवारका महिलाहरू पनि शिक्षित हुन सक्छन् तर आफु भन्दा साना सदस्यहरू शिक्षित भएर खासै कुनै योगदान दिन सक्दैनन् । त्यसैले शैक्षिक सहभागिता अनि त्यसको निरन्तरतामा परिवारको शैक्षिक अवस्थाको ठूलो प्रभाव रहेको हुन्छ । बाबु, आमा वा दाईहरू शिक्षित भएमा बहिनीको र सासु, ससुरा वा श्रीमान् शिक्षित भएमा बुहारीको शैक्षिक अवस्था सबल बन्न सक्दछ । आफ्ना परिवारका महिला सदस्यहरू त्यसमा पनि विशेष गरी छोरीलाई समयमा विद्यालय पठाउने जस्ता कार्यमा समेत परिवारका सदस्यको  शैक्षिक स्तरले प्रभावित पारेको देखिएको छ । जसले पढाउनु पर्ने हो वा जो घरमुली हो उसको नै शैक्षिक अवस्था कमजोर रहेमा त्यस परिवारका सदस्यले पढाईको कुनै महत्व नै देख्दैनन् जसले गर्दा उनीहरूले अध्ययन गर्न आवश्यक नै ठान्दैनन् र आफ्ना परिवारका सदस्यलाई पढ्नै नपठाउने र पठाए पनि चाँडै विद्यालयबाट हटाउने गर्दछन् । यसै कुरालाई प्रमाणीत गर्न यहाँ बाबुआमाको शैक्षिक अवस्था र अविवाहित छोरी (उत्तरदाता)को शैक्षिक अवस्थालाई तुलना गरिएको छ ।

तालिका नं. ६.१ बाबुआमाको शैक्षिक अवस्था र अविवाहित उत्तरदाताहरूको शैक्षिक अवस्था

| क.सं. | अविवाहित उत्तरदाताहरूको शैक्षिक अवस्था | बाबुआमाको शैक्षिक अवस्था | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | दुवै निरक्षर | बुवा प्रा.वि. आमा सा.ले. | बुवा नि.मा.वि आमा निरक्षर | बुवा मा.वि आमा निरक्षर | बुवा मा.वि आमा नि.मा.वि | बुवा उ.मा.वि आमा मा.वि | जम्मा |
| १ | निरक्षर | – | – | – | – | – | – | – |
| २ | सा.लेखपढ | – | – | – | – | – | – | – |
| ३ | प्रा.वि. | ४ | – | – | १ | १ | – | ६ |
| ४ | नि.मा.वि | – | – | २ | – | – | – | २ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | मा.वि. | १ | १ | – | – | – | – | २ |
| ६ | एस.एल.सी. | – | – | – | – | – | – | |
| ७ | उ.मा.वि | – | – | – | – | – | १ | १ |
| ८ | स्नातक | – | – | – | – | – | – | |
| जम्मा | | ५ | १ | २ | १ | १ | १ | ११ |

श्रोत :– स्थलगत अध्ययन २०६८

तालिका नं. ६.१ अनुसार ४ जना उत्तरदाता वाहेक अन्य उत्तरदाताहरू अध्ययनरत हुन् । ४ जना उत्तरदाता महिलाहरू बाबुआमाको शैक्षिक अवस्था कमजोरीको कारणले पढ्न छोडेका छन् भने अध्ययनरत महिलाहरू पनि बाबुआमाको शैक्षिक अवस्था कमजोरीको कारणले ठूलो उमेरमा पनि सानो तहमा अध्ययनरत रहेका छन् । विद्यालयका एक जना शिक्षकका अनुसार कमजोर शैक्षिक अवस्था रहेका बाबुआमाका छोरीहरू भन्दा केहि भएपनि राम्रो शैक्षिक अवस्था रहेका बाबुआमाका छोरीहरू अध्ययनमा तगडा रहेका छन् । यसले बाबुआमाका शैक्षिक अवस्थाले परिवारमा छोरीहरूलाई प्रभाव पारेको देखिन्छ ।

उक्त ११ जना बाहेक अन्य उत्तरदाताहरू विवाहित हुन् यिनिहरूको शैक्षिक अवस्था निजहरूको श्रीमान्को शैक्षिक अवस्था सँग तुलना गर्नु उचित हुन्छ । सामान्यतयाः विवाहको क्रममा पुरुष र महिलाको शैक्षिक अवस्थाको तालमेल गरिएको हुन्छ, जसको कारण जति बढी श्रीमान् शिक्षित हुन्छ त्यती नै श्रीमतिको शैक्षिक स्तर पनि राम्रो हुन्छ । फेरी शिक्षित श्रीमान्ले आफ्नो श्रीमतिलाई पनि शिक्षित बनाउन कोशिस गरिरहेको हुन्छ । त्यसैले परिवारमा श्रीमान्को शैक्षिक अवस्थाले श्रीमतिको शैक्षिक अवस्थामा प्रभावित गर्दछ । यहाँ तलको तालिकामा श्रीमान्को शैक्षिक अवस्था र श्रीमतिको शैक्षिक अवस्था वीच तुलना गरिएको छ ।

तालिका नं. ६.२ श्रीमान्को शैक्षिक अवस्था र विवाहित उत्तरदाताहरूको शैक्षिक अवस्था

श्रोत :– स्थलगत अध्ययन २०६८

| क्र.सं. | श्रीमान्को शैक्षिक अवस्था | श्रीमतीको शैक्षिक अवस्था | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | निरक्षर | साधरण लेखपढ | प्रा.वि. | नि.मा.वि | मा.वि. | एस.एल.सी. | उ.मा.वि | स्नातक | जम्मा |
| १ | निरक्षर | ३ | ३ | – | – | – | – | – | – | ७ |
| २ | सा.लेखपढ | ३ | | १ | – | – | – | – | – | ४ |
| ३ | प्रा.वि. | ५ | ४ | | २ | १ | – | – | – | ११ |
| ४ | नि.मा.वि | ५ | ३ | २ | – | – | – | – | – | ९ |
| ५ | मा.वि. | ७ | १ | २ | १ | – | १ | – | – | ११ |
| ६ | एस.एल.सी. | – | – | – | १ | – | – | – | – | १ |
| ७ | उ.मा.वि | – | – | – | – | – | – | – | १ | १ |
| ८ | स्नातक | – | – | – | | १ | – | – | – | १ |
| | जम्मा | २३ | ११ | ५ | ४ | २ | १ | – | १ | ४७ |

तालिका नं. ६.२ मा जति जति श्रीमान्को शैक्षिक योग्यता माथी गएको छ त्यती नै श्रीमतिको शैक्षिक योग्यता पनि त्यति त्यति माथी उठ्दै गएको देखिएबाट श्रीमान्को शैक्षिक योग्यता श्रीमतीको शैक्षिक स्तरको निमित्त कारक तत्वको रुपमा रहेको छ । त्यसैगरी कतिपय योग्यतामा अझ श्रीमान् भन्दा श्रीमती नै माथी रहेको पनि देखिएको छ । विवाहित एक जना महिला स्नातक सम्म अध्ययनरत छिन् र उनको श्रीमान्ले उनीलाई पढ्न सहयोग गरेका छन् । स्नातक अध्ययनरत महिलाको श्रीमान् उ.मा.वि सम्म योग्यता भएका पनि छन् । परिवारमा शैक्षिक वातावरण नभएको कारण अन्य विवाहित महिलाहरूले हाल पढेका छैनन् ।

**४ विवाह**

विवाह महिला शिक्षालाई प्रभावित गर्ने अर्को महत्वपूर्ण तत्वको रुपमा रहेको छ । यहाँको समाजमा शिक्षालाई केवल विवाहको निमित्त आवश्यक योग्यताको आधारमा समेत लिने गरेको पाइन्छ । छनोटमा परेका ९ जना निरक्षर महिला उत्तरदाताहरूले केवल विवाह गर्नको निमित्त मात्र

पढ्नु पर्ने मान्यता राखेका छन् । बुहारीले पढ्न नहुने मान्यता रहेको यस समाजमा विवाहित महिलाको पढाईलाई महत्व नदिईने भएको कारणले गर्दा पनि विवाह महिला शिक्षालाई प्रभावित गर्ने महत्वपूर्ण तत्वको रुपमा रहेको छ । समग्रमा भन्नु पर्दा विवाहले विगतमा महिला शिक्षाको प्रथम सहभागीता नै प्रभाव पार्ने गरेको भए पनि बर्तमानमा यसले महिला शिक्षाको निरन्तरतामा ठूलो आधात पुऱ्याएको छ ।

यस समाजमा आफ्ना छोराछोरीको सानै उमेरमा विवाह गर्ने प्रचलन रहेको अझ खास गरी २ पटक सम्म विवाह गर्ने प्रचलनले पनि यहाँका अभिभावकहरूमा आर्थिक बोझ समेत बढी देखिन्छ ।

त्यसैगरी छनौटमा परेका ८ जना उत्तरदाताहरूमा आफुहरूले निरन्तर अध्ययन गरिरहेको तर विवाह पश्चात आफ्नो अध्ययन पूर्ण गर्न नसकेको धारणा राखेका छन् । र महिला शिक्षालाई प्रभावित गर्ने प्रमुख तत्वहरू के के हुन् भन्ने प्रश्नको जवाफमा जो महिलाहरू आफुहरू विवाहको कारण पढ्न नसकेको हुदाँ उनीहरूले विवाह नै प्रमुख कारण मानेका छन् ।

यस अध्ययन क्षेत्रमा धेरै जसो मागी विवाहको प्रचलन रहेको छन् । सम्पूर्ण विवाहित उत्तरदाताहरूको मागी विवाह नै भएको छ । तर त्यही समाजमा २ जना छुट्टै बसेका उत्तरदाताहरूको श्रीमान्ले दोश्रो विवाह (प्रेम विवाह) गरेका छन् ।

हाम्रो समाजमा महिलाहरूको विवाह सानो उमेरमा हुने गरेको भए पनि यहाँका उत्तरदाताहरू यसरी चाँडो उमेरमा विवाह गर्ने पक्षमा भने रहेका छैनन् । हुनत शिक्षित महिलाहरूको तुलनामा कम शिक्षित वा अशिक्षित महिलाहरू केही चाँडो उमेरमा विवाह गर्नु पर्ने धारणा राख्दछन् तर प्राप्त तथ्यांकको आधारमा १८ वर्ष भन्दा कम उमेरमा विवाह गर्नुपर्ने अपेक्षा भने कसैको रहेको छैन् । उत्तरदाताहरूका अनुसार विवाह गर्नुपर्ने उपयुक्त उमेर सम्वन्धि धारणालाई यहाँ निम्नानुसार तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ६.३ उत्तरदाताहरूका अनुसार विवाह गर्नुपर्ने उपयुक्त उमेर सम्वन्धि धारणा

| क.सं. | विवाहको लागी उपयुक्त उमेर | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १८ देखि २० वर्ष | १८ | २५.५७ |
| २ | २० देखि २२ वर्ष | ३२ | ५०.७९ |

| | | | |
|---|---|---|---|
| ३ | २२ देखि २४ वर्ष | १० | १५.८७ |
| ४ | २४ देखि २६ वर्ष | ३ | ४.७६ |
| | जम्मा | ६३ | १०० |

श्रोत :– स्थलगत अध्ययन २०६८

तालिका नं. ६.३ मा उत्तरदाताहरूले १८ वर्ष पछि मात्र विवाह गर्नुपर्ने धारणा राखेता पनि वास्तवमा व्यवहारमा यहाँको समाजमा यो लागु देखिदैन् । यस क्षेत्रमा अझै सानो उमेरमा विवाह हुने गरेको यहाँका बुद्धिजिवीहरूको भनाई रहेको छ । यसले गर्दा महिलाको शिक्षामा त ठूलो असर त पारेकै छ नै त्यस वाहेक उनीहरूको धारणा, सोचाई तथा क्रियाकलापमा समेत निकै ठूलो असर पारेको छ । यसरी सानै उमेरमा विवाह हुनाले महिलाहरू छिट्टै गर्भवती भई आफ्नै ज्यान गुमाउन समेत वाध्य भएका छन् । यस वाहेक चाँडो विवाहले महिलाका जीवनका हरेक पक्षहरूमा नकारात्मक प्रभाव पारेको देख्न सकिने हुदाँ वास्तवमा चाँडो विवाहलाई उचित मान्न सकिन्न् ।

**५ आर्थिक अवस्था**

आर्थिक अवस्थाले महिलाको शिक्षण संस्थामा हुने प्रथम सहभागितामा र त्यसको निरन्तरतामा मात्र प्रभाव नपारी शैक्षिक अवसर र सुविधा समेतमा नकारात्मक असर पुऱ्याएको हुन्छ । आर्थिक अवस्था राम्रो भयो भने शिक्षाको माथिल्लो तह सम्म निरन्तर अध्ययन गर्न सक्ने संभावना रहन्छ तर आर्थिक अवस्था कमजोर रहेको छ भने जतिसुकै क्षमतावान र लगनशील व्यक्ति भए पनि माथिल्लो तह सम्म शिक्षा लिनबाट वञ्चित हुनुपर्ने वाध्यता रहेको हुन्छ । गरीवीको कारणले एक त कार्यभार बढ्न गई अध्ययनको संलग्नता र निरन्तरतामा विराम लगाउँछ भने अर्को तर्फ अध्ययनमा संलग्न रहिरहेकाहरू पनि कार्यबोझको कारणले पढ्ने समयको अभावमा अध्ययनमा कमजोर हुन गई बारम्बार परीक्षामा असफल भएको कारणले शैक्षिक अवस्था न्यून हुने मात्र होइन अन्ततोगत्वा अध्ययनकै निरन्तरतामा ठेस लाग्ने गर्दछ ।

जुनसुकै क्षेत्र वा ठाँउका मानिसको जीवन स्तर उनीहरूको आर्थिक अवस्थाले निर्धारण गर्दछ । सोही अनुसार आर्थिक अवस्थाले निर्धारण गरे बमोजिम यस क्षेत्रका मानिसहरूको जीवनस्तर उच्च किसिमको देखिदैन । आर्थिक अभावको कारण अधिकाशं समय काममा लाग्नुपर्ने बाध्यता रहेको यहाँको समाजमा गरीवीले शैक्षिक क्षेत्रलाई पनि नराम्रो प्रभाव पारेको छ । उत्तरदाता मध्ये १० जना महिलाहरू केवल गरीवी कै कारण आफ्नो पढ्ने इच्छा हुदाहुदै पनि अध्ययनमा संलग्न हुन नपाएको

र भएकाले पनि निरन्तरता दिन नसकेको धारणा राखेका छन् । आर्थिक विपन्नताले अन्य जातको तुलनामा दलितहरूलाई बढी मारमा पारेको छ ।

पेशागत रुपमा अनुसन्धानमा छनौट भएका परिवारलाई हेर्दा उनीहरूको प्रमुख पेशा कृषि रहेको देखिन्छ । यहाँ कृषि बाहेक अन्य पेशा गर्ने परिवारमा समेत कृषि पेशालाई पनि अपनाउने गरेको पाइन्छ । पेशागत रुपमा परिवारको आयश्रोतलाई मध्यनजर गर्ने हो भने कृषि भन्दा नोकरी, व्यापार गर्नेहरूको आर्थिक अवस्था बढी सवल देखिन्छ । त्यसैले आयस्था जति बढी हुन्छ शैक्षिक अवस्था पनि त्यती नै राम्रो हुने गरेको कुरा यस अध्ययन क्षेत्रको महिलाहरूको शैक्षिक अवस्था समेतको तथ्यांकले देखाएको छ ।

## ६ समाजमा महिला शिक्षा प्रतिको धारणा

लैङ्गिक विभेदको कारण हरेक क्षेत्रमा पुरुषको तुलनामा महिलाको अवस्था कमजोर रहेको परिवेशमा शिक्षा पनि त्यसको अपवाद हुन सक्दैन एक त महिला शिक्षा प्रतिको नकारात्मक सोचाईले गर्दा उनीहरूको शैक्षिक अवस्था कमजोर रहेको छ भने अर्को तर्फ शिक्षा वाहेकका अन्य क्षेत्रमा गरिएको लैङ्गिक विभेदले महिला शिक्षामा समेत प्रत्यक्ष असर पारेका छ । यहाँ घरभित्रका कामहरू महिलाले मात्र गर्नुपर्ने, चाडो विवाह गरे धर्म हुने, वुहारीले उपेक्षित जीवन विताउनु पर्ने भन्ने जस्ता लैङ्गिक विभेदले महिलाको शिक्षमा नराम्रो प्रभाव पारेको देखिन्छ । संस्थागत रुपमा पितृसत्ताले वर्चस्व कायम गरेको यहाँको समाजमा कुनै काम पुरुषले गरे राम्रो मानिन्छ तर त्यही काम महिलाले गरे नराम्रो मानिन्छ । महिलालाई काम गराउने प्रवृत्तीले पुरुषहरू अझै कठोर बनिरहेका छन् भने यस प्रकृत्ति भन्दा माथी स्वंय महिलाहरू पनि उठ्न सकेका छैनन् ।

तालिका नं. ६.४ समाजमा महिला शिक्षा प्रतिको धारणा

| क.स | धारणा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सकारात्मक | ६ | ९.५२ |
| २ | नकारात्मक | ३२ | ५०.७९ |
| ३ | परिवर्तन हुदैछ | १८ | २८.५७ |
| ४ | थाहा छैन् | ७ | ११.११ |

| | जम्मा | ६३ | १०० |
|---|---|---|---|

श्रोत :– स्थलगत अध्ययन २०६८

तलिका नं. ६.४ मा उत्तरदाताहरूसँग महिलाले शिक्षामा समाजको कस्तो किसिमको धारणा रहेको छ ? प्रश्नको उत्तरमा नकारात्मक रहेको छ भन्ने ५०.७९ प्रतिशत महिला रहेको पाइयो । यिनिहरूको भनाई अनुसार यस समाजमा छोरी वुहारी ले घरको काम नै जान्नु पर्ने त्यसमा पनि खास गरी विवाहित महिलाको हकमा त अझै पनि वुहारी घरमा काम गर्नको निमित्त हो पढनको निमित्त होइन । जसले अव छोरा छोरी को वारेमा सोच्नु पर्ने हुन्छ छोरा छोरी पढाउने बेलामा आफु पढ्न जान सुहाउदैन विवाहित महिला घर छोडेर जान नपाउने संस्कारले गर्दा उसमा व्यवहारिक चिन्ता बढी हुन्छ जसले गर्दा उनीहरू पढ्न नसक्ने हुनाले लगानी निरर्थक हुन जान्छ, त्यसैगरी महिलाको काम लेखपढ गर्नु भन्दा पनि बच्चा जन्माउने उनीहरूको हेरचाह गर्ने तथा घरको काम गर्ने हो पढ्ने होइन, हाम्रो समाजमा वुहारी पढाउने व्यक्ति हासोको पात्र हुन्छ आदी कारण पेश गरेका छन् ।

त्यसैगरी प्रौढ शिक्षामा संलग्न भएका महिलाहरूले समाज विस्तारै परिवर्तन हुदैछ भनेका छन् र ६ जना महिला जुन निरक्षर र साधारण लेखपढ मात्र गरेका छन् जसलाई समाजले महिला प्रति कस्तो व्यवहार गर्दछ वा आफ्नो परिवारमा छोरी, वुहारी, छोरा प्रति कस्तो व्यवहार भएको छ भन्ने बुझ्न सकेका छैनन तिनै महिलाले समाज सकारात्मक रहेको धारण व्यक्त गर्दछन् यिनिहरूको भनाईमा महिला आफै स्वयं जागरुक भएर पढ्न खोजेमा त्यसलाई कसैले रोक्न सक्दैन भन्ने जस्ता कारण देखाएका छन् भने जो पुर्ण रुपमा आफ्नो परिवार माथी निर्भर गर्नु पर्ने जसले सहि र गलत छुट्याउन नसक्ने महिला रहेका छन् तिनिहरू महिलाले समाजको धारणा आफु लाई थाहा नभएको उत्तर दिएका छन् ।

वास्तवमा विवाहित महिलाको शिक्षा प्रति यहाँको समाज नकारात्मक रहेको छ । विवाहित महिलाको शिक्षाका पक्षमा धारणा राख्ने उत्तरदाताहरूको परिवारमा समेत उनीहरूको उत्तर अनुसारको व्यवहार रहेको छैन । त्यसैले विवाहित महिला प्रतिको सामाजिक धारणा महिला शिक्षालाई प्रभावित गर्ने एक महत्वपुर्ण कारक तत्वको रुपमा रहेको छ ।

**७ उत्तरदाताको महिला शिक्षा प्रतिको धारणा**

मानिसले आफ्नो धारणा, मान्यता र सोचाईको आधारमा व्यवहारको प्रर्दशन गर्दछ । तसर्थ महिलाहरूको स्वयं महिला शिक्षा प्रतिको धारणा वा दृष्टिकोणले नै यर्थातमा उसको व्यवहारलाई निर्देशित गरिरहेको हुन्छ । हाम्रो समाजमा महिला शिक्षा प्रतिको धारणा के कस्तो रहेको छ ? भन्ने कुराको जवाफ हरेकको आ-आफ्नै किसिमका रहेका छन् । यसबाट महिला शिक्षा प्रतिको धारणामा शिक्षित र अशिक्षित महिलाहरूको फरक दृष्टिकोण रहेको छ कि छैन ? वा महिला शिक्षा प्रति उत्तरदाताहरू कति सकारात्मक रहेका छन् ? भन्ने कुरालाई बुझ्न सकिन्छ । त्यसैले महिला शिक्षा प्रतिको उत्तरदाताहरूको धारणालाई निम्नानुसार तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका न.६.६ उत्तरदाताहरूको  महिला शिक्षा प्रतिको धारणा

| क.सं. | महिला शिक्षा प्रतिको धारणा | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | आत्म निर्भर बन्न | ११ | १७.४६ |
| २ | आफु लगायत परिवार शिक्षित बनाउन | १६ | २५.३९ |
| ३ | जान्ने बुझ्ने हुन | १७ | २६.९८ |
| ४ | विवाह गर्न | ९ | १४.२८ |
| ५ | पैशा कमाउन | ५ | ७.९३ |
| ६ | आवश्यकता छैन | ५ | ७.९३ |
|  | जम्मा | ६३ | १०० |

श्रोत :– स्थलगत अध्ययन २०६८

महिला शिक्षा सम्बन्धि आफ्नो धारणा राख्ने उत्तरदाताहरूमा महिलालाई शिक्षा दिन आवश्यक छ भन्ने पक्षका शिक्षित उत्तरदाताहरूले जागीर खाई पैसा कमाउन, आत्म निर्भर बन्न, ज्ञान आर्जन गरी आफु लगायत आफ्नो परिवार शिक्षित गराउन, समाजमा आफु शिक्षित भई जनचेतना जगाई अझै अरु महिलालाई पढ्नमा प्रोत्साहन गर्न, अहिले चेलीबेटी बेचविखन एउटा प्रमुख समस्या रहेको हुनाले कुनै पनि अशिक्षित महिला ठगिन वा वेचिनबाट बच्न, परिवारमा पारीवारिक निर्णयमा सहि निर्णय लिन सक्न, समाजमा आफुलाई एक शिक्षित नागरिकको रुपमा चिनाउन, आफुले पढेर हिसाबकिताब राख्न सक्ने भई कुनै पनि व्यवसाय गर्न सक्षम हुन पढ्न पढ्नु पर्ने धारणा राखेका छन् भने निरक्षर वा अशिक्षित महिलाहरूले आफुहरूले विभिन्न कारणले गर्दा पढ्न नसकेको र अहिले केहि पनि कामकुरा गर्न नसकेर दुख पाएकोले आफ्नो जस्ता दुख अव

अगाडीका पुस्ताले नपाउन् त्यसैले सबै महिलाले सके सम्म धेरै पढ्नु पर्ने र महिला शिक्षा अहिलेको समय अनुसार एकदम जरुरी भएको धारणा राखेका छन् ।

त्यसैगरी निरक्षर महिला खास गरी प्रौढ उमेरका महिला उत्तरदाताहरूले आफुहरू अब बुढो भई सकेको, पहिला आफ्नो समयमा महिला शिक्षाको खासै महत्व नभएकोले आफुहरूले नपढेको र अब आफुहरूले पढेर कुनै अर्थ नै नरहेने साथै आवश्यकता पनि नभएकाले अवको भावी पुस्ताका छोरीहरूलाइ शिक्षाको आवश्यकता रहेको धारणा राखेका छन् । यिनीहरूको विचारमा छोरीले राम्रो सँग पढ्न सकेमा राम्रो पढेलेखेको शिक्षित घरमा शिीक्षत केटा सँग विवाह हुन सक्ने र विवाह पश्चात उनीहरूलाई श्रीमान् तथा घर परिवारले राम्रो सँग पाल्ने हुनाले छोरीको भविष्य पनि राम्रो हुने र आमाबुवालाई समेत छोरीको चिन्ता नहुने धारणा राखेका छन् भने महिलालाई पढ्नु आवश्यक छैन भन्ने ५ जना उत्तरदाताहरूले महिला शिक्षाले उसको घरायसी कार्यमा कुनै सहयोग गर्दैन, महिलाले जति पढे पनि उनीहरूको भूमिकामा खासै परिवर्तन हुँदैन, जति पढे पनि उनीहरूले घरधन्दागर्नु, बच्चा जन्माउनु र बच्चाको स्याहार गर्नु परिहाल्छ पढ्को के काम ? लिपपोत गर्न, खाना बनाउन, भाँडा माभ्न पनि पढ्नु पर्छ र ? पढेलेखेका महिलाहरू बढी फूर्ति गर्ने र खर्चालु स्वभावका हुन्छन् । त्यसैले उनीहरूले पढेर केहि फाईदा छैन, भन्ने जस्ता कारण अघि साारेका छन् ।

वास्तवमा महिलालाई शिक्षा दिनु आवश्यक छ भन्ने तर्कहरू उचित मान्न सकिन्छ तर उक्त तर्क अनरुपको व्यवहार भने स्वयं उत्तरदाताको परिवारमा समेत देखिएको छैन । विशेष गरी महिलालाई घर व्यवहारमा मात्र सिमित गर्नुपर्छ भन्ने खालका मान्यता र धारणाले गर्दा उनीहरूको शैक्षिक स्तर माथी उठ्न सकेको छैन । त्यसैले महिला शिक्षा प्रति स्वयं महिलाहरूकै धारणा समेत सकारात्मक हुन सकेको देखिदैन भने यस्तो अवस्थामा महिलाको शैक्षिक स्थिती कसरी सुध्रन सक्ला ?

**८ भौगोलिक अवस्था**

विकासको प्रमुख आधार स्तस्भको रुपमा रहेको शिक्षालाई भौगोलिक विकटताले नराम्रो प्रभाव पारेको छ । त्यसमा पनि महिला प्रतिको पुर्वाग्रहि धारणा रहेको यहाँको समाजमा महिला शिक्षामा यसको प्रभाव अभ्र बढी देख्न सकिन्छ । भौगोलिक विकटताले गर्दा अध्ययन गर्न चाहदा चाहदै पनि अध्ययन संस्थाको दुरता र जाने आउने समस्याले गर्दा शिक्षामा ठुलै अशर गरेको छ

जुन असर पुरुषको तुलनामा महिला शिक्षामा नै बढी देखिन्छ । विद्यालयमा सहभागी हुनुपर्ने निर्धारित उमेरमा विद्यालय जान नसक्ने र सक्ने भए पनि विवाह गरिदिइहाल्ने परिपाटीले एकातिर महिला शिक्षा लाई नकारात्मक प्रभाव पारेको छ भने अर्का तर्फ विवाह नभए पनि जवान महिलालाई टाढा पठाउदा असुरक्षित ठानिने र समाजले समेत नपचाउने हुदाँ पनि महिलाहरू शैक्षिक क्षेत्रमा पछाडी परेका देखिन्छन् । ग्रामीण समुदायमा विद्यालयहरू भर्खर देखी मात्र खुल्न थालेका छन् । जसले गर्दा अली पाको उमेरका पुरुष र महिलाहरू शिक्षाको ज्योतीवाट वन्चित रहेका छन् त्यसमा पनि महिलाको संख्या नै बढी रहेको छ । मध्य उमेरका महिलाहरू पनि नजिक विद्यालय नहुने जस्ता मान्यताले गर्दा अशिक्षत हुन पुगेका छन् । वर्तमान अवस्थामा पनि तोकिएको विद्यालय उमेरमा विद्यालय भर्ना हुन नसक्ने र नजिकमा माध्यमिक शिक्षाको प्रबन्ध नहुदा माध्यमिक शिक्षा भन्दा माथी महिलाहरू शिक्षा क्षेत्रबाट बन्चित हुन पुगेका छन् । उत्तरदाता मध्ये ८ जना अर्थात १२.५९ प्रतिशत महिलाहरू केवल विद्यालय टाढा भए कै कारण आफ्नो पढ्ने इच्छा हुदाहुदै पनि अध्ययनमा संलग्न हुन नपाएको धारणा राखेका छन् । फेरी यहाँ अनौपचारिक शिक्षामा सहभागी हुने ठाँउ समेत टाढा भइदिँदा अपेक्षित सहभागिता देखिदैन ।

### ९ शैक्षिक सुविधाको अभाव

शैक्षिक सुविधा महिला शिक्षालाई प्रभावित गर्ने अर्को महत्वपूर्ण तत्व हो, जसको प्रचुरता हुन सकेमा स्वभाभिक रुपमा सकारात्मक प्रभाव पार्न सक्दछ तर यसको अभावमा महिला शिक्षालाई ठूलो असर पुऱ्याएको देखिन्छ । यस क्षेत्रका सरकारी शैक्षिक संस्थामा निम्न माध्यमिक तह सम्म मात्र पढाई हुने भएकाले पनि यहाँको शैक्षिक अवस्था सन्तोषजनक रहेको छैन । त्यसमा पनि शैक्षिक संस्थामा शिक्षण सामाग्रीको यथेष्ट व्यवस्था नहुनुले पनि महिला शिक्षामा ठूलो आघात पुऱ्याउने उत्तरदाताहरूको धारणा रहेको छ । यहाँका विद्यालयहरूमा शैक्षिक सामाग्रीको खासै उपलब्धता रहेको छैन । यहाँका निजी विद्यालयहरू पनि शिक्षा दिएर शिक्षित जनशक्ति तयार पार्ने नभई नाफा कमाउने उद्देश्यले खोलिएका छन् । महँगो विद्यालयमा पढाउन सबै अभिभावकहरूको आर्थिक अवस्थाले नपुग्ने भएकोले पनि महिलाले सुलभ रुपमा शिक्षा आर्जन गर्न समस्या देखिएको छ ।

त्यसैगरी अनौपचारिक शिक्षा औपचारिक शिक्षा झै यहाँ स्थायी रुपमा चलेको छैन जसको अभावले अनौपचारिक शिक्षामा शुरु सहभागिता हुन नपाउने त छदै छ प्रौढ तथा बाल शिक्षा

अर्न्तगत साक्षर भई सकेका अझै अगाडी पढ्न चाहने शिक्षार्थीहरूलाई त्यस भन्दा माथी पढाउने व्यवस्था यहाँ देखिदैन ।

## १० विद्यालय समय

विद्यालय समय महिला शिक्षालाई प्रभावित गर्ने एक अर्को महत्वपूर्ण तत्वको रुपमा रहेको छ । यसले औपचारिक तथा अनौपचारिक दुवै शिक्षा प्रणालीमा हुने महिलाको सहभागिता र निरन्तरतामा ठूलो असर पुऱ्याउँछ ।

अनुसन्धान क्षेत्रमा विद्यालयहरू दिउँसो (१०-४ बजे सम्म), क्याम्पस बिहानमा (त्यो पनि अनुसन्धान क्षेत्र भन्दा ३ कि.मि. टाढा रहेको) र अनौपचारकि कक्षा राती सञ्चालन हुने गरेको देखिन्छ । अध्ययन अध्यापन हुने यो समयको कारण कतिपय महिला अध्ययनमा चाहना हुदाहुदै पनि सहभागिता र सहभागी भएकाहरूले पनि निरन्तरता दिन सकिरहेका छैनन् । यसको कारणले एस.एल.सि. पास भएकी एक जना महिला क्याम्पस पढ्न ईच्छा भएता पनि उनको विवाह पछि सासुससुराले रोक लगाएको बताउछिन् । विवाहित बुहारीको मुख्य गरेर घरायसी काम हुनाले उनिहरू विहान क्याम्पस जान चाहेर पनि भ्याउदैनन् । अर्को तर्फ विहानको क्याम्पसले टाढा घर हुने मानिसलाई पनि समस्या पारेको छ । त्यसैगरी विद्यालयमा सहभागी भएका महिलाहरू पनि फुर्सदमा मात्र विद्यालय जाने हुँदा पढाईमा कमजोर रहेको तथ्य यहाँका विद्यालययमा पढाउने एक जना शिक्षिकाको भनाई रहेको छ ।

प्रौढ शिक्षा बुढाबुढीलाई लक्षित गरी सञ्चालन गरिने गरेको छ । सामान्यतयाः निरक्षर प्रौढ महिलाहरूलाई लक्षित गरी सञ्चालित यस कार्यक्रमले विद्यालय शिक्षामा नसमेटिएका जो कोहीलाई लाभान्वित गर्न सक्दछ तर अध्यया अध्यापनको समयका कारणले यसलाई पनि असर गरेको देखिन्छ । बेलुका र पढाउने मानिसको सुविधायुक्त स्थानमा सञ्चालित यस शिक्षामा रातीको समयमा आउनु जानु पर्ने हुँदा बुढापाकालाई त समस्या पारेकै छ जवान महिलालाई पनि राती आउने जाने समस्या देखिन्छ । राती सञ्चालन हुने यस शिक्षाको अर्को खराव पक्ष के पनि रहेको छ भने दिनभरी काम गरेर थाकेका महिलाहरू एक त राती पढ्न जान सक्दैनन् र गए पनि थकित मस्तिष्कम पढेका कुराहरू खासै बुझ्न सक्दैनन् । त्यसैले यी विभिन्न विश्लेषणको आधारमा अध्ययन अध्यापनको समय पनि महिला शिक्षालाई प्रभावित गर्ने महत्वपूर्ण तत्व रहेको प्रष्ट हुन आउँछ ।

# अध्याय सात

## सारांस र निष्कर्ष

अनुसन्धानको निमित्त चयन गरिएको यस “महिलाहरूको शैक्षिक अवस्थाः एक समाजशास्त्रीय अध्ययन(नवलपरासी जिल्ला, रामग्राम न.पा. वार्ड नं. ७ उजैनीका महिलाहरूको शैक्षिक अवस्था)” नामक विषयमा गरिएको गहन अध्ययन, स्थलगत सर्वेक्षण तथा विभिन्न तथ्यांक, सुचनाहरूको व्याख्या, विश्लेषण र परीक्षणबाट प्राप्त हुन आएका तथ्यहरूको सारांस र निष्कर्ष दिने प्रयास यस अध्यायमा गरिएको छ ।

### १.सारांस

शिक्षित जनशक्ति नै राष्ट्रका अमुल्य सम्पदा र प्रगतीका सम्बाहक हुन् भने शिक्षा सामाजिक परिवर्तन, समाजका मान्यताहरूको संरक्षर र सुधारको बाहक हो । लैङ्गिक समानुपातिक वितरण हुन नसक्दा अपेक्षित परिवर्तन र प्रगती तर्फ समाजले फड्को मार्न सकेको छैन । हाम्रो समाजमा विगत देखि नै कमजोर रहेको महिलाको शैक्षिक अवस्थाका कारण समाज विकासमा तगारो लागेको छ । मुलुकको आधा भन्दा बढी जनसंख्या ओगटेर बसेका महिलाहरूको शैक्षिक अवस्थामा दिनानुदिन सुधार आइरहे पनि वास्तवमा उनिहरूको शैक्षिक अवस्था अत्यन्तै कमजोर रहेको छ भने पुरुष र महिलाको शैक्षिक दुरी समेत निकै टाढा छ । यसको मूल कारण विगतमा महिलावर्गलाई शैक्षिक नीति तर्जुमा नगरिनु नै हो ।

नेपालका सबै क्षेत्रमा महिलाको शैक्षिक अवस्था समान रहेको छैन फेरी सबै क्षेत्रको शैक्षिक अवस्थाको सम्बन्धमा अध्ययन पनि गरिएको छैन त्यसैले महिला शिक्षा सँग सम्बन्धित विविध पक्षहरूको अध्ययन गर्ने उद्देश्यका साथ गरिएको  यस अनुसन्धानमा अध्ययन क्षेत्रका महिलाको शैक्षिक अवस्था बुझ्ने, पुरुष र महिला बीच शैक्षिक स्थितीको तुलना गर्ने, र समाजमा विद्यमान महिलाहरूको शैक्षिक अवस्थामा प्रभाव पार्ने जिम्मेवार तत्वहरूको पहिचान  गर्ने विशिष्ट उद्देश्य रहेको छ ।

नवलपरासी जिल्ला रामग्राम नगरपालिका अर्न्तगत १३ वटा वार्डहरू रहेका छन । तर यो अध्ययन वार्ड नं. ७ (उजैनी) मा केन्द्रित रहेको छ । यस वार्डका सबै घर परिवारलाइ समेट्न नसकिने भएकाले नमुना छनौट गर्दा स्तरीकृत नमुना  छनौट विधि अर्न्तगतको समानुपातिक नमुना

छनौट विधि द्धारा कुल ४१७ घर परिवार मध्ये विभिन्न जातिय समुदायको प्रतिनिधित्व हुने गरी १५ प्रतिशतका दरले नमुना छनौट विधिको प्रयोग गरिएको छ । त्यस पछि प्रत्येक जातजातीको छुट्टाछुट्टै सम्पूर्ण घरधुरीको सुचि साधारण दैविक नमुना छनौट अर्न्तगत गोला प्रथा द्धारा ६३ घरधुरीका महिलालाई उत्तरदाताको रुपमा समेटिएको छ । यस अध्ययनका लागी उत्तरदातामा १५ देखि ५० बर्ष उमेर सम्मका विवाहित, अविवाहित, छुट्टै बसेका तथा विधवा महिलाहरूलाई नमुना छनौट गरिएको छ । अध्ययनका लागी चाहिने प्राथमिक स्रोत अर्न्तगते अर्न्तवार्ता, अवलोकन तथा विशेष व्यक्तिसँगको अर्न्तवार्ता विधि द्धारा आवश्यक तथ्यांक संकलन गरिएको छ । त्यसैगरी द्धितिय स्रोत अर्न्तगत विभिन्न विद्धानका लेख, नगरपालिकाका प्रोफाइलहरू, सम्बन्धित मन्त्रालय विभागबाट प्रकाशित तथ्यांकहरू बाट आवश्यकता अनुसार संकलन गरिएको छ ।

शोध अध्ययनको क्रममा छनौटमा परेको ६३ घरधुरीको जम्मा जनसंख्या ३७२ रहेकोमा पुरुषको जनसंख्या ६१.०२ प्रतिशत र महिलाको ३८.९७ प्रतिशत जनसंख्या रहेको छ । ब्राहम्ण क्षेत्री ७.९३ प्रतिशत, कोइरी १५.८७ प्रतिशत, यादव १५.८७ प्रतिशत, थारु १२.६९ प्रतिशत, कहार ११.११ प्रतिशत, वेल्दार ७.९३ प्रतिशत, हरिजन ९.५२ प्रतिशत, राठौर ७.९३ प्रतिशत, केवट ६.३४ प्रतिशत, गुप्ता ४.७६ प्रतिशत जातजातीहरू रहेका छन् । छनौट परिवारमा महिलाको तुलनामा पुरुष नै घरको प्रमुखको रुपमा रहेका छन् । परिवार प्रमुखमा पुरुष ८८.८८ प्रतिशत र महिला ११.११ प्रतिशत रहेका छन् । यस क्षेत्रका जनताहरू को आर्थिक अवस्था मध्यम वर्गिय रहेको छ । यस क्षेत्रको मुख्य पेशााको रुपमा कृषि रहेको छ । कृषि बाहेक अन्य पेशा गर्ने परिवारमा कृषि पेशालाई दोश्रो पेशाको रुपमा लिएका छन् । यस समाजमा धर्मगत आधारमा हिन्दु धर्म मान्ने मात्र रहेका छन् ।

उत्तरदाताहरूमा ६१.९० प्रतिशत साक्षर र ३८.०९ प्रतिशत निरक्षर महिलाहरू रहेका छन् । अधिकांश साक्षर उत्तरदाताहरू नि.मा.वि. पूर्वको शैक्षिक योग्यता भएका छन् । नि.मा.वि. भन्दा माथीको शैक्षिक योग्यतामा भने एक्कासी ह्रास आएको छ । उत्तरदाताहरूको उमेर बढ्दै जाँदा शिक्षामा कम सहभागिता हुदै गएको छ । अधिकांश ३० जर्ष भन्दा माथीका उत्तरदाताहरू निरक्षर रहेका छन् । १ जना विवाहित महिला मात्र अध्ययनमा संलग्न रहेकी छिन् भने अन्य सबै विवाहित महिलाहरूले अध्ययन छोडी सकेका छन् । त्यसमा पनि अविवाहित महिलाहरू पनि जम्मा ७ जना मात्र अध्ययनरत रहेका छन् । अध्ययनरत सबै उत्तरदाताहरू औपचारिक शिक्षामा संलग्न देखिन्छन् । अनौपचारिक शिक्षामा हाल कोही पनि अध्ययनरत रहेका छैनन् । उत्तरदाताहरू मध्ये ब्राहम्ण क्षेत्री

जातका सबै उत्तरदाता सक्षर रहेका छन् भने थारु जातका १ जना मात्र निरक्षर अरु सबै साक्षर रहेका छन् भने कोइरी यादव राठौर हरिजन जातका उत्तरदाताहरू बढी निरक्षर रहेका छन् ।

उत्तरदाताहरूको परिवार तर्फ सम्पूर्ण जनसंख्या मध्ये (०-६ वर्ष भन्दा माथी) ७८.०७ प्रतिशत साक्षर रहेकोमा पुरुष आफ्नो जनसंख्याको ८७.२७ प्रतिशत र महिला ६५.११ प्रतिशत साक्षर देखिन्छन् । उत्तरदाताको परिवारमा अधिक संख्यामा महिलाहरू निरक्षर रहेका छन् भने पुरुषले प्रा.वि. तह पुरा गरेको अवस्था रहेको छ । उत्तरदाताको परिवारमा महिलाको नि.मा.वि. तह सम्मको शैक्षिक अवस्था सन्तोषजनक नै रहे पनि सो माथीको योग्यतामा भने महिलाको अत्यन्तै न्युन सहभागिता रहेको छ । उत्तरदाताको परिवारमा प्रायः गरी २५ वर्ष पछि एउटै महिला पनि अध्ययनमा सहभागी छैनन् ।

त्यस वार्डको विभिन्न विद्यालयहरूका गरेको अध्ययनबाट त्यस क्षेत्रका अभिभावकहरूले छोरा र छोरी वीच भेदभाव गरेको  देखिन्छ । सरकारी विद्यालयमा छात्राको संख्याबढी र निजी विद्यालयमा छात्रको संख्या बढी रहनुले पनि यस कुराको पुष्टि गर्दछ ।

यस क्षेत्रका परिवारको पारिवारीक निर्णयमा निर्णय गर्ने अधिकार पुरुषमा नै रहेको देखिएको छ । यस क्षेत्रका महिलाहरूको आफ्नो निजी जग्गाजमिन ७.९३  प्रतिशत र आम्दानीको श्रोत १२.६९ प्रतिशत जुन अत्यधिक कम मात्र रहेको देखिएको छ ।

यहाँको समाजमा महिलाको शैक्षिक अवस्था कमजोर रहनुको कारण समाजमा विद्यमान विभिन्न सामाजिक, आर्थिक, भौगोलिक, राजनीतिक आदी जस्ता तवहरूको आडमा लैङ्गिक विभेद गरिनु नै हो भन्ने कुरा अनुसन्धानबाट पत्ता लाग्न आएको छ ।

महिला शिक्षालाई प्रभावित गर्ने प्रमुख तत्व चेतनाको कमि हो । चेतनाको कमिको कारण यहाँका अभिभावकले आफ्नो छोरी, बुहारीलाई पढ्नको लागी प्रेरित गर्न सकेका छैनन् । महिलाले पढ्न आवश्यक नै छैन महिलाले जति पढे पनि घरको काम गर्नै पर्दछ भन्ने धारणा राख्ने उत्तरदाताहरू समेत रहेका छन् । छोराको लागी आर्थिक लगानी बढी र प्रतिभाशाली व्यक्तित्व निर्माण गर्ने सोच राखिएको यस समाजमा छोरीको लागी भने सामान्य शिक्षा भए पुग्छ भन्ने धारणा रहेको देखिएको छ ।

यहाँको समाजमा घरभित्र र बाहिर दुवै काम महिलाले गर्नुपर्ने बाध्यता त छदै छ त्यसमा पनि छोरीलाई सानै उमेरमा नै काममा लगाईने परिपाटी रहेको छ । पुरुषहरू केवल घर बाहिरको आयमुलक कार्यमा मात्र सहभागी देखिन्छन् । अझ बाहुन क्षेत्रीको तुलनामा अन्य जातका महिलाको कार्यभार बढी देखिन्छ । त्यसैले यहाँका महिलाहरूले धेरै समय काममा खर्च गर्नु परेकाले एक त शिक्षामा सहभागी हुन सक्दैनन् र भइहाले पनि निरन्तरता दिन सकेका छैनन् ।

यहाँको समाजमा महिलाको चाँडो विवाह गर्ने र विवाहित बुहारीलाई नपढाइने प्रचलन मात्र रहेको छैन निश्चित योग्यता सम्म विवाहको लागी मात्रै पढाउने प्रचलन समेत रहेको छ । पढ्न पाउनु पर्ने धारण राख्ने महिलाहरू स्वयं विवाहको कारणले अध्ययन छोड्न बाध्य भएका छन् । ६, ७ कक्षा सम्म पढे पछि छोरीको विवाह गरिदिने मानसिकता मौलाएको यहाँको समाजमा त्यो भन्दा माथिल्लो तहमा महिलाको कम पहुँच रहेको छ ।

कमजोर आर्थिक अवस्थाको कारणले गर्दा एक त महिलाहरू अध्ययनमा नै सहभागी हुन जसक्ने र अर्को तर्फ सहभागी भइहाले पनि निरन्तरता दिन नसक्ने कुरा अध्ययनले प्रष्ट पारेको छ । उत्तरदाता मध्ये १५.८७ प्रतिशत महिलाहरू केवल गरिवी कै कारण आफ्नो पढ्ने इच्छा हुदाहुदै पनि अध्ययनमा संलग्न हुन पाएका छैनन् । आर्थिक विपन्नताले यहाँको दलित महिलाहरूको शिक्षामा झनै ठूलो आघात पुऱ्याएको छ । यहाँका परिवारको मुख्य पेशा कृषि भएको र सम्पूर्ण परिवारलाई त्यसले मात्र जिविका धान्न गाह्रो भएको अवस्थामा महिलाको शिक्षामा यसले प्रत्यक्ष प्रभाव पारेको छ ।

विद्यालयको दुरताको कारण कलिलो उमेरमा विद्यालय जान नसक्ने र ठूलो भए पछि विवाह गरिहाल्ने कारणले यहाा महिला शिक्षा प्रभावित भएको छ । जवान महिलालाई टाढा पठाउन नहुने यहाँको सामाजिक मान्यताले पनि महिलाको शिक्षा पछाडी परेको देखिन्छ । उत्तरदाता मध्ये १२.५९ प्रतिशत महिलाहरू केवल विद्यालय टाढा भए कै कारण आफ्नो पढ्ने इच्छा हुदाहुदै पनि अध्ययनमा संलग्न हुन पाएको छैनन् । फेरी यहाँ अनौपचारिक शिक्षामा सहभागी हुने ठाँउ समेत टाढा भइदिँदा अपेक्षित सहभागिता देखिदैन ।

समाजमा महिला शिक्षा प्रतिको नकारात्मक सोचाईले गर्दा उनिहरूको शैक्षिक अवस्था कमजोर रहेको छ भने अर्को तर्फ शिक्षा वाहेकका अन्य क्षेत्रमा गरिएको लैङ्गिक विभेदले महिला शिक्षामा समेत प्रत्यक्ष असर पारेका छ । महिला शिक्षा सम्बन्धि आफ्नो धारणा राख्ने

उत्तरदाताहरूमा महिलालाई शिक्षा दिन आवश्यक छ भन्ने पक्षका शिक्षित उत्तरदाताहरूले जागीर खाई पैसा कमाउन, आत्म निर्भर बन्न, ज्ञान आर्जन गरी आफु लगायत आफ्नो परिवार शिक्षित गराउन, समाजमा आफु शिक्षित भई जनचेतना जगाई अझै अरु महिलालाई पढ्नमा प्रोत्साहन गर्न पढ्नुपर्ने पक्षमा रहेका छन् ।अझ हमत्वपूर्ण कुरा के छ भने पढ्नु पर्छ भन्ने कुरा केवल उत्तरदाताका धारणा मात्र हुन् वास्तविक व्यवहारमा भने यसको खासै गुञ्जायस देखिदैन् ।

मनिस आफु रहेको परिवारको प्रतिनिधी हुने हुँदा उसको पारिवारीक पृष्ठभूमी पनि महिला शिक्षामा प्रभावित गर्ने प्रमुख जिम्मेवार तत्व हो । शिक्षित, सभ्य र सम्पन्न परिवारमा महिलाको शैक्षिक अवस्था राम्रो रहेको नभएर परिवार र स्वयं महिलामा आएको चेतनाले समेत महिला शिक्षालाई  प्रभाव पार्न सकेको देखिन्छ ।

महिलाले पढ्न चाहेको समयमा विद्यालय तथा अन्य शैक्षिक संस्थामा पठनपाठन नहुनाले पनि शिक्षामा महिलाको सहभागिता कम हुने गरेको छ भने उपयुक्त स्थानमा शिक्षण संस्था नहुनु, विद्यालयमा शिक्षकहरूले राम्रो शिक्षा दिन नसक्नु, पाठ्यसामाग्रीको अभाव रहनु जस्ता कारणले पनि महिला शिक्षालाई असर पुऱ्याएको देखिन्छ । देशमा बढ्दो राजनीतिक खिचातानी र स्वार्थका कारण विद्यालयमा पठनपाठन नहुनु, राजनीतिक रुपमा फरक मत राख्ने राम्रै शिक्षकलाई भए पनि अन्यत्र सरुवा गरिनु आदी जस्ता कारणले महिलाको शिक्षामा ठूलो प्रभाव पारेको देखिन्छ ।

## २ निष्कर्ष

बर्तमानमा बदलिँदो युगमा पनि यहाँको समाजमा पुरानै सामाजिक-सांस्कृतिक मुल्य मान्यताले स्थान पाइरहेकाले समाजको उन्नती र प्रगतीमा बाधा उत्पन्न गरिरहेको छ । यहाँको मानिसहरूको मुख्य पेशा कृषि भए पनि आधा भन्दा बढी परिवारलाई आफ्नो कृषि उत्पादनले खान पुगदैन । यहाँका महिलाहरूको सामाजिक-सांस्कृतिक, आर्थिक, राजनीतिक लगायतका हरेक क्षेत्रमा कमजोर र दःखदायी अवस्था रहेको छ । गरिबी, अशिक्षा, र अचेतनाको कारणले यहाँका महिलाहरूको जीवन कष्टकर र दःखदायी रहेको छ यहाँका अधिकाशं महिलाहरूको कुनै आम्दानीको निजी आम्दानी श्रोत रहेको छैन भने निजी आम्दानी हुनेहरूमा पनि सम्पत्ति माथीको नियन्त्रण रहन सकेको छैन ।

यहाँको समग्र शैक्षिक अवस्था सन्तोषजनक रहेको छैन र लैङ्गिक दुरी पनि टाढा नै रहेको छ । साक्षरतामा नै निकै फराकिलो रहेको यो दुरी शिक्षाको तह बढ्दै जाँदा अझै फराकिलो हुदै गएको

देखिन्छ । यहाँका प्रौढ महिलाहरू प्राय निरक्षर रहेका छन् । बर्तमानमा बालिकाहरूको विद्यालयमा सहभागीता बढ्दै गएको र अभिभावकहरू पनि केहि सकारात्मक देखिएता पनि खुद भर्नादर भने बढ्न सकेको छैन् । विद्यालय उमेरका कतिपय महिलाहरू अझै बाहिर नै रहेका छन् र विद्यालयमा भर्ना भएका महिलाहरू पनि सबै परिक्षामा सामेल हुदैनन् र जति सामेल हुन्छन्, त्यती सफल हुदैनन् र जति सफल हुन्छन् ती सबै माथिल्लो कक्षामा भर्ना हुदैनन् । यहाँ शिक्षामा छोरी र बुहारीलाई समान अवसर नदिइनाले विवाहितहरूको तुलनामा अविवाहितको शैक्षिक अवस्था राम्रो देखिन्छ । यहाँको समाजमा बुहारीको शिक्षा महत्व नदिइने कारणले गर्दा जतिसुकै प्रतिभाशाली भएपनि विवाह पश्चात बीचैमा अध्ययन छोड्न महिलाहरू बाध्य छन् । यहाँ प्राय सम्पूर्ण अविवाहित महिलाहरू औपचारिक शिक्षामा सामेल छन् भने विवाहित निरक्षरहरू मात्र अनौपचारिक शिक्षामा सामेल देखिन्छन् । यहाँ अनौपचारिक शिक्षा कार्यक्रमको प्रभावकारी कार्यन्वयन नहुदाँ थुप्रै महिलाहरू साक्षर हुनबाट बञ्चित देखिन्छन् ।

लैङ्गिक रुपमा पूर्वाग्रही रहेको यहाँको समाजमा महिला शिक्षामा हुने शुरु सहभागिता देखि निश्चित तह पूरा नगरुन्जेल सम्म त्यसको निरन्तरता सम्मका कुराहरूलाई प्रत्यक्ष रुपमा प्रभाव पारिरहेको हुन्छ, फलस्वरुप महिलाको शैक्षिक अवस्थामा अपेक्षा गरे अनरुप सुधार हुन सकेको छैन । त्यसैले यस अनुसन्धानबाट पत्ता लागेका महिला शिक्षा माथी प्रभावित गर्ने कारक तत्वहरूमा कलिलो उमेर देखि नै महिलाहरूले घरको काम गर्नुपर्ने बाध्यताले कार्यबोझ बढी भई अध्ययनलाई उचित समय दिन नसक्नु ,चाँडो उमेरमा नै विवाह गर्नु, विवाह पश्चात महिलाको अध्ययनमा ध्यान नदिनु र महिला शिक्षा विवाहको नमित्त मात्र आवश्यक ठानिनु छोराको भन्दा बुहारीको पढाइलाई महत्व नदिनु, बुहारीलाई घरको नोकरको हैसियतमा राख्न खोज्नु,त्यसतै गरेर घरको घरायसी निर्णयहरू पुरुषले नै गर्नु, महिला शिक्षाको निमित्त प्रभावकारी सेवा र सुविधाको अभाव, शैक्षिक सामाग्रीको कमी, विद्यालयको कमी र भएका विद्यालयमा पनि शिक्षकको अभाव रहनु र सवै विद्यालयमा महिला शिक्षिका को व्यवस्था हुन नसक्नु हो ।

समग्रमा यस क्षेत्रका महिलाहरूमा पुरानो पुस्ताका महिलाहरूको सोचमा खासै परिवर्तन नदेखिएता पनि नयाँ पुस्ताका महिलाहरूले भने शिक्षाको महत्व भने बुझेका र सबैका लागी शिक्षा अनिवार्य छ भन्ने भएता पनि लैङ्गिक विभेदका कारण महिलाको शैक्षिक स्तर कमजोर देखिन्छ । यस्तो समस्यालाई समाधान गर्नको लागी यर्थातमा नै पारिवारीक रुपमा आन्तरिक सचेतना हुनु आवश्यक छ ।

# REFERENCES


Acharya, Meena & Bennett, L. (1981)- THE Status of Women in Nepal Vol.ll Field Studies Rural Women of Nepal. CEDA, Tribhuvan University, Kathmandu

Bhasin, Kamala (1993)- What is Patriarchy, Kali for Women, New Delhi, India

Bhushal, Shanti–Educational and Socio–Cultural Status of Nepali Women, Himalayan Journal of Sociology and Anthropology-vol.lllrd

CBS, (2011) – Population Census: Nepal in Figures. Central Bureau of Statistics, Kathmandu, Nepal

CERID (1990) –Educationally Disadvantage Population Groups, Center for Education Research Innovation and Development, Kathmandu, Nepal

CERID (1994) – Status of Female Education in Nepal, A Study Report.

Center for Education Research Innovation and Development, Kathmandu, Nepal

Female Education, Wikipedia, The Free Encyclopedia

http://en.wikipedia.org/wiki/female_education

Haralambos, Michael (2011) – Sociology, Themes and Perspectives. Oxford University Press, Delhi, India.

Luitel, Dr. Samira (2008) - Gender Studies, Academic Book Center,

Kritipur Kathmandu

Luitel, Dr. Samira (2063) –A Reader in Gender Studies, The Human Resources Development and Welfare Council Tribhuvan University

N, Sharmila and A.C. Dhas, (2010) – Development of Women Education in India, Albert Chritopher, THE American College, Madurai.

http://mpra.ub_uni_muenchen.de/20680

Pant, Anna Robinsion (2000)- Why Eat Green Cucumbers at the time of Dying, A Women’s Literacy and Development in Nepal, Institute for Education, Kathmandu: UNESCO.

Ritzer, George (2000) - Morden Sociological Theory New York McGraw Hill Company.

Thapa, Renu (2006) - Gender Discrimination in Education and Its Impact on Women’s Development. Education and Development Vol.22, Kathmandu: CERID.

UNDP (2006) - Nepal Human Development Report, Jagadamba Press, Kathmandu

UNFPA, women empowerment through education 2004

www.unfpa .org/gender/empowerment2.htm

Wazir, Rekha (2000) – The Gender Gap in Basic Education, Sage Publication, New Delhi, India

अर्याल, भोजेन्द्र(२०५९)- लैङ्गिक अध्ययन, समाजशास्त्र प्रकाशन, काठमाण्डौं ।

उपाध्याय जगत (२०६६ ), शिक्षा आयोग प्रतिवेदन विशेषाङ्क, वर्ष ३ अकं १ अनुसन्धनात्मक पत्रिका, नेपाल प्रगतीशिल प्राध्यापक सँगठन केन्द्रिय समीती बल्खु काठमाण्डौं ।

ओझा, घनानाथ (२०६७ ), नेपालमा महिला , पैरवी बुक हाउस, काठमाण्डौं ।

श्रेष्ठ, केदारनाथ (२०३५), लेख - नेपालमा महिलालाई शिक्षामा समान अवसर विकास र व्यवधानहरू ।

चित्रकार, जुलिया (२०६३), लेख - लैङ्गिक समतामुखी शिक्षा विचार र व्यवहार परिवर्तन गर्नु पर्ने क्षेत्रहरू, जनमुखी शिक्षा सरोकार मञ्च-वर्ष ८, अंक-१६ ।

जिल्ला शिक्षा कार्यालय (२०६७), त्रैमासिक शैक्षिक बुलेटिन, नवलपरासी नेपाल ।

दशौं योजना (२०५९-२०६४) र त्रिवर्षीय अन्तरीम योजना(२०६७-२०६९), राष्ट्रिय योजना आयोग ।

नेपालको अन्तरीम संविधान (२०६३) कानुन किताब खाना बबरमहल काठमाण्डौं ।

बराल, तारा (२०६०), लेख - शिक्षामा लैङ्गिक समनता कति संभव, महिला शिक्षा वार्षिक प्रकासन, शिक्षा विभाग/ महिला शिक्षा शाखा भक्तपुर

भट्टराई, ज्ञानेश्वर (२०५२), शिक्षा सेवा दिग्दर्शन, विद्यार्थी पुस्तक भण्डार, काठमाण्डौं ।

युनेस्को (२०००), सबैका लागी शिक्षा, कार्यन्वयनको लागी डकार कार्यढाचाँ, युनेस्को काठमाण्डौं ।

युनेस्को (२००६), सबैका लागी शिक्षा, गुणस्तरमा जोड- विश्वव्यापी अनुगमन प्रतिवेदन, युनेस्को

युनेस्को (२००९), एसिया प्रशान्त क्षेत्रमा शिक्षामा लैङ्गिकता संजाल (जेनिया साधन सामाग्री) युनेस्को काठमाण्डौं ।

युनेस्को (२०१०), सबैका लागी शिक्षा, सीमान्तकृत सम्मको पहुँच- विश्वव्यापी अनुगमन प्रतिवेदन, युनेस्को काठमाण्डौं ।

रामग्राम नगर दर्पण बुलेटिन वर्ष १ अंक १ २०६७, रामग्राम नगरपालीका कार्यलय, परासी नवलपरासी नेपाल ।

## नवलपरासी, रामग्राम न.पा.वार्ड नं. ७ उजैनी का महिलाहरूको शैक्षिक स्थिती सम्बन्धी सर्वेक्षण प्रश्नावली

१. उत्तरदाताको सामान्य परिचय

१.१ नाम :- ............................................ वर्ष :- ..................................

उमेर :- ....................................... लिङ्ग:- ..................................

शिक्षा :- ...................................... जात :- .................................

वैवाहिक स्थिती :- .............................

१.२ पारिवारीक संरचना

(क) एकल परिवार ☐ (ख) संयुक्त परिवार ☐

१.३ परिवारको सदस्यहरूको विस्तृत विवरण

| क.स. | नाम | उत्तरदाता संगको सम्बन्ध | लिङ्ग | उमेर | बैवाहिक स्थिती | शैक्षिक स्थिती | पेशा | अन्य |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |
| ८ | | | | | | | | |
| ९ | | | | | | | | |
| १० | | | | | | | | |

| क्र.स. | नाम | उत्तरदाता संगको सम्बन्ध | लिङ्ग | उमेर | बैवाहिक स्थिती | शैक्षिक स्थिती | पेशा | अन्य |
|---|---|---|---|---|---|---|---|---|
| | | | महिला..१<br>पुरुष....२ | | विवाहित ......... १<br>अविवाहित........ २<br>छुटै बसेको....... ३<br>पारपाचुके........ ४<br>विधवा............ ५<br>अन्य.............. ६ | निरक्षर................१<br>साधारण लेखपढ......२<br>प्राथमिक...............३<br>निम्नमाध्यमिक.......४<br>माध्यमिक.............५<br>एस. एल. सी.........६<br>उच्चमाध्यमिक........७<br>स्नातक.................८<br>स्नातकोत्तर............९ | कृषि................१<br>व्यापार.............२<br>नोकर..............३<br>मजदुरी............४<br>अन्य................५ | |

## २. शैक्षिक पक्ष

२.१ तपाईले पढ्नु भएको छ कि छैन ?

(क) छ ☐ (ख) छैन ☐

२.२ यदि तपाईले पढ्नु भयो भने कुन शिक्षा पढ्नु भयो ?

(क) औपचारिक शिक्षा ☐ (ख) अनौपचारिक शिक्षा ☐

२.३ यदि तपाईले अनौपचारिक शिक्षा पढ्नु भयो भने कुन स्रोतबाट लिनु भयो ?

(क) प्रौढ शिक्षा कार्यक्रम ☐ (ख) नातेदार ☐

(ग) परिवारका सदस्यबाट ☐ (घ) अन्य .......................

२.४ यदि तपाईले औपचारिक शिक्षा पढ्नु भयो भने कुन तह सम्म पढ्नु भएको छ ?

(क) प्राथमिक ☐ (ख) निम्न माध्यमिक ☐

(ग) माध्यमिक ☐ (घ) उच्च माध्यमिक ☐

(ङ) अन्य ........................

२.५ अहिले तपाई स्कुल पढ्न जानु हुन्छ कि जानुहुन्न ?

(क) जान्छु ☐ (ख) जान्न ☐

२.६ यदि तपाई पढ्न जानुहुन्न भने पढ्न किन छोड्नु भयो वा जानु भएन?

(क) विवाह भएर ☐ (ख) परिवारले नपढाएर ☐

(ग) आर्थिक अवस्था कमजोर भएर ☐ (ग) घरको कामले नभ्याएर ☐

(ङ) अन्य ................................

२.७ यदि तपाई स्कुल पढ्न जानु हुन्छ भने कुन स्कुल पढ्नु हुन्छ ?

(क) सरकारी ☐ (ख) बोर्डीङ्ग ☐

(ग) अन्य .......................

२.८ यदि तपाई स्कुल/कलेज पढ्न जानु हुन्छ भने कसबाट सहयोग पाइराख्नु भएको छ ?

(क) श्रीमान ☐ (ख) आमाबुवा ☐

(ग) सासुससुरा ☐ (घ) अन्य ..........................

२.९ तपाईको परिवारले तपाईलाई पढाउनमा कसरी सहयोग गरिरहनु भएको छ ?

(क) घरको काम गरेर ☐ (ख) पैसा दिएर ☐

(ग) बालबच्चा हेरेर ☐ (घ) अन्य ...................

२.१० तपाईको घरबाट अहिले छोराहरू पढ्न जान्छन् भने उनिहरू कुन स्कुलमा जान्छन् ?

(क) सरकारी ☐ (ख) बोर्डिङ्ग ☐

(ग) अन्य..........................

२.११ तपाईको घरमा छोरा र छोरी विच भेदभाव हुन्छ कि हुदैन ?

(क) हुन्छ ☐ (ख) हुदैन ☐

(ग) अलि अलि हुन्छ ☐

२.१२ तपाईले बच्चाहरूलाई किन स्कुल पठाउनु भएको हो ?

२.१३ तपाईको घरबाट सबै बच्चाहरू एउटै स्कुलमा पढ्छन् कि फरक स्कुलमा ? किन ?

२.१४ बच्चाहरू स्कुल जान मान्छन् कि मान्दैनन् ? किन ?

२.१५ घरको घरायसी काम कस्ले बढी गर्छ ? किन ?

**३. आर्थिक पक्ष**

३.१ तपाईको परिवारको आम्दानीको मुख्य स्रोत के हो ?

३.२ तपाईको परिवारको जम्मा जग्गाजमिन कति छ ? र कसको स्वामित्वमा छ ?

३.३ तपाईको आफ्नो स्वामित्वमा जम्मा जग्गाजमिन छ वा छैन ?

३.४ तपाईको आफ्नो आम्दानीको स्रोत छ कि छैन ? किन ?

३.५ तपाईको आफ्नो आम्दानीमा तपाईको परिवार निर्भर छन् वा छैनन् ?

३.६ तपाईको परिवारमा वच्चाहरूले कमाउनु पर्ने अवस्था छ कि छैन ?

३.७ कुनै काम र खर्च गर्नु पर्दा निर्णय कसले गर्छ ?

३.८ बच्चाहरूले कुन कुन काममा सघाउछन् ?

३.९ परिवारमा शिक्षाको लागी भनेर बचत गर्नु हुन्छ कि हुदैन ? किन ?

४. सामाजिक पक्ष

४.१ यदि तपाई विवाहित भए तपाईको विवाह कुन विवाह हो ?

(क) मागी विवाह ☐ (ख) प्रेम विवाह ☐

(ग) अन्य ..........................

४.२ कुन उमेरलाई तपाई विवाहको सहि उमेर मान्नु हुन्छ ?

४.३ महिलाले शिक्षा पाउनु पर्छ भन्नेमा समाजको कस्तो किसिमको धारणा रहेको छ ?

४.४ तपाईको परिवारमा कसले मुख्य भूमिका निभाएको छ ?

४.५ के तपाईले शिक्षा लिदा लैङ्गिक असमानताको महसुस गर्नु भएको थियो वा थिएन ?

४.६ समाजमा महिलाका लागी मात्र शिक्षा सम्बन्धी चेतनामुलक कार्यक्रम भएका छन् वा छैनन् ?

४.७ समाजमा हुने शैक्षिक गतिविधिमा तपाई सहभागी हुनु भएको छ वा छैन ? यदि छ भने कस्तो कस्तो कार्यक्रममा सहभागी हुनु भएको छ ?

महिला शिक्षाको बारेमा तपाईको आफ्नो राय कस्तो छ ?

तपाईको विचारमा महिलाहरूको शैक्षिक अवस्थामा प्रभाव पार्ने तत्वहरू के के हुन् ?

महिलाको शैक्षिक स्थितीमा सुधार ल्याउनको लागी कस्तो प्रकारको सुझाव दिनुहुन्छ ?